# ‘अनायिका’ उपन्यासको विधातात्त्विक अध्ययन

‘अनायिका’ उपन्यासको विधातात्त्विक अध्ययन विष्णुबहादुर घर्ती २०७२

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनको लागि प्रस्तुत

## शोध पत्र

शोधार्थी

**विष्णु बहादुर घर्ती**

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

२०७२

# शोध निर्देशकको मन्तव्य

प्रस्तुत **अनायिका उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकका शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिका छात्र विष्णुबहादुर घर्तीले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि मेरो निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/५/०६

.................................

**भानु घिमिरे**

प्राध्यापक

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं ।

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

**रत्न राज्यलक्ष्मी क्याम्पस**

प्रदर्शनी मार्ग, काठमाडौं

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिका छात्र विष्णुबहादुर घर्तीले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गर्नु भएको **'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर तहका दृष्टिले उपयुक्त रहेकाले आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

**१. भगवान्चन्द्र उपाध्याय** ..............................................

(विभागीय प्रमुख)

**२. भानु घिमिरे** ..............................................

(शोध निर्देशक)

**३. प्रा.डा. नन्दीश अधिकारी** ..............................................

(बाह्य परीक्षक)

मिति : २०७२/०५/१४

# कृतज्ञताज्ञापन

**'अनायिका' उपन्यासको विधातात्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने क्रममा अमूल्य समय दिई पथ प्रदर्शन गर्नु हुने शोध निर्देशक भानु घिमिरेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्रको शीर्षक स्वीकृत गरी लेखनमा समेत प्रोत्साहित गर्नुहुने विभागीय प्मुख आदरणीय गुरु भगवान चन्द्र उपाध्यायप्रति आभार प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिप्रति म कृतज्ञताज्ञापन गर्दछु । शोधकार्य गर्ने क्रममा महत्त्वपूर्ण सुझाव र सल्लाह प्रदान गरी सहयोग गर्नु हुने राजेन्द्र पराजुलीप्रति आभार व्यक्त गर्दछु । शोधकार्य सुरु गर्नु अघि आवश्यक सुझाव र सल्लाह दिनु हुने मित्र प्रकाश बस्नेत ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । सम्पूर्ण आवश्यक सामग्री छिटो र स्तरीय सङ्कलनका लागि महत्त्वपूर्ण सहयोग आर्थिक व्यवस्थापन गरिदिनु हुने सृजना सुब्बा, पढाईका लागि हौसला र प्रेरणा, समयको व्यवस्थापन गरी दिनु हुने मेरा माता र पिता ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्ने त्रि.वि.केन्द्रीय पुस्तकालय र रत्न राज्यलक्ष्मी क्याम्पस परिवारप्रति धन्यवाद प्रकट गर्दछु । अन्त्यमा शोध कार्यको कम्प्यूटर टाइप गरी पूर्णता प्रदान गरिदिनु हुने युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टर कीर्तिपुरका प्रोपाइटर श्री सुभाष खत्रीप्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा 'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति समक्ष प्रस्तुत गर्दछु ।

समूह : २०६४-२०६५
क्रमाङ्क : ४००००८ (१३४)
त्रि.वि.दर्ता नं. : ६-१-४०-२८५११-९१

..........................
विष्णु बहादुर घर्ती
नेपाली शिक्षण समिति
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं ।

मिति : २०७२/१२/२८

# विषय सूची

पृष्ठ सङ्ख्या

## अध्याय : एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य ८

१.६ अध्ययनको सीमाङ्कन ८

१.७ सामग्री सङ्कलन विधि ९

१.८ शोध विधि ९

१.९ शोधको रूपरेखा ९

अध्याय : दुई

राजेन्द्र पराजुलीको साहित्यिक जीवनी र व्यक्तित्व

२.१ राजेन्द्र पराजुलीको सङ्क्षिप्त जीवनी र व्यक्तित्व १०

२.१.१ जन्म र जन्मस्थान १०

२.१.२ शिक्षादीक्षा १०

२.१.३ जीवन दर्शन ११

२.१.४ साहित्यमा रूचि र प्रेरणा १२

२.२ राजेन्द्र पराजुलीका व्यक्तित्व विभिन्न पाटाहरू १२

२.२.१ निजी व्यक्तित्व र स्वभाव १३

२.२.२ साहित्यिक व्यक्तित्व १३

२.२.२.१ कवि व्यक्तित्व १४

२.२.२.२ कथाकार व्यक्तित्व १५

२.२.२.३ उपन्यासकार व्यक्तित्व १६

२.२.३ समालोचक व्यक्तित्व १७

२.२.४ सम्पादक व्यक्तित्व १७

२.२.५ गैरसाहित्यिक व्यक्तित्व १८
२.२.५.१ शारीरिक तथा निजी व्यक्तित्व १८
२.२.५.२ समाजसेवा वा सामाजिक व्यक्तित्व १९
२.२.५.३ शिक्षक व्यक्तित्व १९
२.२.५.४ अन्य व्यक्तित्व १९
२.३ राजेन्द्र पराजुलीको औपन्यासिक यात्रा २०
२.३.१ पूर्वार्द्ध चरण (२०३९-२०६१) २०
२.३.२ उत्तरार्द्ध चरण (२०६२ देखि हालसम्म) २१
२.४ राजेन्द्र पराजुलीको जीवनी, व्यक्तित्व र उपन्यास लेखन बीचको अन्तर्सम्बन्ध २२
२.५ निष्कर्ष २३

**अध्याय : तिन**

**राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता**

३.१ उपन्यासको उद्भव र परिभाषा २४
३.२ राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता २५
३.३ उपन्यास रचनाका आधारभूत तत्त्वहरू २७
३.३.१ कथानक २८
३.३.२ चरित्र र चरित्र चित्रण २९
३.३.३ सारवस्तु/विचार तत्त्व ३०
३.३.४ परिवेश ३१
३.३.५ दृष्टिविन्दु ३२
३.३.६ भाषा ३३
३.३.७ प्रतीक र विम्ब ३५
३.४ राजेन्द्र पराजुलीको औपन्यासिक प्रवृत्ति ३५
३.४.१ सामाजिक यथार्थवादी प्रस्तुति ३६
३.४.२ मानवतावादी र जीवनवादी चेतना ३६
३.४.३ मनोविश्लेषण ३७
३.४.४ व्यङ्ग्यात्मकता ३८
३.४.५ कारुणिकता ३८

३.५ निष्कर्ष ३९

**अध्याय : चार**

**'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन**

४.१ 'अनायिका' उपन्यासको विश्लेषण ४२
४.१.१ कथानक ४३
४.१.२ उपन्यास अनायिका सङ्क्षेपमा ४३
४.१.३ अनायिका उपन्यासको स्वरूप ४६
४.१.४ द्वन्द्वकालीन समयमा भोग्नु परेको अवस्थाको यथार्थ चित्रण ४७
४.१.५ पारिवारिक समस्याको चित्रण ४९
४.१.६ मानवतावादी-जीवनवादी चेतना ५०
४.१.७ पात्रको यौनमनोविश्लेषण ५२
४.१.८ विकृति-विसङ्गतिप्रति व्यङ्ग्य ५४
४.१.९ कारूणिकता ५५
४.२ पात्र/चरित्र ५६
४.३ सारवस्तु/विचार तत्त्व ५७
४.४ परिवेश ५७
४.५ दृष्टिविन्दु ५८
४.६ भाषाशैली ५८
४.७ प्रतीक/बिम्ब ५९
४.८ निष्कर्ष ५९

**अध्याय : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ उपसंहार ६२
५.२ निष्कर्ष ६५
५.३ भावी कार्यको सम्भावना ६७
**सन्दर्भ सामग्री सूची**
**परिशिष्टहरू**

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| अं. | : | अङ्क |
| अनु. | : | अनुवादक/अनुवादन |
| ई.स. | : | ईश्वी सम्वत् |
| एम.ए. | : | मास्टर्स अफ आर्टस् |
| एस.एल.सी. | : | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| प्रा. | : | प्राध्यापक |
| पृ. | : | पृष्ठ |
| वि.सं. | : | विक्रम सम्वत् |
| सं. | : | संस्करण |
| सम्पा. | : | सम्पादक/सम्पादन |

## अध्याय : एक

# शोध परिचय

### १.१ विषय परिचय

आधुनिक नेपाली साहित्यको उपन्यास विधामा विशेष महत्त्व राख्ने राजेन्द्र पराजुलीको जन्म वि.सं.२०२१ वैशाख १३ गतेका दिन काठमाडौंको कोटेश्वरमा भएको हो । पराजुली, पिता कृष्णप्रसाद र माता शान्ति पराजुलीका कान्छा छोरा छन् । विद्यार्थी कालदेखि नै साहित्य सिर्जनामा लागेका पराजुलीले कथा, कविता, उपन्यास र समालोचना विधामा लेखन गर्दै आएका छन् ।

औपचारिक रूपमा नेपाली विषयमा एम.ए.सम्मको अध्ययन गरेका राजेन्द्र पराजुलीको साहित्यिक यात्राको प्रारम्भ भने ‘खण्डहर घर’ (२०३९) शीर्षकको कविताबाट भएको हो । यसपछि २०४६ देखि हालसम्म लेखिएका साहित्यिक विधातात्विक अध्ययनमा  कथाहरूको सङ्ग्रह ‘विकल्पपात्र’ (२०५०), ‘भ्रष्ट संवेदना’ (२०५६) कविता सङ्ग्रह, ‘जाडोमा भोक’ (२०६२) कथा सङ्ग्रह, ‘अनायिका’ (२०६३) उपन्यास, ‘सपनामा माक्स’ (२०६८) कथा सङ्ग्रह र हाल नागरिक दैनिकमा प्रकाशित पृष्ठ ११, २०७२ वैशाखको शनिवारीय अङ्कमा फुटकर कथा ‘गोस्ट राईटर’ लगायत विभिन्न लेख रचनाहरू प्रकाशित भएका देखिन्छन् । यसै क्रममा सम्बाहक, बन्दना, तन्नेरी, नोबेल, कालचक्र, कविता, प्रसङ्ग, प्रतिनिधि नेपाली कथा र आत्म टिप्पणी, नेपाली नाटक, समकालीन सन्दर्भका साथै, गरिमा, नेपाल समाचारपत्र दैनिक, राजधानी दैनिक, आर्थिक अभियान दैनिक र हाल नागरिक दैनिकको सम्पादन गरेका छन् । आफ्नो साहित्यमा समाजमा बढ्दै गएको विकृति, विसङ्गतिमाथि व्यङ्ग्य गर्दै शोषित, पीडित र उपेक्षित वर्गप्रति सहानुभूति पाइन्छ । तसर्थ पराजुलीमा देश प्रेम, राष्ट्र प्रेम र राष्ट्र भक्तिको भावना र सामाजिक विकृतिप्रति व्यङ्ग्य विद्रोह आदि प्रवृत्तिहरू रहेका छन् ।

सामाजिक तथा राजनीतिक यथार्थतावलाई आधार बनाएर लेखिएको ५ वटा चर्चित विधा वा कृति मध्ये ‘अनायिका’ उपन्यास सामाजिक पृष्ठ भूमिमा दस वर्से जनयुद्धमा मुलुकले भोग्नु परेको दुःख, कष्ट, पीडा, हत्या, हिंसा, बलात्कार, दोहोरो भीडन्त, अपराध, अपहरण, मानव अधिकार हनन् जस्ता यथार्थ घटनाहरूको विषयलाई समेटेर तयार पारिएको ‘अनायिका’ उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

राजेन्द्र पराजुली मूलतः सामाजिक यथार्थता, राजनीतिक, यौन मनोविज्ञान, मानसिक कुण्ठा, दुःख, पीडा, सङ्घर्ष र असन्तुष्टिलाई मुख्य विषय बनाएर आफ्नो कृति उपन्यास लेख्ने प्रखर व्यक्तित्व हुन् त्यसैले 'अनायिका' उपन्यासमा पनि यस्तै विषयलाई उठान गरिएकोले उक्त उपन्यासको केन्द्रियतामा रही अध्ययन गरिएको छ ।

१. साहित्यकार राजेन्द्र पराजुलीको जीवनी व्यक्तित्व के-कस्तो छ ?
२. राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता के-कस्तो छ ?
३. औपन्यासिक रचनाका आधारमा 'अनायिका' उपन्यासको स्वरूप के-कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

मानवतावादी र यथार्थतावादी दृष्टिकोणबाट 'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन र विश्लेषण प्रस्तुत शोधकार्यका लागि निम्नानुसार उद्देश्यहरू निर्धारण गरिएका छन् :

१. राजेन्द्र पराजुलीको जीवनी व्यक्तित्वको परिचय दिनु ।
२. राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता पहिचान गर्नु ।
३. औपन्यासिक रचनाका आधारमा 'अनायिका' उपन्यासको स्वरूपको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार राजेन्द्र पराजुलीका विषयमा गरिएको विश्लेषण वा समीक्षालाई उनको कृति, पुस्तक, पत्रपत्रिकामा प्रकाशित भएको भए तापनि विश्लेषणलाई कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

'विकल्पयात्रा' कथा सङ्ग्रहले साहित्यिक र भाषिक बनोट सरल, सहज र सार्थक सन्देश दिएको छ । यस कथा सङ्ग्रह 'मन संवेदित भएर इन्द्रियमा छेडिन पुगेको अनुभूतिहरूलाई व्यवहारिकताको प्रचलित भाषामा लेखिएको शब्दहरूको बिस्कुन हो' विकल्प यात्रा । राजेन्द्र पराजुलीका कथाहरूमा विविध विषयको प्रयोग भए तापनि कथाहरूमा यौवनका उन्माद, वासना, विसङ्गत जीवनका आरोह, अवरोहहरू बढी भेट्न सकिन्छ । पराजुलीका कथाहरू सरल, सहज एवम् संवेद्य भएकाले साधारण पाठकहरूले पनि सजिलै बुझ्न सक्छन् । भाषिक र शैलीगत न्यूनताको उदीयमान रहेको र नेपाली साहित्यमा 'विकल्पयात्रा' कथासङ्ग्रहले नै राजेन्द्र पराजुलीलाई

स्थापित गराएको छ । रोदन नेपाली साहित्यको युवा हस्ताक्षर पराजुलीको 'विकल्पयात्रा' कथासङ्ग्रह आधुनिक छोटा कथाहरूको सङ्ग्रह हो 'विकल्प यात्रा' कथासङ्ग्रहको स्पर्शात्मक अध्ययन एवम् कथाहरूको विश्लेषण विषयवस्तु, चरित्र, चिन्तन, व्यङ्ग्य, भाषाशैली र परिवेशको आधारमा कथागत प्रवृत्तिहरू औंल्याएको पाइन्छ । 'मनः संवेदित भएर इन्द्रियामा पुगेका अनुभूतिहरूलाई व्यवहारिकताको प्रचलित भाषा लेखिएको शब्दहरूको विस्कुन हो विकल्प यात्रा ।'

'भ्रष्ट समवेदना' कवितासङ्ग्रह मानिसलाई खोज्ने र उसका दुःख र पीडाहरूको स्पर्श गर्ने मानवीय संवेदना उद्घाटन गरिएको भ्रष्ट संवेदनाका कविताहरूले मान्छेको जीवन्ततालाई सुरक्षित राख्नुका साथै जीवनलाई समकालीनताको परिप्रेक्षमा अन्वेषण गर्ने रूचि र नयाँ प्रवृत्ति देखाएको छ ।

'जाडोमा भोक' कथासङ्ग्रह सुन्दर र विचित्र संसारमा बाँचेका मान्छेको संवेदनात्मक ओज नाप्ने थर्मामिटर जस्तो हो । यसलाई मार्क्सवादी दृष्टिकोणले भन्दा फ्रायडवादी दृष्टिकोणले अध्ययन गर्नु जरूरी छ । यस कथासङ्ग्रहमा कथाहरूले परम्परागत शैली र सोचलाई भन्दा नयाँ कथ्यलाई अगाडि बढाउँदै समाजमा व्याप्त विकृति, विसङ्गति र असमानताप्रति व्यङ्ग्य गरिएको छ । युद्धका विभिषिकाबाट उत्पन्न मानवीय सङ्कट, विस्थापनको दारूण कथा आजका मान्छेमा देखिने हार्दिकताको अभाव, मानवीय मूल्यमा ह्रास जस्ता विषयवस्तुहरू सङ्ग्रहमा जताततै पढ्न पाइन्छ ।

'सपनामा मार्क्स' कथासङ्ग्रहका कथाको प्रस्तुति, भाषाशैली, विषयवस्तु र नवीन प्रयोगले गर्दा राजनीतिक परिवेशमा देखा परेको विकृतिलाई सच्चाउने प्रयत्न गरिएको छ । पराजुलीका कथाहरू वा रचनाहरू सबै मानव केन्द्रित छन् र सामाजिक यथार्थसाथ लोकजीवनलाई प्रभावित पार्न सक्ने समकालीन नेपाली कथाको अत्याधुनिक शिल्पशैली र रचनाको मूलपर्वाहमा लेखिनुका साथै विषयगत विविधता र शिल्प शैलीगत विविधताले गर्दा एकरसताबाट मुक्त छन् । पराजुली कथामा वर्तमान समयका पीडा, युद्ध, सत्तामोह, अभाव, विवेकहीन राजनीतिले जन्माएका स्थितिको जीवन्त चित्रण गरिएको छ । यसरी नै पराजुलीको कृतिको अध्ययन गरिन्छ ।

आधुनिक नेपाली साहित्यको उपन्यासको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका राजेन्द्र पराजुलीले हालसम्म ६ वटा कृति प्रकाशित गरेकोमा 'अनायिका' उपन्यास नेपालको सामाजिक पृष्ठभूमिमा दस वर्से द्वन्द्वको समयमा मुलुकले भोग्नु परेको द्वन्द्व-भौतिक र मानसिक द्वन्द्व, राष्ट्र र समाजगत द्वन्द्व-पीडाभित्र केन्द्रित रहेको छ । द्वन्द्व र युद्धको एक दशक समयको यथार्थ ऐन बनेको

छ यो कृति । राष्ट्र, समाज, परिवार र व्याक्तिभित्रका पीडा, वेदना, यातना र विषय परिस्थितिको संयुक्त चित्र बन्न सकेको छ 'अनायिका' । यसरी यथार्थ घटना वेदनामयी रूपमा सहज र सरलीकृत भाषामा प्रस्तुत गरिएको छ ।

देशको विभिन्न घटनाक्रमलाई आधार बनाएर लेखिएको 'अनायिका' उपन्यासमाथि समग्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम हुन सकेको पाइँदैन । यस कृतिका बारेमा जे जति अध्ययन भएको छ केवल परिचयात्मक एवम् टिप्पणीमूलक तथा जानकारीमूलक कुनै एक पक्षको मात्र भेटिएकोले यसको बृहत् अध्ययनमा केन्द्रित रहेको छ ।

केही प्रकाशित पुस्तकहरू तथा पत्रपत्रिकामा पराजुली र उनका कृतिका बारेमा विभिन्न समीक्षकहरूले आंशिक रूपमा विश्लेषण गरेका छन् । यसैगरी राजेन्द्र पराजुलीको औपन्यासिक कृति 'अनायिका' उपन्यासको समीक्षालाई कालक्रमको आधारमा प्रस्तुत गरिएको छ ।

मोहनराज शर्मा (२०५०) ले 'विकल्पयात्रा' कथासङ्ग्रहका विभिन्न कथाहरूमा भूमिकामा अन्तर्क्रियाद्वारा विभिन्न मानवीय अर्न्तसम्बन्धको खोजी देखाएको छ जसमा सरल र छरितो सङ्गालो साहित्यिक र भाषिक बनोट स्पष्टरूपमा रहेको छ भनेका छन् ।

देवी प्रसाद सुवेदी (२०५०) ले **युगसम्वाद**मा प्रकाशित 'विकल्प यात्राका यात्री राजेन्द्र पराजुली' शीर्षकमा पराजुलीका कथाहरूमा विविध विषयको प्रयोग भएता पनि कथाहरूमा यौवनका उन्माद, वासना, विसङ्गत जीवनका आरोह अवरोहहरू बढी भेट्न सकिन्छ । तसर्थ पराजुलीका कथाहरू सरल, सहज एवम् संवेद्य भएको बताएका छन् ।

रामप्रसाद ज्ञवाली (२०५५) ले **प्राविधिक**मा प्रकाशित 'राजेन्द्र पराजुलीका कथाहरूको अध्ययन विश्लेषण एवं मूल्याङ्कन' शीर्षकमा पराजुलीको 'विकल्प यात्रा' कथा सङ्ग्रहको अध्ययन विश्लेषण विषयवस्तु, चरित्र, चिन्तन व्यङ्ग्य, भाषाशैली र परिवेशको आधारमा कथागत प्रवृत्तिहरू औल्याएका छन् ।

ईश्वर बल्लभ (२०५६) ले 'भ्रस्ट संवेदना' कविता सङ्ग्रहको भूमिकामा 'व्योमगामी मन' शीर्षकमा 'भ्रष्ट संवेदना' कविता सङ्ग्रहमा पराजुलीका कविताहरू मानिसलाई खोज्ने र उनका दुःख र पीडा स्पर्श गर्ने कविताहरू भनेका छन् ।

नेत्र एटम् (२०५७) ले **गरिमा**मा प्रकाशित 'भ्रष्ट संवेदना' मा चिन्ता र चिन्तनको समकालीनता' शीर्षकको लेखमा भ्रष्ट संवेदना कविता सङ्ग्रहमा मान्छेको जीवन्ततालाई सुरक्षित राख्नुका साथै जीवनलाई समकालीनताको परिप्रेक्ष्यमा अन्वेषण गर्ने रुचि र नयाँ प्रवृत्ति देखिएको छ भन्ने निष्कर्ष दिएका छन् ।

नयनराज पाण्डे (२०६२) ले 'जाडोमा भोक' कथासङ्ग्रहको भूमिका लेख्ने क्रममा 'बासी चिन्ताबाट मुक्त कथाहरू' शीर्षकमा जुनदिन समकालीन कथाहरूको सही तबरले मूल्याङ्कन र विश्लेषण हुन्छ त्यसदिन पराजुलीका कथाले आफ्नो सम्पूर्ण क्षमताका साथ कथाकथित समालोचकहरूको बिचमा जोडदार हस्तक्षेप गर्ने छभ्ने निष्कर्ष दिएका छन् ।

नगेन्द्रराज रेग्मी (२०६२) ले **गोखापत्र**मा प्रकाशित 'नयाँकृति' स्तम्भ अन्तर्गत 'जाडोमा भोक' कथासङ्ग्रहमा कथाहरूले परम्परागत शैली र सोचलाई भन्दा नयाँ कथ्यलाई बढाउँदै समाजमा व्याप्त विकृति, विसङ्गति र असमानताप्रति, युद्धका विभिषिकाबाट उत्पन्न मानवीय सङ्कट, विस्थापनको स्थिति, हार्दिकताको अभाव, मानवीय मूल्यमा ह्रास जस्ता विषयवस्तुहरूको प्रस्तुत पाउन सकिन्छ ।

अनमोल मणिले कान्तिपुरको **कोसेली साप्ताहिक** परिशिष्टाङ्क (२०६८) मा राजेन्द्र पराजुलीले 'सपनामा मार्क्स' कथासङ्ग्रहमा पहिलो दशकको समयमा नेपाली राजनीतिक विचारमा आएको स्खलन र त्यसको प्रभावलाई केलाउन खोजेको र 'सपनामा मार्क्स' कथासङ्ग्रहको विषय राजनीति केन्द्रीत रहेको भनि बताएका छन् ।

विवश वस्तीले अन्नपूर्ण पोस्टको **शनिवार** परिशिष्टाङ्क (२०६९) मा 'सपनामा मार्क्स' कथासङ्ग्रह कथाकार पराजुलीको कथाकारिताको केन्द्रीय स्वर रानीतिलाई औल्याएका छन् । उनले पराजुलीका कथाहरू वर्तमान मानिसमा रहेको विसंगति, अन्तर्द्वन्द्व, उदासिनता र संवेदनहिनतालाई प्रष्ट्याएका छन् ।

अशोक सिलवाल (२०६४) ले **राजधानी** दैनिकको शनिवारीय पृष्ठमा प्रकाशित 'द्वन्द्व र दर्शन बोल्ने अनायिका' शीर्षकमा राजेन्द्र पराजुलीको उपन्यास 'अनायिका' को चर्चा गरेका छन् । सिलवालले 'अनायिका' द्वन्द्व र साहित्यकर्मी बीचको सम्बन्धलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो भनेर उल्लेख गरेका छन् ।

विप्लव ढकाल (२०६४) ले **गरिमा**मा प्रकाशित 'अनायिकाभित्र डुबुल्की मार्दा' शीर्षकको लेखमा 'अनायिका' उपन्यासमाथि आफ्नो समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् । ढकाल हामी बाँचेको वर्तमानका पीडा र त्रासदीहरूको नग्न सत्यलाई निर्मम ढङ्गले उपन्यासमा प्रस्तुत गर्न सक्ने सफल उपन्यासकारका रूपमा पराजुलीलाई चिन्दछन् । समकालीन चेतनाको अत्यन्तै क्रुर पीडालाई आजको लेखनले कसरी आत्मसात गरेको छ ? औपन्यासिक पात्रहरू कसरी जन्मन्छ ? ती पात्रहरूले भोगेको विपात्त जीवनको जटिलता कस्तो छ ? मूल्यहीन जीवन र निस्सार मृत्युबाट उत्पन्न मानसिक जडता कस्तो छ ? जस्ता प्रश्नहरूको एकमुष्ठ उत्तर (अनायिका) हो भन्ने ढकालको निष्कर्ष छ ।

डा.राकेश रामदयाल (२०६५) ले - **गरिमा**मा असोज अङ्कमा प्रकाशित 'मानव अधिकारवादी उपन्यास-अनायिका' शीर्षकको लेखमा राजेन्द्र पराजुलीको अनायिका उपन्यास मानव अधिकार सम्बन्धी विषयवस्तुमा केन्द्रित रहेको छ भन्दछन् । यसप्रकार कथाकार कविता एवम् उपन्यासकार राजेन्द्र पराजुलीको साहित्यिक कृतिको बारेमो विभिन्न समीक्षकहरूले गरेको समीक्षा र टिप्पणीलाई हेर्दा यो नै आफैमा पूर्ण नभएर एकाङ्ग भएको उनको 'अनायिका' उपन्यासलाई सूक्ष्म रूपमा अध्ययन गरी पात्र विधानको दृष्टिलकोणबाट विवेचनाको आधारमा शोधपत्र राखिएको छ ।

**निष्कर्ष** : हालसम्म राजेन्द्र पराजुलीका साहित्यका विविध पाटाबाट अध्ययन, अनुसन्धान भए पनि उनको साहित्यिक व्यक्तित्व तथा 'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन पूरा हुन नसकेको हुँदा यहाँ 'अनायिका' उपन्यासको अध्ययन गरी मानव अधिकार बाँच्न पाउनु पर्ने सुनिश्चितता र सत्य तथ्यताको खोजी जस्ता विषयमा केन्द्रित रहेर प्रचार प्रसार गर्ने प्रखर प्रयास गरिने छ । उपन्यास भनेको मान्छेका नजिक राखिएको मान्छेकै कुरा हो जुन पढेर पाठकले आफ्नै मनोभाव बुझेर लेखिन्छ र आफ्नै जीवनको प्रतिच्छायाँ छ भनेर आत्मसात् गर्न सक्छ । मूलतः यो कृति विगत दशकभरिको द्वन्द्व-भौतिक र मानसिक द्वन्द्व राष्ट्र र समाजगत द्वन्द्व-पीडाभित्र केन्द्रित रहेको छ । द्वन्द्व र युद्धको एक दशक समयको ऐना बनेको छ यो कृति । राष्ट्र, समाज, परिवार र व्यक्तिभित्रका पीडा, वेदना, यातना र विषय परिस्थितिको संयुक्त चित्र बन्न सकेको छ अनायिका । यही प्रस्तुतिलाई समग्र रूपमा अध्ययन गरिने प्रयत्न वा प्रयास गरिएको छ । प्रस्तुत अनायिका उपन्यासमा पराजुलीले आम पत्रकारिता जगतमा सत्य तथ्य समाचार सम्प्रेषण गर्न समेत अनुरोध गरेका छन् जुन मिडियाले दिइएको 'माला नामकी पूर्वछापामारद्वारा पतिको यादमा आत्महत्या भनेर छापिएको समाचारले प्रष्ट हुन्छ किनकी वास्तविक त्यसो होइन । मालालाई दस वर्से द्वन्द्वमा आफ्नै

पार्टीबाट अपहरण गरी हत्या गरिएको थियो । यो सत्य यथार्थ घटना हो । यही वास्तविकतालाई प्रष्टाउने प्रयास गरिएको छ । मान्छेको बाँच्न पाउने अधिकारको हनन् हुनु हुँदैन भन्ने आभाष दिने प्रयत्न गरिने छ । नेपाल एउटा सानो देश छ । यस्तो सानो देशमा हरेक भाषाभाषी संस्कृति, जातजाति छन् । यसरी मिलेर बसेको समाजमा आफ्नो दुःख, पीडा, कष्ट यथावत छन् जसको समाधान गर्ने क्षमता नेपालीमा छैन तै पनि यस्तो अवस्थामा युद्ध गर्ने युद्धरत, द्वन्द्वरत पक्षबाट अनायस मानवीय अधिकारको हनन् गर्ने दुस्प्रयास भएकोमा उापन्यासकार चिन्तित रहेर यो उपन्यास मार्फत यथार्थ चित्रण प्रस्तुत गर्ने प्रयास गरिएको छ । वास्तवमा नेपालीमा उखान छ 'बाँदरले आफ्नो घर पनि बनाउँदैन र अरुको पनि बनाउन दिँदैन' किनकी नेपालको दस वर्से जनयुद्ध र शान्ति सम्झौता पछिको एक वर्ष गरी एघार वर्षमा देशले पाएको पीडा, दुःख, वेदना र कष्ट लगायत भौतिक संरचनाको ध्वस्तताले देश बीस वर्षपछि धकेलिएको छ जुन यथार्थपरक घटना हामीमा जीवन्त उदाहरण हो । हाम्रो नेपाली समाज बिग्रिएको, विसङ्गतीले डेरा जमाएको छ । सत्य तथ्यताको यथार्थताले सीमा गाडेको हुनाले उपन्यासकारको नजरले सुधार आवश्यक देखेको र समाजले भोगेको भोगाईलाई प्रष्ट पार्ने प्रयास गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

नेपाली साहित्य क्षेत्रमा योगदान दिएका राजेन्द्र पराजुलीको पाँचौ कृति मध्ये 'अनायिका' चर्चित उपन्यास हो । यस उपन्यासमा मान्छेको यही बाँच्न पाउने अधिकारप्रतिको सम्मान नै अनायिकाको पहिलो र अन्तिम निष्कर्ष हो । यस उपन्यासमा नेपालीको दस वर्से द्वन्द्वको समयमा मुलुकले भोग्नु परेको दुःखद घटनाको वास्तविकता, अमानवीय व्यवहार, समाजमा घटिरहेका घटना, अन्याय र अत्याचारलाई पराजुलीले उपन्यासमा उठाएका छन् । नेपालको राष्ट्रियताका सम्बन्धमा 'अनायिका' उपन्यासमा व्यक्त गरेका राजेन्द्र पराजुलीको साहित्यिक व्यक्तित्व र 'अनायिका' उपन्यासको औपन्यासिक तत्त्वका आधारमा मूल्याङ्कन गरिएको छ ।

नेपाली साहित्यको औपन्यासिक क्षेत्रमा 'अनायिका' उपन्यासले पारेको प्रभाव अध्ययन गर्न चाहने अध्येताका लागि प्रेरणादायी बन्ने भएकाले प्रस्तुत शोधपत्र महत्त्वपूर्ण छ र नेपाली साहित्य अनुसन्धानका क्षेत्रमा पनि प्रस्तुत शोधपत्रले टेवा पुऱ्याउने छ । यिनै विविध दृष्टिकोणबाट प्रस्तुत शोधपत्र औचित्यपूर्ण र सान्दर्भिक हुनेछ जसका कारण यस उपन्यासले मानवको बाँच्न पाउने अधिकारको सुनिश्चिता प्रदान गर्नेछ ।

## १.६ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यका उपन्यास, कविता, समालोचना, सम्पदान र कथासङ्ग्रहको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिरहेका राजेन्द्र पराजुली समसामयिक साहित्य क्षेत्रमा एक लिडर सक्षम सशक्त प्रतिभाको रूपमा चिनिन्छन् । राजेन्द्र पराजुलीका अहिलेसम्म ५ वटा साहित्यिक कृतिहरू प्रकाशनमा अनायिका उपन्यासको मात्र अध्ययन गरिएको छ । उनको 'जीवन व्यक्तित्व र साहित्य', 'जाडोमा भोक कथासङ्ग्रह' को मात्र शोधपत्र तयार गरिएको छ भने अब तेस्रो शोधपत्रको रूपमा 'अनायिका' उपन्यासको कृतिलाई बृहत् रूपमा प्रस्तुत गरिएको छ । यसको मूल्याङ्कन एवम् अध्ययन गर्ने क्रममा आवश्यकताअनुसार अन्य उपन्यास साहित्यिक व्यक्तित्व र विभिन्न रचनाधर्मिताको अध्ययनको विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको लागि तयारी गर्दा पुस्तक र पत्रपत्रिकाको लेख रचना र साहित्यको अध्ययन बढी गरिएको हुँदा सामग्रीहरूको सङ्कलन गर्ने क्रममा मूलतः पुस्तकालय विधि र आवश्यकताअनुसार अन्तर्वार्ता तथा प्रश्नावलीको माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । शोधकार्यमा सम्बन्धित व्यक्ति, उनका आफन्तहरू विशेषज्ञ, प्राध्यापक, समालोचकलाई प्रत्यक्ष भेटघाट गरी उपन्यासलाई प्रष्टाउने गरी प्रयास गरिएको छ ।

## १.८ शोध विधि

उपन्यासकार राजेन्द्र पराजुलीको उपन्यास 'अनायिका' को अध्ययन गर्ने क्रममा अध्ययन विधि मूलतः प्राथमिक र सहायक स्रोतका आधारमा वर्णनात्मक र विश्लेषणात्मक एवम् तुलनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधको रूपरेखा

प्रस्तुत उपन्यासको शोधपत्रको संरचनालाई सुसङ्गतिपूर्ण र व्यवस्थित रूपमा प्रस्तुत गर्ने पाँच अध्यायमा विभाजन गरिएको छ । साथै आवश्यकताअनुसार अध्ययन कार्यको सरलताका लागि विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

पहिलो अध्याय : शोधपत्रको परिचय

दोस्रो अध्याय : राजेन्द्र पराजुलीको साहित्यिक जीवनी र व्यक्तित्व

तेस्रो अध्याय : राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता

चौथो अध्याय : 'अनायिका' उपन्यासको विश्लेषण

पाँचौं अध्याय : उपसंहार र निष्कर्ष

## अध्याय : दुई

# राजेन्द्र पराजुलीको साहित्यिक जीवनी र व्यक्तित्व

### २.१ राजेन्द्र पराजुलीको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

कुनै पनि व्यक्तिको जीवन भोगाईको क्रमलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नुलाई जीवनी भनिन्छ । जीवनी अध्ययनमा तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्दछ । प्रस्तुत राजेन्द्र पराजुलीको सङ्क्षिप्त जीवनी र व्यक्तित्वमा पराजुलीको जन्म र जन्म स्थल, शिक्षादीक्षा, जीवन दर्शन, रूचि र प्रेरणाका विविध पाटाहरूको चर्चा गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

राजेन्द्र पराजुलीको जन्म वि.सं.२०२१ वैशाख १३ गतेका दिन काठमाडौं जिल्लाको कोटेश्वरमा भएको हो । पिता कृष्णप्रसाद र माता शान्ति पराजुलीको कोखबाट पाँचौं सुपत्रका रूपमा राजेन्द्र पराजुलीको जन्म भएको थियो । न्वारनको नाम रत्नप्रसाद पराजुली राखिएको भए तापनि साहित्य तथा अन्य क्षेत्रमा राजेन्द्र पराजुलीको नामबाट नै प्रचलित कथाकार, साहित्यकार, कवि र उपन्यासकारका रूपमा चिनिन्छन् ।

### २.१.२ शिक्षादीक्षा

साहित्यिकार राजेन्द्र पराजुलीको अक्षराम्भ आफ्नै घर काठमाडौंबाट चार वर्षको उमेरमा सिनामंगलस्थित गुहेयश्वरी निम्न माध्यमिक विद्यालयमा कक्षा एकमा भर्ना भई स्कुले जीवन सुरु गरे । राजेन्द्र पराजुली एकान्त प्रेमी र अन्तर्मुखी स्वभाव भएकाले स्कुले जीवनमा उनका थोरै साथीहरू थिए र विपरीत लिङ्गी साथीहरूसँग डराउनुका साथै उनीहरूलाई देख्न साथ भाग्ने र बोल्नै परेमा पनि कुरा छोट्याउने गरेको विवरण व्यक्त गर्दछन् ।

शिक्षा अध्ययनको क्रममा वि.सं.२०३९ सालमा एस.एल.सी. उत्तीर्ण गरे पश्चात् उनी नेपाल कमर्श क्याम्पस मिनभवनमा व्यवस्थापन सङ्कायमा अध्ययन गर्न पुगे । साहित्यप्रतिको झुकाव र पत्रपत्रिकाको लेखनमा तानिएका पराजुलीले पछि मानविकी सङ्कायमा प्रवेश गरेर नेपाली विषयमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तको अध्ययनका साथै विभिन्न साहित्य तथा समसामयिक पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययन आफ्नो लेखनकलासँगै

अगाडि बढिरहेको छ । पराजुलीले आफ्नो सीप कला कौशलालाई विचारात्मक तवरमा आफ्नो धारणालाई जनसमक्ष प्रस्तुत गरेका छन् ।

### २.१.३ जीवन दर्शन

नेपाली साहित्य लेखनमै जीवनको लामो कालखण्ड बिताएका राजेन्द्र पराजुलीले सामाजिक यथार्थवादी धरातलमा उभिएर अधिकांश साहित्यिक कृतिहरू प्रकाशन गरेका छन् । आफ्ना कृतिमा उच्च राष्ट्रिय चिन्तन, शोषणमुक्त समाजको परिकल्पना, भ्रष्टाचारविहीनको समाज, प्रगतिशील चेतना, अज्ञानता र यौन मनोविज्ञानलाई समेत यथार्थ रूपमा प्रस्तुत गरेका छन् । साहित्यलाई आफ्नो जीवनको अभिन्न अङ्ग मान्दै राष्ट्र र राष्ट्रियताप्रति समर्पित रहने र नेपाली समाजको समुन्नतिमा चासो राख्ने पराजुलीमा नेपाली जनता र नेपाली माटोसँग आत्मीयता राखेको देखिन्छ ।

सामाजिक क्षेत्रमा समेत गहिरो रूचि भएका कारण वि.सं.२०४८ मा पराजुलीले अन्नपूर्ण इङ्ग्लिस स्कुलको स्थापना गरेर अङ्ग्रेजी भाषाको सेवामा योगदान पुऱ्याए । वि.सं.२०५७ मा साङ्ग्रिला च्यानलमा साहित्यिक कार्यक्रम प्रस्तोता, वि.सं.२०५८ मा रेडियो एच.बी.सि. एफ.एम.को साहित्यिक कार्यक्रम प्रस्तोता, राजधानी दैनिक पत्रिकामा उप-सम्पादक, हिमाल पाक्षिक पत्रिकामा र नेपाल समाचार पत्रमा सम्पादक, अभियान पत्रिका दैनिकमा सम्पादक र हाल नागरिक दैनिकको सम्पादक भई आफ्नो पत्रकारिता पेसा र साहित्य कृति सिर्जनामा अगाडि बढिरहेका छन् ।

साहित्यमा विचार र कलाको सन्तुलन कुनै अर्थमा सार्थक र सम्प्रेषणीय हुनुपर्दछ । मानव जीवनमा नैतिकता, इमान्दारिताका साथै आफू बाँचेको समाज र परिवेशप्रति इमान्दार भएर बहुजातीय, बहुभाषीय तथा बहुसांस्कृतिक समाजको परिकल्पना गरी 'नेपालको वास्तविक जीवनको चित्रण गर्नु नै मेरो साहित्य हो' भन्ने विचार एवम् भावना गरेको पाइन्छ ।

### २.१.४ साहित्यमा रूचि र प्रेरणा

बाल्यकालदेखि नै साहित्य, खेलकुद, भ्रमण, नयाँ ठाउँ, नयाँ परिवेश जस्ता विषयमा विशेष रूचि राख्ने राजेन्द्र पराजुली विद्यार्थी जीवनदेखि नै साहित्य प्रेरणी थिए । काठमाडौंमा जन्मी हुर्केका पराजुली आफ्नो टोल समाज र राष्ट्रका विकृति विसङ्गति र कुसंस्कारको विरोध गर्दै साहित्यमा प्रवेश गरेका हुन् । अभावपूर्ण बाल्यकाल, सामाजिक थिचोमिचो, राजनीतिक विसङ्गति र विशृङ्खलताले पनि साहित्य क्षेत्रमा लाग्न प्रेरणा मिलेको बताउँछन् । विभिन्न क्षेत्र र व्यक्तिहरूबाट

प्रभाव ग्रहण गरेर साहित्य सिर्जनामा लागेका पराजुली विभिन्न स्वदेशी तथा विदेशी साहित्यकारहरूका रचनाको अध्ययन र अध्यापनलाई रूचाउँदछन् ।

सानै उमेरदेखि साहित्य लेखनमा सरल व्यवहार, सहयोगी भावना इमान्दारिता र मृदुभाषी पराजुली शिष्ट र शालिन स्वभावका भए पनि स्पष्ट बोल्न मन पराउँछन् । साहित्य सिर्जना गर्नु साहित्यकारका बारेमा अध्ययन गर्नु साहित्यिक समालोचना गर्नु पराजुली रूचिका क्षेत्रहरू हुन् ।

## २.२ राजेन्द्र पराजुलीका व्यक्तित्व विभिन्न पाटाहरू

व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो । व्यक्तिको व्यक्तित्व निर्माणसँग उसको संस्कार, सङ्गत, शिक्षादीक्षा तथा समाज र स्वभाविक गुणसँग जोडिएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व चर्चा योग्य हुनुका पछाडि उक्त व्यक्तिले समाज र राष्ट्रका लागि कुनै न कुनै रूपमा योगदान हुनुपर्दछ । अन्यथा उसका जीवनका पाटा पल्टाउने गरिँदैन । व्यक्तिमा निहित गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ । सिर्जनशील एवम् सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ ।

नेपाली समाजको यथार्थ धरातलमा उभिएर आम मानिसको जीवन भोगाईलाई आधार बनाएर नेपाली साहित्यमा लामो समयदेखि योगदान पुऱ्याउँदै आएका राजेन्द्र पराजुलीको व्यक्तित्व काठमाडौंमा जन्मिएर एम.ए.सम्मको अध्ययन नेपाली विषयमा पूरा गरेको पाइन्छ । तुलनात्मक रूपमा पढेलेखेको व्यक्ति कम भएको अवस्थामा उनको कृति लेखन र प्रकाशनको निरन्तरताको मिहिनेतको एउटा कुशल साहित्यकारका रूपमा पराजुलीको व्यक्तित्वको पहिचान गरिएको छ ।

समाजका तत्कालनि सामाजिक परिस्थितिलाई आफ्नो रचना र कृति मार्फत जनमानसमा फैलाउने क्रममा आफ्नो लेख्य शैलीलाई विस्तारै कविता, कथासङ्ग्रह र उपन्यासको रूपमा परिचय दिन पुगेका छन् । तत्कालीन समयमा सामाजिक शोषण, दमन र उत्पीडित एवम् उत्पीडनका साथै अन्याय अत्याचारको चिरफार गर्दै साहित्य लेख्न थालेका छन् । यसरी निरन्तर अविचलित रूपमा नेपाली साहित्यका क्षेत्रमा प्रष्टयाउने प्रयास गरी राजेन्द्र पराजुलीको व्यक्तित्व निर्माणका केही पाटाहरूको मोटामोटी अध्ययन गरिएको छ ।

### २.२.१ निजी व्यक्तित्व र स्वभाव

राजेन्द्र पराजुली एक लिडर, सक्षम, विवेकशील, सचेत, चिन्तनशील र परिपक्व व्यक्तित्वको रूपमा देखा पर्दछन् । बाहिर हेर्दा गम्भीर भावुक देखिए पनि हँसिला, फरासिला, सहयोगी, मिलनसार, स्वाभिमानी र परिश्रमी पनि उत्तिकै रूपमा छन् । देशमा जाति, धर्म, लिङ्ग, वर्ण तथा वर्गका आधारबाट हुने भेदभावको अन्त्य हुनुपर्दछ भन्ने पराजुलीले पीडित र दमित मानिसको पक्षमा सदावार रहेर सामाजिक कार्यको अनियमितता र भ्रष्टचारको कडा रूपमा प्रतिवाद गरी सही र सत्य तथ्यताको पक्षमा नियमित कलम चलाई रहेको पाइन्छ ।

पराजुलीको उदारता आत्मीय भाव र सहयोगात्मक सम्बन्धका कारण जो कोही पनि उनको नजिक भएको पाइन्छ । पराजुलीको निजी व्यक्तित्व तथा स्वभावलाई नियालेर हेर्दा विनम्रता, विनयशीलता र उदात्त भावनाका कारण समाजमा छिटो हेलमेल र प्रभाव जमाउन सक्छन् । जहिले पनि सानादेखि ठूलासम्म सबैसँग हाँसेर बोल्ने पराजुलीको समान व्यवहार निश्चिता, निष्कपट र स्वभिमानी समाजसेवी व्यक्तिहरूलाई मन पराउँदछन् ।

### २.२.२ साहित्यिक व्यक्तित्व

राजेन्द्र पराजुली नेपाली साहित्यको उपन्यास विधाका कृतिहरूमा एक कुशल व्यक्तित्व हुन् । उनले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएर साहित्यको भण्डारलाई समृद्ध तुल्याएका छन् । ‘अनायिका’ उपन्यास पराजुलीको पहिलो उपन्यास वा कृति हो । यो उपन्यास वि.सं.२०६३ सालमा नेपालको दस वर्से जनयुद्धको बेलामा नेपाल र नेपाली जनमानसले भोग्नु परेको राज्य र द्वन्द्वरत पक्षबाट दिइएको दु:ख, पीडा, कष्ट, वेदना, अपहरण र मृत्यु जस्ता अमानवीय व्यवहारलाई आत्मसात गर्नु परेको यथार्थलाई सरलीकृत रूपमा प्रकाशित गरिएको छ । नेपाली साहित्यमा सर्वप्रथम कथा, कविता, उपन्यास र सम्पादनको लेखनको क्षेत्रमा महत्त्वपूर्ण स्थान छ । समकालीन राष्ट्र र समाजले भोग्नु परेका पीडा र अनुभूतिहरू ‘अनायिका’ उपन्यासमा चित्रण गरिएको पाइन्छ । मानवतावादी भावले उदय भएको यो उपन्यास नेपाली साहित्यका विविध विधामा हात हालेका उनको साहित्यिक व्यक्तित्वको अध्ययन विभिन्न विधाबाट गर्न सकिन्छ ।

### २.२.२.१ कवि व्यक्तित्व

साहित्यका विविध विधाहरू मध्ये कविता विधा सबैभन्दा पुरानो विधा हो । झ्वाट्ट आएर हराउने चिज हो कविता, हृदयदेखि निस्कने भावनालाई कवितामा तत्काल परिवर्तन गरिएन भने त्यो पछि हराएर जान्छ र पछि भाव मर्छ । कविता भाषाको माध्यमबाट प्रस्तुत गरिने सिर्जनात्मक अभिव्यक्ति हो । कविताबाटै प्रायः साहित्य सुरु हुने मान्यता राख्ने पराजुलीले आफ्नो साहित्य यात्रा पनि कविताबाटै सुरु भएको बताउँछन् । कविको आफ्नो अनुभूतिलाई भावनाले केलाएर कलात्मक तरिकाले लिपिबद्ध गरिएको लयात्मक अभिव्यक्ति कविता हो । कवितामा भाव विचार र घटनाको अभिव्यक्ति भएको हुन्छ । 'भ्रष्टसंवेदना' कवितामा पनि विभिन्न भाव विचार र यथार्थपरक घटनाको अभिव्यक्ति भएको पाइन्छ । यस सङ्ग्रहका कविताहरूमा कविका संवेदनाहरू सहज अनुभूतिहरू सम्प्रेषण भएका छन् ।

राजेन्द्र पराजुली नेपाली गद्य कविताका क्षेत्रमा एक सशक्त प्रतिभाका रूपमा चिनिन्छन् । 'नयाँ सन्देश' साप्ताहिक पत्रिका मार्फत 'खण्डहर घर' नामक कविता वि.सं.२०३९ सालमा प्रकाशित गरेर कविता लेखनको थालनी गरेका हुन् । पराजुलीको 'भ्रष्ट संवेदना' कवितासङ्ग्रह वि.सं.२०५६ मा साझा प्रकाशनबाट प्रकाशन भएको हो । यस सङ्ग्रहका कविताहरूमा मान्छे हुनको परिचायक तत्त्व संवेदना नै मान्छेहरूमा ह्रास हुँदै गएको यथार्थलाई काव्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । भ्रष्ट राजनीति, कुण्ठित मानवीय जीवन, राष्ट्रियता, राजनीतिक विकृति-विसङ्गति मानिसका लोभी र स्वार्थी भावनाहरू यस सङ्ग्रहका कविताहरूमा व्यक्त गरिएको छ ।

### २.२.२.२ कथाकार व्यक्तित्व

राजेन्द्र पराजुलीको साहित्यिक यात्रा कविता विधाबाट प्रारम्भ गरेर एक जिम्मेवार र कुशल कथाकारको रूपमा परिचित छन् । कविताबाट साहित्य लेखनमा पाइला चाले तापनि उनको समग्र लेखनको सबैभन्दा उर्वर र रूचि भने कथा विधा नै हो । वि.सं.२०३९ सालमा नयाँ सन्देश साप्ताहिकमा छापिएको 'श्रद्धाञ्जली' कथा नै पहिलो कथा हो । यसपछि लेखिएका कथाहरूमा वि.सं.२०५० मा 'विकल्पयात्रा' कथासङ्ग्रहमा तेह्रवटा मझौला र पाँचवटा लघु आकारका कथाहरू समेटिएका छन् । यस कथा सङ्ग्रहमा जीवनको विविधतालाई आर्थिक, सामाजिक, राजनीतिक र यौनका आधारमा कलात्मक ढङ्गले सहज र सरल भाषामा प्रस्तुत गरिएको छ ।

पराजुलीको 'जाडोमा भोक' कथा वि.सं.२०६२ मा प्रकाशित भएको दोस्रो कथासङ्ग्र हो । यसभित्र विविध विषयवस्तु समेटिएका २४ वटा कथाहरू रहेका छन् । प्रथम कथासङ्ग्रह 'विकल्पयात्रा' भन्दा 'जाडोमा भोक' कथासङ्ग्रहका कथाहरू भाषाशैली, विषयवस्तु, शिल्पशैली र प्रस्तुतिका दृष्टिकोण समसामयिक र यथार्थताका रूपमा प्रस्तुत देखिन्छ ।

राजेन्द्र पराजुलीको साहित्यिक लेखनको तेस्रो कथासाङ्ग्रह 'सपनामा मार्क्स' वि.सं.२०६८ मा प्रकाशित भएको छ । यस कथासङ्ग्रहमा विभिन्न १८ वटा कथाहरू समेटिएका छन् । यस कथासङ्ग्रहमा कथाको प्रस्तुति, भाषाशैली, विषयवस्तु र नवीन प्रयोगले गर्दा पराजुली एक निखारिएका जिम्मेवार र प्रौढ कथाकारका रूपमा परिचित हुन पुगको छन् । पराजुलीले आफ्नो कथासङ्ग्रह लेखनमा आफ्नै वरिपरिका वातावरणमा भएका र हुन सक्ने यथार्थताका घटित घटनाहरूलाई जस्ताको जस्तै टिपी नवीन ढङ्गले कथाहरूमा बृहत् रूपमा प्रस्तुत गरेका छन् ।

पराजुलीको हालसालै प्रस्तुत गरिएको कृति समाजको यथार्थपरक परिवेश अनुरूप प्रस्तुत गरिएको छ । हाल लेखिएको नागरिक दैनिकको शनिवार १२ वैशाख २०७२ को पृष्ठ ११ मा कथा 'गोस्ट राईटर' प्रकाशित गरेका छन् । जसमा राणा, शाह वा अन्य उपल्लो वर्गका घरमा गएर प्रवचन दिनुको मज्जा नै बेग्लै, प्रमुख कुरा त तिनले मेरा कुरा राम्ररी ध्यान दिएर सुन्छन् । अर्को कुरा अध्यात्मबारे तिनको कुनै प्रश्न हुँदैन, प्रश्न हुन्छ त केवल चरित्रसँग जोडिएका प्रेम, यौन, विवाह, डिभोर्स जस्ता सवालमा तिनको गहिरो अभिरूचि रहन्छ भनी आफ्नो कथालाई प्रष्ट पारेका छन् । यस कथामा 'म गोस्ट राइटर हुँ' आजसम्म मैले २० जनाको आत्मकथा लेखी दिई सकेको छु । अब म तपाईंको आत्मकथा लेख्न चाहन्छु । तर त्यस वापत एक पैसा लिने छैन । नाफाको आधा हिस्सा तपाईंलाई दिनेछु । आत्मकथा चाहिँ चरित्रमै केन्द्रित हुनुपर्ने छ । तपाईंका प्रेम, विपरीत लिङ्गीसँगको सम्बन्ध भनी प्रवचनको आत्मकथालाई यथार्थताको प्रखर रूपमा चित्रण गरेका छन् ।

पराजुलीका कथामा मध्यम वर्गीय र उच्च वर्गीय नरनारीका ढुकढुकी, कथा, व्यथा, आँसुहरू टल्पलाएका पाइन्छ । कथा, व्यथा, पात्रहरू दुःख, दर्द र पीडाका धरातलमा दलिएका छन् । यसैगरी सामाजिक, राजनीतिक यथार्थ, सामाजिक विकृति, भू-धरातलीय यथार्थ संवेदनहीन, यान्त्रिकता, कुण्ठा, धार्मिक, साम्प्रदायिकता, हत्या बलात्कार जस्ता विषयवस्तु यथार्थ रूपमा आफ्नो कथामा चित्रण गरी परिभाषित गरेको देखिन्छ ।

### २.२.२.३ उपन्यासकार व्यक्तित्व

महाकाव्य जस्तै उपन्यासमा पाठकलाई क्षण भरमा रूवाउन सक्ने क्षण भरमै हँसाउन सक्ने क्षमता उपन्यासमा हुने भएकाले पाठकको रूचिको विषय उपन्यास भएको पाइन्छ । उपन्यासमा सामाजिक परिवेश, व्यक्तिको जीवनको बाँच्न पाउने अधिकारको यथार्थ चित्रणलाई समसामायिक रूपमा जनमानस समक्ष प्रस्तुत गरेको हुन्छ ।

राजेन्द्र पराजुलीको उपन्यास विधा लेखनमा एक कुशल र सक्षम कालीगढको रूपमा उभिएका छन् । किनकी 'अनायिका' उपन्यास पराजुलीको पहिलो उपन्यास कृति हो । यो उपन्यास वि.सं.२०६३ सालमा प्रकाशित भएको हो । यसमा देशमा चलेको दस वर्से जनयुद्ध वा द्वन्द्वको बेलामा सत्ता पक्ष र विद्रोही पक्षबाटा नेपाली सोझा सिधा जनताको जीउने जीवनमा भोग्नु परेको पीडा, हत्या, हिंसा, अपहरण र अमानवीय व्यवहारको वास्तविकतालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । समकालीन राष्ट्र र समाजले भोग्नु परेको पीडा र अनुभूतिहरू यस उपन्यासमा चित्रण गरिएको छ । मानवतावादी भावले ओतप्रोत भएको यो उपन्यास नेपाली साहित्यको अमूल्य र यथार्थपरक चिनारी हो ।

### २.२.३ समालोचक व्यक्तित्व

राजेन्द्र पराजुलीको साहित्यिक व्यक्तित्वको एउटा पाटो समालोचक व्यक्तित्व हो । किनकी कथा, कविता, उपन्यास लेखनका साथै सम्पादन कार्यमा व्यस्त रहँदा रहँदै पनि राजेन्द्र पराजुलीले समालोचनाका क्षेत्रमा समेत कलम चलाउन भ्याएका छन् । अन्य विधाको तुलनामा समालोचना विधामा कलम कम चालको पाइन्छ । समालोचकका क्षेत्रमा कम समय दिए तापनि नेपाली समालोचनाका क्षेत्रको गरिमालाई बचाउने काम समग्रमा प्रयास गरेका छन् । पराजुलीको तार्किक विश्लेषण गर्ने क्षमता र शैलीले सामान्य लेखलाई पनि समालोचनात्मक लेखहरू सरह गहन र मार्मिक बनाई दिन्छ । पराजुलीले प्रेम शाहको कथा 'पहेँलो गुलाफ' को 'पहेँलो गुलाफका स्कालापहरू' (गरिमा २०५६) शीर्षकमा समीक्षा गरेका छन् । यस्तै कृष्ण धारावासीको उपन्यास 'शरणार्थी' मा 'शरणार्थी एउटा नयाँ प्रयोग' (गरिमा २०६४) शीर्षकमा आफ्नो समालोचनात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### २.२.४ सम्पादक व्यक्तित्व

बहुगुणी, बहुमुखी प्रतिभाका प्रखर धनी व्यक्ति राजेन्द्र पराजुलीले कविता, उपन्यास, कथा आदि विविध विधाहरूमा मात्र कलम चलाएनन् अझ सशक्त रूपमा सम्पादन कार्यमा आफूलाई उभ्याएको देखिन्छ। विगत दुई दशकदेखि सम्पादन कार्यमा क्रियाशील रहेका छन्। पराजुलीले विभिन्न साहित्यिक एवम् गैरसाहित्यिक पत्रपत्रिका, पुस्तक आदिको विषयमा सम्पादन गरेका छन्। उनीबाट सम्पादन गरिएका प्रमुख पत्रपत्रिकाहरू निम्न छन् : संवाहक त्रैमासिक वि.सं.२०४७ (साप्ताहिक), बन्दा त्रैमासिक वि.सं.२०४८-२०५२ (साहित्यिक), तन्नेरी वि.सं.२०५२-२०५६ (साहित्यिक), नोवल वार्षिकी वि.सं.२०५९-२०६० (गैरसाहित्यिक) कालचक्र वि.सं.२०६० (साहित्यिक), नेपाल समाचार पत्र दैनिक वि.सं.२०६१-२०६५ (गैरसाहित्यिक), राजधानी दैनिक वि.स..२०६६ (गैरसाहित्यक) आर्थिक अभियान दैनिक वि.सं.२०६७ (गैरसाहित्यिक) र हाल कार्यरत नागरिक दैनिक वि.सं.२०७१-२०७२ (गैर साहित्यिक)।

राजेन्द्र पराजुलीले सम्पादन गरेका साहित्यिक पुस्तकहरू निम्न छन् : साहित्यिक पुस्तकहरू क्रमशः कविता सोच वि.सं.२०५० (साहित्यिक), प्रतिनिधि नेपाली कथा र आत्म-टिप्पणी वि.सं. २०५३ (साहित्यिक), नेपाली नाटक समकालीन सन्दर्भ वि.सं.२०५५ (साहित्यक) आधुनिक नेपाली कथाको बीसौं शताब्दी वि.सं.२०५६ (साहित्यिक), कविता-सन्दर्भ वि.सं.२०५६ (साहित्यिक), नेपाली राजनीति कथाहरू वि.सं.२०६६ (साहित्यिक) जस्ता साहित्यिक कृतिको बारेमा चर्चा एवम् परिचर्चा गरिएको पाइन्छ।

### २.२.५ गैरसाहित्यिक व्यक्तित्व

साहित्यकार राजेन्द्र पराजुलीको गैरसाहित्यिक व्यक्तित्वलाई निम्नअनुसार हेर्न सकिन्छ :

#### २.२.५.१ शारीरिक तथा निजी व्यक्तित्व

साहित्यिक, सामाजिक, पत्रकारिता, शैक्षिक आदि विविध क्षेत्रमा हात हालेर पनि सदा सर्वदा उत्तिकै रूपमा क्रियाशील रहिरहने व्यक्तित्व हुन् राजेन्द्र पराजुली। यी छिटो-छरितो र फूर्तिलो जीउडाल भएका आकर्षक र पारिश्रमिक व्यक्तित्व हुन्। गहुँगोरो वर्ण, होचो र सुहाउँदो, मोटो शरीर, हँसिलो मुहार भएका पराजुली मीठो र मिजासिलो बोली अनि आकर्षक शैली भएको व्यक्तित्व देखेर जो सुकै पनि लोभिन्छन्। जीवनमा हरेक मोडहरूमा परिश्रम र सङ्घर्ष गर्दै आएका

पराजुलीको व्यवहारमा हार्दिकता र बोलीमा मिठास पाइन्छ । सादा जीवन उच्च विचार भएका पराजुली सरल एवम् शान्त प्रकृतिका रूपमा देखिन्छन् । प्रायः सामान्य पहिरनमा सफा चट्ट सर्ट-पाइन्टमा सजिएर हिँडेको जो कोहीले देख्न सकिन्छ । सामान्य जो कोही मानिससँग छिटो घुलमिल गर्न सक्ने पराजुली छिट्टै अरुलाई विश्वास गर्ने  बानीले बेला बखत विश्वासघात र ब्ल्याकमेलिङको फन्दामा पुगेको बताउँदछन् । यथार्थतामा विश्वास राख्ने पराजुली शीघ्र निर्णयमा ढिलो गर्ने र छलकपट गर्ने, झारा टार्ने बानीलाई हृदयदेखि तिरस्कार गरी मन पराउँदैनन् ।

साहित्यिक, सामाजिक, पत्रकारिता, शैक्षिक आदि विविध क्षेत्रमा हात हालेर पनि सदा सर्वदा उत्तिकै क्रियाशील रहिरहने राजेन्द्र पराजुलीले आवश्यक रूपमा कसैको प्रशंसा र बखान गरेको मन पराउँदैनन् । असल कामको असल मूल्याङ्कन हुनुपर्ने बताउँदछन् । समाजमा खराब र कुलत कामको कमी कमजोरीमाथि उचित सल्लाह र सुझाव हुनुपर्नेमा जोड दिन्छन् । साथै कुनै पनि प्रशंसनीय व्यक्ति र कृतिको वकालत गर्न पछि पर्न   चाहँदैनन् । जुन उनको यथार्थता स्वभाव छ ।

### २.२.५.२ समाजसेवा वा सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले समाजविना बाँच्न सक्दैन । जसरी नङ्ग र मासुको सम्बन्ध हुन्छ त्यसैगरी मान्छेको सम्बन्ध समाजसँग हुन्छ । एउटा पत्रकार एवम् लेखक समाजका हरेक अङ्ग-प्रत्याङ्गलाई हेरेर तिनीहरूलाई व्यक्त गर्ने व्यक्ति समाजबाट टाढा रहन सक्दैन । समाजको एवम् राष्ट्रको विकास नै आफ्नो विकास सम्झने व्यक्ति पराजुली विभिन्न सङ्घसंस्थामा आबद्ध भई आफ्नो व्यक्तिगत प्रयासबाट समाज विकासमा प्रयत्नरत रही कुशल कार्यको थालनी गरेका छन् । मानव कल्याणका लागि समर्पित,समाज विकासमा कटिबद्ध राजेन्द्र पराजुली कहिले साहित्यिक सङ्घसंस्था रहेर कहिले रेडियो प्रस्तोता र सञ्चालक त कहिले पत्रपत्रिकाको सम्पादक भएर निरन्तर खटिरहेका छन् । सामाजिक कार्यमा लाग्दा खुसी भई सेवा पुऱ्याएका कार्यरत सङ्घसंस्थाहरू : देउराली क्लबका अध्यक्ष वि.सं.२०३७, देउराली पुस्तकालयको स्थापना वि.सं.२०३७, मङ्गल पुस्तकालयमा संलग्न वि.सं.२०३७, सरस्वती युवा क्लबका कार्यकारी सदस्य वि.सं.२०३८, कालचक्र नेपालका अध्यक्ष वि.सं.२०६०, गरिमा मासिकका बोर्ड सल्लाहकार वि.सं.२०५९-२०६५, साझा प्रकाशको निर्वाचित सञ्चालक आदि ।

### २.२.५.३ शिक्षक व्यक्तित्व

वि.सं.२०४८ सालमा गौरी गाउँस्थित अन्नपूर्ण इङ्ग्लीस स्कुलको स्थापना गरी त्यही स्कुलमा झण्डै नौ वर्षसम्म पढाएको बताउने राजेन्द्र पराजुलीको बहुआयामिक व्यक्तित्व मध्ये शिक्षक व्यक्तित्व पनि एक हो । आफ्नो जीवनको करिब नौं वर्षको समयावधि शिक्षण पेसामा बिताएका छन् । यसैगरी टेकुस्थित इन्टेन्सिप कलेजमा पनि करिब दुई वर्ष अध्ययन गरेका पराजुली एक कुशल, यथार्थवादी एवम् सत्यतावादी शिक्षक पनि हुन् ।

### २.२.५.४ अन्य व्यक्तित्व

राजेन्द्र पराजुली एक कुशल पत्रकार हुन् । विभिन्न पत्रपत्रिकामा काम गर्दै जाने क्रममा पत्रकारिता क्षेत्रमा समेत उल्लेखनीय भूमिका र योगदान दिएका छन् । हालसम्म व्यवसायिक रूपमा पनि उनको पेसा पत्रकारिता नै हो । राजेन्द्र पराजुली एक कुशल टि.भि. एवम् रेडियो कार्यक्रम प्रस्तोता पनि हुन् । पराजुलीले टि.भि., रेडियो तथा विभिन्न एफ.एम स्टेशनहरूबाट साहित्यिक एवम् गैरसाहित्यिक कार्यक्रम सञ्चलन गरेका छन् । वि.सं.२०५६ मा साङ्ग्रीला च्यानलमा ‘शब्द शिखा’ नामक साहित्यिक कार्यक्रम सञ्चालन गरेका पराजुलीले एच.बी.सी. एफ.एम. मा ‘अनुभूति’ र ‘गजलगाथा’ नामक साहित्यिक कार्यक्रम सञ्चालन गरेको बताउँछन् । यसरी विभिन्न पक्षहरूलाई समेटेर आफ्नो तर्कलाई यथार्थ रूपमा प्रष्टाउने व्यक्तित्व हुन् राजेन्द्र पराजुली जसको अध्ययन हुनु नितान्त जरूरी छ ।

## २.३ राजेन्द्र पराजुलीको औपन्यासिक यात्रा

साहित्यकारका रूपमा परिचित पराजुली साहित्य लेखनको क्षेत्रमा देखा परेका विभिन्न साहित्यिक रचना वा कृतिगत प्रकाशन चिन्तन पक्षको परिवर्तन आदि जस्ता आधारहरूलाई लिएर साहित्यिक यात्राको चरण, मोड वा काल विभाजन गर्न सकिन्छ । राजेन्द्र पराजुलीको तीन दशक लामो साहित्यिक यात्रामा परिस्कार प्रवृत्तिगत तथा शैलीगत परिवर्तन भएको पाइन्छ । साहित्यिक कृतिका आधारमा उनको साहित्यिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

### २.३.१ पूर्वाद्ध चरण (२०३९-२०६१)

वि.सं.२०३९ सालमा नयाँ सन्देश साप्ताहिकमा 'श्रद्धाञ्जली' कथा र 'खण्डहर घर' कविता प्रकाशित भएदेखि वि.सं.२०६२ सालमा प्रकाशित 'जाडोमा भोक' कथासङ्ग्रहभन्दा अगाडिको समयलाई पराजुलीको साहित्यिक यात्राको पूर्वाद्ध चरणको रूपमा लिन सकिन्छ । यस चरणमा दुईवटा मौलिक र दुईवटा सहलेखन गरी चारवटा पुस्तकहरू कृतिको रूपमा प्रकाशन भएको छ । वि.सं.२०३९ देखि २०४५ सम्मका उनका रचनाहरू हेर्दा अत्यन्तै प्रारम्भिक र अभ्यासिक देखिन्छन् । वि.सं.२०४६ देखि २०६१ सम्मको अवधिमा उनका धेरै कथा, कविताहरू प्रकाशित भएका छन् र सङ्ग्रहको रूपमा पनि समेटिएका छन् । यस चरणमा उनको 'विकल्प यात्रा' कथासङ्ग्रह (२०५०), 'तीन आँखाको मान्छे' (सह-लेखन) कविता सङ्ग्रह 'जिन्दावाद-मुर्दावाद' (सहलेखन), कविता सङ्ग्रह र भ्रष्ट समवेदना' कविता सङ्ग्रह (२०५६) प्रकाशित भएका छन् ।

साहित्यकार पराजुलीको साहित्यिक यात्राको पूर्वार्द्ध चरणको उत्तरार्द्धमा आएपछि अर्थात् वि.सं.२०४६ सालपछिका रचनाहरू साहित्यको आधुनिक मूल्य मान्यतामा आधारित भएर सिर्जना गरिएको छ । वि.सं.२०४६ साल अगाडिका रचनाहरू साहित्यिक मूल्य मान्यतामा आधारित भएर नलेखिएको भने होइन ।

### २.३.२ उत्तरार्द्ध चरण (२०६२ देखि हालसम्म)

साहित्यकार राजेन्द्र पराजुलीको 'जाडोमा भोक' कथासङ्ग्रहको प्रकाशनसँगै उत्तरार्द्ध चरणको सुरुवात हुन्छ । यस चरणमा पराजुलीका दुईवटा कथासङ्ग्रह एउटा उपन्यास, कविता, समालोचना, कथा, निवन्ध लगायतका विधामा फुटकर रचनाहरू पनि प्रकाशन भएका छन् ।

पूर्वाद्ध चरणका तुलनामा यो चरण बढी उर्बर देखिन्छ । यस चरणमा पूर्वाद्ध चरणमा भन्दा प्रौढता र परिष्कारिता पाइन्छ । 'अनायिका' (वि.सं.२०६३) तत्कालीन राजनीति द्वन्द्वको जनयुद्धको अवस्थालाई चित्रण गरिएको मानवतावादी उपन्यास हो । 'अनायिका' मानव अधिकारमा सम्पूर्ण रूपले समर्पित लिखित उपन्यास हो भन्दा कुनै अतिशयोक्ति हुँदैन (रामदयाल, २०६५:५८) भनेर यसलाई मानवतावादी उपन्यासको आधारमा राखिएको पाइन्छ । 'जाडोमा भोक' कथा सङ्ग्रहमा सङ्ग्रहित २४ वटा कथाहरूले देशको विषम परिस्थितिका सबै राष्ट्रिय स्तरमा खस्कँदै गएको राजनीतिक सन्तुलन र यसले छाडेको प्रभावलाई रोचक र सटिक रूपमा प्रस्तुत गरेका छन् । पराजुलीको तेस्रो कथासङ्ग्रह 'सपनामा मार्क्स' (वि.सं.२०६८) मा 'जाडोमा भोक' कथासङ्ग्रहको

सातवटा कथा सहित २५ वटा कथाहरू सङ्ग्रहित छन् । यस कथासङ्ग्रहका कथामा पराजुली पूरा सचेत र जिम्मेवार कथाकारको रूपमा देखिन पुगेका छन् । 'सपनामा मार्क्स' कृतिका कथाहरूले समाजमा हेपिएका, ठगिएका, शोषित, पीडित वर्गको प्रतिनिधित्व गर्दछन् । यसैगरी वि.सं.२०७२ मा प्रकाशित कथा 'गोष्ट राइटर' रहेको छ । जसमा राणा, शाह वा उच्च वर्गका घर घरमा गएर प्रवचन दिने प्रवचकले आफ्नो वाचन सहज रूपमा सुन्दछन् र यसको खण्डन गर्न सक्दैन । प्रवचकको आफ्नो स्वार्थमा कथा वाचन जस्तै गरी प्रवचन सुनाउँदछ । पैसाको लागि सबै आफ्नो स्वार्थमा सीमित हुन्छ ।

पराजुलीले सरल र सहज भाषामा साहित्य सिर्जना गर्ने रचनाहरू पाठकको मन छुन सफल देखिन्छन् । उनका कृतिका सिर्जनाहरू विकृति र विसङ्गतिपूर्ण समाजका लागि चोटिला प्रहार हुन् । समग्रमा उनका दुवै चरणका रचनाहरूमा राष्ट्रियता, भातृत्व, विश्व बन्धुत्व, मानवतावादका साथै युद्धको सन्त्रास, अभावग्रस्त मानव जीवन, यान्त्रिक जीवन, राजनीतिक विकृति र विसङ्गति, विकृति यौनका साथै मानवीय चेतनाका विषयवस्तुलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन् । यसरी पराजुलीको तीन दशक लामो साहित्यिक यात्रालाई पूर्वार्द्ध चरण २०३९-२०६१ र उत्तरार्द्ध चरण ( २०६२-हालसम्म) गरी दुई चरणमा राखेर बृहत् रूपमा अध्ययन गर्न सकिन्छ जुन रहलपहल छुटपुट घटनाक्रमलाई समेटेर प्रस्तुत गरिएको छ ।

**२.४ राजेन्द्र पराजुलीको जीवनी, व्यक्तित्व र उपन्यास लेखन बीचको अन्तर्सम्बन्ध**

साहित्य सिर्जनाको स्रष्टामा आफ्नो वरिपरिको वातावरण रीतिरिवाज चालचलन, अनुभव, देखाई, भोगाई र स्थानको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तै मान्यताले राजेन्द्र पराजुलीको उपन्यास लेखनको क्रममा हदसम्म तालमेल खाएको देखिन्छ ।

राजनीतिक, सामाजिक, यौन मनोविज्ञानलाई विषय बनाएर उपन्यास सिर्जना गर्ने पराजुलीका उपन्यासहरूमा राष्ट्रियताको भावना, सामाजिक विभेद, नारी समस्या, पारिवारिक समस्या, जातीय विभेदको अन्त्यको चाहना राख्दै शासक वर्गको अन्याय, अत्याचार, भ्रष्टाचार, पक्षपात र उत्पीडनरहित समाजको यथार्थतालाई सूक्ष्म रूपले प्रस्तुत गरिएको पाइन्छ । पराजुलीले प्रायः ग्रामीण परिवेशका सुख, दुःख, पीडा, वेदना, संयोग, वियोग, अन्याय, अत्याचार, असङ्गत, विसङ्गत पक्षहरूलाई आधार बनाएर मानवीय, जीवन सङ्घर्ष जुन मूल्यगत द्वन्द्व अस्तित्त्वको सङ्कट, बाँच्नुको विवशता र समाजको कुरूपतालाई आफ्नो साहित्य लेखनको विषयवस्तु बनाएका छन् ।

पराजुलीका उपन्यासमा प्रायः गामबेसीका भाषाशैली र सहरी जीवनका परिवेशलाई तुलनात्मक र स्थानका रूपमा बोलिने भाषालाई विभिन्न सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । पराजुली काठमाडौंमा जन्मेर हुर्के तापनि ग्रामीण, सामाजिक, राजनीतिक, जीवन भोगाई र अज्ञानतालाई आफ्नो उपन्यासमा औपन्यासीकरण गरेका छन । यसबाट पराजुलीको जीवन र उपन्यास बीच गहिरो सम्बन्ध रहेको देखिन्छ ।

काठमाडौंमा नै पराजुलीको जीवन समय र सौन्दर्य चेतना निर्माण भएकाले ग्रामीण समाजको अराजनीतिक, सामाजिक, सांस्कृतिक परिदृश्य, अशिक्षा र गरिबीको व्यापक पकड्लाई अत्यन्त निकट रूपले प्रस्तुत गरिएको छ । किसान श्रमिक, राजनीतिज्ञ र सामन्तहरूबाट संरक्षित र प्रताडित व्यक्तिहरूको मात्र होइन पहुँच र मौका नपाएका भूमिहीन गरिब र दुःखियाहरू, द्वन्द्वको चपेटामा परेका आम जनता, द्वन्द्वका नाममा रहेका राज्य र विद्रोही पक्षका सेना तथा जनसेना ( कमाण्डर) हरूको यथार्थतालाई रचनामा प्रस्तुत गरेको देखिन्छ । यसरी जीवनको जिउन पाउने अधिकारलाई उपन्यासमा उतार्नु नै राजेन्द्र पराजुलीको जीवन र उपन्यास बीचको गहिरो अन्तर्सम्बन्ध देखिन्छ ।

## २.५ निष्कर्ष

राजेन्द्र पराजुलीको जन्म वि.सं.२०२१ सालमा कोटेश्वरमा भएको हो । गुह्येश्वरी निम्न माध्यमिक विद्यालयबाट प्रारम्भिक शिक्षा आरम्भ गरेका पराजुलीले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । एक जिम्मेवार श्रीमान् र दुई सन्तानका पिता पराजुली सामान्य र सरल स्वभावका देखिन्छन् । पराजुलीकाअनुसार जीवन प्रकृति प्रदत्त एक सुन्दर वस्तु हो । यसको जति सक्यो दुरूपयोग नगरी सदुपयोग गर्नुपर्छ । यो नै प्रथम र अन्तिम जीवन हो भन्ने मान्यता राख्दछन् । जीवनको सङ्घर्षमा विभिन्न पेसामा संलगन भएर जिविकोपार्जन गर्दै आएका पराजुलीको हाल भने पत्रकारिता क्षेत्रमा आबद्ध रहेका छन् । झट्ट हेर्दा साधारण देखिने सिर्जनाका धनी पराजुलीको व्यक्तित्वको निर्माण बाल्य कालको अभाव, विभिन्न काम गर्दाको अनुभव, विभिन्न ठाउँको भ्रमण गर्दाको ज्ञानबाट साहित्य सिर्जनालाई मार्मिक र भावुक रूपमा प्रस्तुत भएको देखिन्छ । राजेन्द्र पराजुलीको व्यक्तित्वलाई साहित्यिक र गैरसाहित्यिक गरी हेर्न सकिन्छ । समाजमा जन्मेपछि आफूले गल्ती नगर्ने र गल्ती गरेमा माफी माग्ने क्षमता भएका पराजुली साहित्यिक र गैरसाहित्यिक दुवै क्षेत्रमा आफूलाई स्थापित गराउन सफल साहित्यकारको रूपमा देखिन्छन् ।

नेपाली साहित्य लेखनमा कथा, कविता, उपन्यास, समालोचना एवम् सम्पादन लगायत विविध विधामा कलम चलाएर पराजुलीले बहुसाहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् ।

पराजुलीको गैरसाहित्यिक व्यक्तित्वको निर्माण विभिन्न सङ्घसंस्थामा आबद्ध भएर र आफ्नै व्यक्तिगत प्रयासबाट भएको छ । हाल तीन दशकदेखि नेपाली साहित्यमा निरन्तर बगिरहेका पराजुलीको नाम नेपाली साहित्याकाशमा क्रमशः फैलिँदै छ । आजका दिनसम्म पराजुलीको जीवन वृत्तको अध्ययन तथा अवलोकन गर्दा उनको जीवन, साहित्य सिर्जनामा संयोजन र क्रियाशील भएको देखिन्छ ।

साहित्यक सिर्जनामा विवेकशील, चिन्तनशील, सहयोगी, मिलनसार, परिश्रमी तथा स्वाभिमानी व्यक्तित्वका धनी पराजुलीका कृतिमा उच्च राष्ट्रिय चिन्ता, शोषण मुक्त समाजको परिकल्पना, भ्रष्टाचारविहीन समाज, यौन मनोविज्ञान, अज्ञानताका साथै जातीय सम्प्रदायिकताको विरोध पाइन्छ । सत्य तथ्य र यथार्थतामा अडिग समाजसेवी राजेन्द्र पराजुलीको व्यक्तित्व, साहित्य, कथा, कविता र उपन्यास विधालाई समग्र रूपमा अध्ययन राम्ररी गरी अध्ययन गर्नुपर्ने देखिन्छ जुन साहित्य सिर्जनाको मातहतमा रहेर चर्चा एवम् परिचर्चा हुनुपर्दछ । समाज एवम् पाठक वर्ग बीचको दुरीलाई सुमधुर पार्नुपर्छ भन्ने मान्यता यस साहित्यिक सिर्जनामा गहन रूपमा पाउन सकिन्छ जसको विश्लेषण हुनु जरूरी छ ।

अध्याय : तिन

# राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता

## ३.१ उपन्यासको उद्‌भव र परिभाषा

उपन्यासको उत्पत्ति संस्कृत तत्सम् शब्द हो र अङ्ग्रेजीमा 'नोवेल' शब्दका रूपमा प्रयोग भएको पाइन्छ । उपन्यास शब्द 'उप' र 'नी' उपसर्ग 'अस' धातु र 'धज्' प्रत्ययको सहयोगबाट बनेको हो । उप भनेको नजिक र न्यास भनेको स्थापित गर्नु भएकाले कुनै वस्तुलाई कसैको नजिक राख्ने उपन्यासको अर्थ हुन्छ । उपन्यास भनेको निश्चित आकार भएको जीवन र जगत् प्रतिको विस्तृत अभिव्यक्ति हो । जसमा एउटा सिङ्गो संसार अटाएको छ । उपन्यासले मावन जीवनको आधार र नवीन रस सिर्जना गर्दछ । मानव जीवनका यथार्थ चित्रणका प्रस्तुतिहरू र विभिन्न घटनाहरूलाई प्रयोग गरिन्छ । पात्र, विधान, पात्रहरूको जीवनको प्रस्तुति गरी समाजका जीवनमा आएका परम्परा र संस्कृतिक पक्षहरू चिन्तनहरू परम्परा र मान्यताका मापदण्डहरू उपन्यासमा समावेश गरिएको छ ।

उपन्यास भनेको मान्छेका नजिक राखिएको मान्छेकै कुरा हो जुन पढेर पाठकले आफ्नै मनोभाव बुझेर लेखिन्छ र आफ्नै जीवनको प्रतिच्छामा छ भनेर आत्मसात गर्न सक्छ । मूलतः राजेन्द्र पराजुलीको औपन्यासिक कृति अनायिका विगत दशकभरिएको द्वन्द्व, भौतिक र मानसिक द्वन्द्व, राष्ट्र र समाजगत द्वन्द्व पीडा भित्र केन्द्रित रहेको छ । द्वन्द्व र युद्धको चपेटामा राष्ट्र समाज, परिवार र व्यक्तिभित्रका पिडा बेदना, यातना र विषय परिस्थितिको सुंक्त चित्र बन्न सकेको छ । पराजुली नेपाली साहित्यका क्षेत्रमा देखापरेका बहुमुखी प्रतिभा हुन् । उपन्यास विधामा प्रवेश गरी उपन्यासलाई पूर्णता दिन औपन्यासिक रचना धर्मिताको ारेमा अध्ययन गर्नु जरुरी छ । पराजुलीका रचनामा आफूले देखेको भोगेको, बुझेको जीवन, समाज, पारिवारिक परिवेशका साथै समस्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय घटनाको प्रभाव परेको छ । पराजुलीले राष्ट्रको राजनीतिक स्थिति र समाजमा घट्ने जीवन चित्रण गरेका छन् । साहित्यिक रचनाको परिणाम, गुणस्तर धारागत प्रवृत्तिको अन्तविकास, साहित्यिक रचना वा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन आदि जस्ता आधारहरूलाई लिएर साहित्यिक यात्राको चरण मोड वा काल विभाजन गर्न सकिन्छ ।

निष्कर्षमा उपन्यासलाई पक्षबाट सरलीकृत रूपमा चिनाउन सकिन्छ :

- उपन्यास विधाको वा रचनाको आफ्नै समाज शास्त्र हुन्छ ।
- उपन्यासमा सामाजिक प्रस्तुतिकरण हुन्छ ।
- उपन्यासको जीवनको प्रक्षेपण हुन्छ ।
- उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति हुन्छ ।
- उपन्यास निश्चित आयम भएको गद्यात्मक साहित्यिक विधा हो ।
- युग बोधको सजिव चित्र प्रस्तुत गर्ने उपन्यास समाख्यातात्मक विधि अपनाएर लेखिन्छ ।

### ३.२ राजेन्द्र पराजुलीको औपन्यासिक रचनाधर्मिता

कुनै पनि साहित्यकारलाई कथा, कविता उपन्यास जस्ता साहित्य रचना गर्न आफूले भोगेको देखेको बुझेको जीवन, समाज, पारिवारिक परिवेशका साथै समस्त राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय घटनाको प्रभाव परेको हुन्छ । पराजुलीले राष्ट्रको राजनिति स्थिति र समाजको घट्ने घटना, कुरीति, कुसंस्कार आदिलाई आफ्नो रचनामा जीवन्त चित्रण गरेको पाइन्छ । साहित्यका विविध विधामा क्रियाशिल पराजुली पनि सफल साहित्यकार एवम् उपन्यासकार हुन् भन्ने कुरा उनका साहित्यिक रचनाहरूले प्रस्ट पारेको छ । बहु साहित्यिक लेखनमा आफ्नो कथा, कविता, उपन्यास, विभिन्न लेख रचना, विधा समालोचना, फुटकर कथा र कविता, सहलेखनका साथै सम्पादक क्षेत्रमा कलम चलाएर साजिमक यथार्थवादी सोच मार्फत जनमानसमा कृति प्रस्तुत गर्नु नै रचनाधर्मिता हो राजेन्द्र पराजुलीको साहित्यिक यात्रा विधागत प्रवृत्तिहरूको निरूपण गर्नुको साथै कृतिहरूको विधातात्विक विधागत आधारमा वर्गीकरण गरिएको छ । वि.सं. २०३९ सालमा नयाँ सन्देश साप्ताहिकमा प्रकाशित श्रद्धाञ्जली कथा र खण्डहर घर कविताको प्रकाशनसँगै पराजुलीको औपन्यासिक एवम् औपचारिक यात्राको सुरुवात हुन्छ । पराजुलीको तीन दशक लामो साहित्यिक यात्रालाई पूर्वाद्ध र उत्तराद्ध गरी दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

वि.सं. २०३९ देखि २०६१ सम्मको अवधि पूर्वाद्ध चरण हो । यस चरणमा 'विकल्पयात्रा' (२०५०), कथासङ्ग्रह 'भ्रस्टसंवेदना' (२०५६) कविता सङ्ग्रह र 'तीनआँखाको मान्छे' (२०४५), 'जीन्दावार-मुर्दावास' (२०४७) कविता सङ्ग्रह सहलेखन कृतिहरू प्काशन भएका छन् । यस चरणका कथाहरूमा मध्यम वर्गीय नेपाली जनताका पारिवारिक समस्या यौन कुण्ठा, सामाजिक, राजनीतिक विकृति-विसङ्गतिको प्रस्तुती छ भने कविताहरूमा मानवीय संवेदनाहीनता, राजनीतिक विकृति विसङगति, राष्ट्रिय भावना एवम् जनचेतनात्मक सन्देश प्रस्तुत गरिएको छ ।

वि.सं. २०६१ देखि हालसम्मको अवधि उत्तरार्द्ध चरण हो । यस चरणमा दुईवटा कथा सङ्ग्रह ‘जाडोमा भोक’ (२०६२) ‘सपनामा मार्क्स’ (२०६८) र ‘अनायिका’ (२०६३) उपन्यास लगायत फुटकर कथाहरू ‘गोस्टा राईटर’, ‘पराकम्पन र वयान’ (२०६२) रचनाहरू सिर्जना भएका छन् । त्यस्तै गरी ‘अनायिका’ उपन्यासको विश्लेषण पराजुलीको औपन्यासिक प्रवृत्तिहरू सामाजिक यथार्थता, मनोविज्ञान, कारुणिकता, मानवतावादी-जीवन-वादीता, व्याङ्ग्यात्मकताका आधारमा अध्ययन गरिएको छ ।

जीवनको एकाइसौ वसन्त पार गरिसकेका पराजुलीको कथा, कविता उपन्यास समालोचना एवम् सम्पादक आदि विविध विधामा आफूलाई सक्षम साहित्य एवम् उपन्यासकारको रूपमा स्थापना गर्न सफल रहेका छन् । विशेषगरी आख्यान विधामा पोख्त पराजुली समसामयिक जीवनका यथार्थलाई आफ्नो रचनामा प्रस्तुत गर्ने यथार्थवादी साहित्यकार हुन् । पराजुलीका रचनामा समाजमा हेपिएका, ठगिएका, शोषित, पीडित, वर्गहरूको वर्णन गरेको पाइन्छ । निम्न र मध्यम वर्गीय ग्रामीण र सहरी समाजको जीवन्त चित्रण उनका रचनाहरूमा पाइन्छ । सामाजिक, राजनीतिक, विकृति विसङ्गति, युद्ध-द्वन्द्वले जन्माएका दुरावस्था, यान्त्रिक जीवनले निम्त्याएको परिणाम, मान्छेका अविवेकी र स्वार्थी मनोवृत्तिप्रति व्यङ्ग्य गर्दै समसामयिक यथार्थको जानकारी, मनवीयता, राष्ट्रियता र भातृत्वको सन्देश पराजुलीको औपन्यासिक रचनाधर्मिता एवम् विधातात्विक अध्ययनमा पाउन सकिन्छ ।

नेपाली साहित्यमा कथा, कविता, उपन्यास, समालोचना र सम्पादक क्षेत्रका बहुआयमिक व्यक्ति राजेन्द्र पराजुलीको सहलेखन दुई र मौलिक लेखन पाँच गरी सातवटा कृतिहरू पकाशन भएका छन् र हालआएर ‘गोष्टा राईटर’, ‘पराकम्पन’ र ‘बयान’ जस्ता फूटकर कथाहरू प्रकाशन गरेका छन् । पराजुलीका कृति, रचना र विधाहरूलाई निम्न रूपमा अध्ययन गरिन्छ :

| **कृति** | **विधा** | **प्रकाशन समय** |
|---|---|---|
| ‘विकल्प यात्रा’ | कथा सङ्ग्रह | २०५० |
| ‘भ्रष्ट सम्वेदना’ | कविता सङ्ग्रह | २०५६ |
| ‘तीन आँखाको मान्छे’ | कविता सङ्ग्रह | २०४५ |

| | | |
|---|---|---|
| 'जिन्दावाद-मुर्दावाद' | कविता सङ्ग्रह | २०४७ |
| 'जाडोमा भोक' | कथा सङ्ग्रह | २०६२ |
| 'अनायिका' | उपन्यास सङ्ग्रह | २०६३ |
| 'सपनामा मार्क्स' | कथा सङ्ग्रह | २०६८ |
| 'गोष्टा राईटर' | कथा सङ्ग्रह | २०७२ |
| 'पराकम्प' | कथा सङ्ग्रह | २०७२ |
| 'बयान' | कथा सङ्ग्रह | २०७२ |

यी विविध कृतिहरू लगायत धेरै रचित कृतिहरूमा साहित्यिक विधामा पराजुलीले कलम चलाएर पनि सबै विधामा उत्तिकै सफलता हाल पार्न सक्षम रहेका छन् । राजेन्द्र पराजुलीका रचनाहरूमा सामाजिक यथार्थता, मनोविज्ञान, दुःखान्ततता, कारुणिकता, व्याङ्ग्यात्मकता, मानवता, प्रायोगिकता, तथा नविनता, सङ्क्षिप्तता, युगीन सचेतना, सुन्दता भित्रको कुरूपताको अध्ययनको साथै उद्घाटन, भाषा शैलीगत सरलता, सहजता, बोधगम्यता जस्ता कृति वा प्रवृत्तिहरू पाउन सकिन्छ । यसै आधारमा उपन्यासकार राजेन्द्र पराजुलीको औपन्यासिक रचना धर्मिता सबै भन्दा सर्वाधिक प्रबल प्रवृत्ति भनेको यथार्थवादीता धारा रहेको छ ।

### ३.३ उपन्यास रचनाका आधारभूत तत्त्वहरू

उपन्यास रचनामा विभिन्न तत्त्वहरूको प्रयोग, समीक्षा र समायोजन हुन्छ । रचनाको समुचित प्रयोग र अन्तर्समिश्रणमा नै उपन्यासले प्रष्ट एवम् स्पष्ट स्वरूपै प्राप्त गर्दछ । आधुनिक समालोचना साहित्यमा यिनलाई तत्त्व, उपकरणका रूपमा पनि व्याख्या गरिएको पाइन्छ (बराल र एटम, २०६६:२०) । उपन्यासले जीवनको प्रस्तुति गर्ने हुँदा त्यस क्रममा अनेकौं स्वरूपगत र विषयगत विविधता देखिन्छन् । उपन्यासको स्वरूपमा समानता स्थापित गर्ने पक्ष नै उपन्यासका तत्त्वहरू हुन् । एउटा असल उपन्यास निर्माण तथा पूर्ण रूपमा हुनका लागि तत्त्वहरूको अनिवार्यता देखिए तापनि ती तत्त्वहरू यति मात्र नै हुन् भनेर किटान गर्ने विद्वान् बीच एकमत र एकरूपकता हुन सकेको छैन ।

नेपाली साहित्यमा उपन्यासका तत्त्वहरू मध्ये कथानक चरित्र, पात्र, सारवस्तु, दृष्टिविन्दु, परिवेश, भाषाशैली आदि सबैको सहमति भएको देखिन्छ । जसलाई उपन्यासको अनिवार्य तत्त्वका रूपमा चिन्न र चिनाउन सकिन्छ भने केही समालोचकले अन्य तत्त्वहरू जस्तै : प्रतीक र विम्ब, गति र लयलाई पनि उपन्यासकै तत्त्वभित्र राख्नुपर्नेमा जोड दिएका छन् । उपन्यासमा मुख्य तत्त्वहरूको सङ्क्षिप्त चर्चा यहाँ निम्न रूपमा गरिन्छ ।

**३.३.१ कथानक**

उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध रूप वा ढाँचा नै कथानक हो । यसमा आउने घटनाहरू कार्यकरण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । सापट अवस्थामा घटनाहरू वा क्रियात्मक समूह श्रृङ्खलायुक्त भई प्रमाणिक सन्तुष्टि दिन सक्ने भएमा त्यो कार्यकरण सम्बन्धमा नियोजित मानिन्छ (बराल र एटम, २०६६:२०) । नेपाली साहित्यमा कथानक उपन्यासको आधार वस्तु हो । जसको निर्माण वा बनोट सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्नुपर्दा घटनाहरूलाई एक अर्कोसँग उनेर सम्बन्ध गाँस्ने र सु-सङ्गठितता र व्यवस्थित प्रदान गर्ने काम नै कथानक हो (प्रधान, २०६१:७) ।

कथावस्तु उपन्यासको कच्चा सामग्रीको रूपमा पाइन्छ । यस कथावस्तुबाट उपन्यासको कथानक तयार गरी सङ्गठित, व्यवस्थित र परिस्कृत बनाएर उपन्यासको रचना गरिन्छ । यसरी रचिएको कथानकले उपन्यासको मूल ढाँचाको निर्माण गर्ने कार्यमा मद्दत एवम् सहायता गर्दछ । पूरा इतिहास र समाजका संस्कृति कथा र विज्ञानका मान्छेका अन्तर्संरचना र बाह्य प्रवृत्तिका पक्षहरूलाई आवश्यकताअनुसार प्रस्तुत गर्ने क्रियाकलापबाट उपन्यासको निर्माण हुन्छ (सुवेदी, २०६४-१८:१९)

उपन्यासमा कथानकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कथानकले दुई विपरीत शक्ति वा स्थितिको क्रिया व्यापार र द्वन्द्वबाट कथानकमा परस्पर सम्बद्ध क्रिया व्यवहारको सुनियोजना गर्दछ । कथानकको द्वन्द्व जीवनधार आन्तरिक र बाह्य हुन्छ । आन्तरिक भनेको मनभित्रको द्वन्द्व हो । बाह्य द्वन्द्व भनेको मानिस-मानिस बीच, मानिस र समाजका बीच, समाज र समाजका बीच भएका द्वन्द्वहरू पर्दछन् । द्वन्द्व र क्रियाले नै कथानकलाई नयाँ मोड दिन्छन् र कथानक अघि बढ्दै जान्छ ( बराल र एटम, २०६६:२४) । कथानकमा रहस्य, कौतुहलताको सहायताबाट उपन्यासको निर्माणमा मद्दत गर्दछ ।

उपन्यासमा पूर्णता दिनमा कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचति विन्यास हो । यस्तो कथानक आङ्गिक दृष्टिकाले पूर्ण रूपमा हुन्छ । त्यसकारणले कथानक उपन्यासको आवश्यक तत्त्वहरू मध्ये एक महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.२ चरित्र र चरित्र चित्रण

उपन्यासको आन्तरिक र बाह्य भित्र कुनै न कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासमा कथानकको गति र कार्यअनुरूप चरित्र चित्रण विकास, व्यवहार, आरोह अवरोहको क्रियाकलापहरूको चरित्र चित्रण विकास, व्यवहार, आरोह अवरोहका क्रियाकलापहरूको चरित्र चित्रण हुन्छ । कृतिका प्रत्येक चरित्रको रूप र विम्ब फरक किसिमले निर्धारण  गरिन्छ । स्रष्टाले पात्रमा निश्चित नैतिक र अभिवृत्ति प्रकट गराउने हुँदा उनीहरूका संसार भित्रै हुन्छ, जुन संवाद र क्रियाद्वारा व्यक्त हुन्छ (बराल र एटम, २०६६:२७) ।

उपन्यासको कथावस्तुलाई चरित्रले आवश्यक गति, उपयुक्त मार्ग निर्देशन जीवन र जीवनता प्रदान गर्दछ । उपन्यासमा रचनाकारले पात्रलाई स्वतन्त्र सक्रिय र सजीव रूपमा प्रस्तुत गर्ने भएकोले चरित्र चित्रण गर्दा पात्रको आन्तरिक र बाह्य दुवै पक्षको सुरुमा अध्ययन र विश्लेषण गर्ने गरेको पाइन्छ । सामाजिक वैयक्ति र मानवीय आधारमा उनीहरूका एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र चित्रणको लक्ष्य हो । पात्र चरित्रको ज्ञानलाई चित्रको संज्ञा दिन सकिन्छ । जसका आधारमा उपन्यासमा उनीहरूका जातीय, सामाजिक, आर्थिक, विशेषताहरू, मानवीय व्यवहार, सत्य-तथ्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचित्यहरू उद्घाटित हुन्छन् (प्रधान, २०६१:८) ।

सामाजिक परिवेश अनुरूप वर्तमान मानव चरित्र र मानव समाजलाई बुझ्ने प्रमुख तत्त्वका रूपमा चरित्र चित्रणलाई लिने गरिन्छ । मानव जीवनको व्यापक र सूक्ष्मता उतार्ने तत्त्व नै चरित्र हो । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाली र सभ्यता परिस्थिति अनुरूप चत्रिरकै माध्यमबाट प्रकट हुने गर्दछ (सुवेदी, २०६४:२३) ।

कथानकलाई महत्त्वपूर्ण गति एवम् जिम्मेवारी पात्रको रूपमा प्रस्तुत गरी उपन्यासलाई सजीव बनाउने प्रयत्न गरिन्छ । त्यस्तै पात्रउपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ । उपन्यासमा पात्रउपर नै स्रष्टा सबैको चर्चा एवम् परिचर्चा निर्भर गर्दछ । नेपाली उपन्यासमा प्रयोग गरिने चरित्रहरू निम्न रूपमा छन् ।

- o यथार्थ र आदर्श
- o अन्तर्मुखी र बहुर्मुखी
- o गतिशील र गतिहीन
- o सार्वभौम र आञ्चलिक
- o गोला र च्याप्टा

चरित्र चित्रणका विभिन्न आधार मध्ये कार्यगत भूमिकाको आधारमा प्रमुख, सहायक र गौण प्रवृत्तिका आधारमा, प्रतिकूल र अनुकूल, लिङ्गका आधारमा पुलिङ्गी र स्त्रीलिङ्गी स्वभावका आधारमा, गतिशील र गतिहीन, जीवन चेतनाका आधारमा, वर्गीय र व्यक्तिगत आसन्नताका आधारमा, मञ्चीय र नेपथ्य आवद्धताका आधारमा बद्ध र मुक्त गरी उपन्यासका पात्रहरूको चरित्रको भूमिकाको बारेमा उल्लेख गर्न सकिन्छ (बराल र एटम, २०६६:२७-३०) ।

उपन्यासको यथार्थता पाठकले पढ्दा पात्रको चरित्र कार्यव्यवहार र उनको व्यवहारद्वारा आफ्नो युग र समाजको प्रतिविम्ब पाउने भएकाले चरित्र कमजोर हुँदा उपन्यास पनि कमजोर हुने हुँदा उपन्यासकारले आफ्नो रचित यथार्थ सामाजिक परिवेशलाई परिमार्जित र सहजकता पनि अपनाउनु पर्दछ ।

### ३.३.३ सारवस्तु/विचार तत्त्व

उपन्यासमा समावेश गरिएको यथार्थपरक समाविष्ट केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । कुनै पनि उपन्यासकारले मूल विचारलाई नाटकीकरण गरेर साधारणकृत अवस्थामा पुऱ्याईएको हुन्छ र त्यसैको बोध पाठकले गर्दछ । उपन्यासको उद्भव, उद्देश्य वा परिणति पनि सारवस्तु हो । त्यसैले नै लेखकले जीवन दर्शनको भार वहन गरेको हुन्छ (बराल र एटम, २०६६:३८) । उपन्यासमा उद्देश्यको परिपूर्तिको निमित्त रचनामा विचारको श्रृङ्खला प्रवाहित गरिएको हुन्छ । यही विचार यात्राका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई उपन्यासको प्राप्ति भनिन्छ ( सुवेदी, २०६४:३७) ।

कुनै पनि उपन्यासको रचनाको प्रयोजनबाट चाहे त्यो प्रत्यक्ष आरोपित भएको होस् वा परोक्ष रूपमा अन्तर्निहता होस् जुन सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन भई तिनीहरूको जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिएको हुन्छ (प्रधान, २०६१:११) ।

नेपाली उपन्यासको सारवस्तुमा पात्रहरूले पौडिने र खेल्ने स्वतन्त्रता पाउने हुँदा कलात्मक सौन्दर्ययुक्त सारवस्तुको अग्रहीकरण नभएर नाटकीकरण भएको हुनुपर्छ । वास्तवमा सारवस्तु उपन्यासको अर्थ भएको हुँदा त्यसको प्रतिकात्मक रूपलाई पनि खोतल्नु पर्ने हुन्छ अन्यथा उपन्यासको सतह छाडेर गहिराईमा पस्न निकै कठिन हुन्छ (बराल र एटम, २०६६:३९) ।

निष्कर्षमा उपन्यासमा समष्टि दिशानिर्देश नै विचार पक्ष हो र यसको अपुग वा अभावमा उपन्यासको सिर्जना नै अर्थहीन हुन्छ । लेखकले उपन्यासमा दिन खोजेको भाव, विचार दर्शन नै विचार तत्त्व हो । त्यसैले उपन्यासको अनिवार्य तत्त्वका रूपमा सारवस्तु वा विचार तत्त्वलाई प्रयोग गरी उपन्यासलाई पूर्णता दिइन्छ ।

### ३.३.४ परिवेश

उपन्यासको प्रयोगमा परिवेशलाई पर्यावरण, वातावरण, देशकाल, परिस्थिति वा परिवृत्त लगायतका शब्दले अर्थ स्पष्ट गर्न सकिन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो । पर्यावरणले पाठकलाई बाँध्ने काम गर्दछ । पर्यावरणअन्तर्गत देशकाल र वातावरण पर्दछन् (बराल र एटम, २०६६:३३) ।

कुनै पनि काम हुनका लागि उपयुक्त मानिएको स्थल वा ठाउँ उपन्यासका कार्यपीठिका उपन्यासको परिवेश हो । उपन्यासलाई तीव्र र प्रभावकारी एवम् प्रभावशाली बनाउन यसको भूमिका हुन्छ (सुवेदी, २०६६:२५) । कुनै पनि उपन्यासले पात्रहरूको कार्यकलापमा हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको परिवेशअन्तर्गत रहेर आफ्नो संसार सृष्टि गर्दछ । उपन्यासअन्तर्गत देशको सामाजिक, धार्मिक र राजनीतक परिस्थितिलाई सम्झाउँछ र आचारविचार, चालचलनहरूलाई बुझाउँदछ । सामाजिक परिवेशअनुरूप समाजका असल, खराब, व्यवहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्दछ (प्रधान, २०६१:१०) ।

नीच र प्रभावकारी ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न सार्थक वातावरण, परिवेश तथा परिस्थितले आवश्यक पृष्ठभूमि निर्माण गर्दछ (पौड्याल, २०५९:१९३) । परिवेशमा आउने क्रियाशीलताले पात्रको मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउन पनि प्रमुख भूमिका खेलेको हुन्छ । जसअनुरूप पाठकलाई बाँध्ने काम गर्दछ । परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकको लागि सिर्जना गरी दिने मुख्य आधार हो ।

परिवेश कथानकसँग जन्मिन्छ र अत्यन्तै महत्त्वपूर्ण स्थान हुन्छ। कुनै पनि कार्य शून्यमा सम्पन्न हुँदैन तसर्थ जस्तो उपन्यास छ त्यस्तै परिवेश सिर्जना गरिएको हुन्छ। जस्तै : सामाजिक परिवेश अनुरूप उपन्यास भए सामाजिक र काल्पनिक भए काल्पनिक परिवेश अनुरूप उपन्यास सिर्जना गरिएको हुन्छ। परिवेश अनुरूप भन्न सकिन्छ की औपन्यासिक घटना खास स्थान विशेषतामा घटित हुन्छ।

### ३.३.५ दृष्टिविन्दु

नेपाली उपन्यासमा कथायिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको रोजारीको ठाउँ नै दृष्टिविन्दु हो। दृष्टिविन्दुबाट कथायिताले कसरी घटना एवम् चरित्रको वर्णन तथा उपस्थान प्रदान गर्छ भन्ने वास्तविक कुराको निर्धारण हुन्छ। यसमा कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँदछ (बराल र एटम, २०६६:३५। लेखकले आफूले अनुभव गरेका, भोगेका सत्य तथ्यलाई समेटेका भक्तमान काटेका वस्तु स्थितिको भोक्त हो पात्र। पात्रले भोग्ने जीवन भोगाईमा लेखक स्वयम् प्रवर्तित भएको हुन्छ (सुवेदी, २०६४:२७)। यसरी परिवर्तित हुँदा लेखक दुई विन्दुमा वितरित हुन्छ। यसकारण दृष्टिविन्दुलाई मुख्यतयाः दुई प्रकारबाट हेर्न सकिन्छ। जो निम्नअनुसार छन् :

(क) आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दुबाट

(ख) बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुबाट

कुनै पनि उपन्यासकारले घटि घटना र पात्रको वर्णन गर्दा आफूलाई 'म' रूपमा उपस्थित गराउँदछ जसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु भनिन्छ। उपन्यासको पात्र आफैँ गएर वाचन गर्दा कथायिताको कतिपय कुरा आफ्नो-आफ्नो अनुभवमा आधारित भएर भन्ने गर्छ। पात्रको कार्यका आधारमा यसलाई केन्द्रीय र परिधीय भनी छुट्याउन सकिन्छ। केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुमा कथायिता नै उपन्यासको प्रमुख पात्र हुन्छ। उसले आफ्ना कुराहरू निजी तवरले प्रस्तुत गरिरहेको हुन्छ। परिधीय दृष्टिविन्दुमा उपन्यासको कथायिता त्यसको पात्र त हुन्छ र केन्द्रीय घटना र चरित्रहरूभन्दा अलिकति टाढा बसेर वृत्तान्तलाई प्रस्तुत गरेको हुन्छ (बराल र एटमा, २०६६:३७)।

### (ख) बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुबाट

उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दु भएको कथायिता सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरुको बारेमा टिप्पणी गर्दछ । पात्रबाट कथा प्रस्तुत गर्ने पद्धति तृतीय पुरुष हो । उपन्यासमा कथायिताको अधिकारका आधारमा यसलाई सर्वज्ञा र सीमित गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । सर्वज्ञ दृष्टिविन्दुमा कथायिताले प्रायः सबै पात्रका भावनाहरू प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको मनभित्रको सूक्ष्म र अमूर्त विचारदिलाई यथावत प्रस्तुत गरिने काम नै सर्वज्ञ वा बाह्य दृष्टिविन्दु हो । त्यसैगरी कथायिताले आफूलाई उपन्यासकै कुनै पात्रमा समाहित गर्दै वर्णन गर्दछ (बराल र एटम, २०६६:३६) । तसर्थ कथायिताले केवल एउटै मात्र पात्रको मन मस्तिष्कभित्रको संसारमा विचारण गर्दछ । आफूलाई सर्वज्ञ र सर्वदर्शी देखाउँदछ भने त्यसलाई सीमित दृष्टिविन्दु भनिन्छ । जसले गर्दा उपन्यासको रौनक वा यथार्थता प्रस्तुत हुन्छ ।

### ३.३.६ भाषा

समाजमा रहेका सामाजिक व्यक्तिहरू बीच भाषिक सञ्चय गर्न प्रयोग गरिने यादृच्छिक वाकप्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । साहित्य भाषाको माध्यमबाट अभिव्यक्ति र प्रेरित हुने कला हो (बन्धु, २०५०:१) । उपन्यासमा भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्ति र प्रभावशाली बन्छ । यथार्थवरण गर्ने साहित्यिक विधा भएकोले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य गरी दुवै भाषाको प्रयोग समयको आवश्यकताको अनुरूप हुने गर्दछ । भाषाको प्रयोग उपन्यासमा मुख्य गरी दुई किसिमबाट भएको हुन्छ । पहिलो भाषा उपन्यासकार आफैँले भाषिक प्रयोग गरेको हुन्छ, जुन भाषा अपेक्षाकृत नियम बद्ध र लेखकीय स्तर अनुरूप प्रयोग हुन्छ । दोस्रो भाषा उपन्यासका पात्रहरू बीचको संवाद प्रयोग गरिन्छ जुन संवाद पात्रहरू बीचको स्तर र परिवेश अनुकूल हुनुपर्ने भएकाले यसमा प्रशस्त विविधता पाइन्छ ( बराल र एटम, २०६६:४०) ।

उपन्यासमा सामान्यतयाः कथा, समय र पात्रहरू बीचमा समय र परिस्थिति अनुकूल भाषाको प्रयोग गरिन्छ । मानवीय जीवनको सानिध्य बुझाउन र प्रवाह गर्न स्थानीय स्तरीयता, लोकोक्तिहरूको प्रयोग गरिन्छ (प्रधान, २०६१:९) । उपन्यास साहित्यका भाषामा सामान्य नीति नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माणको निर्धारण गरिन्छ । कथ्य र तथ्य शैली पनि भाषाकै रूप भएकाले यथार्थता भाषाको चर्चाभित्र शैलीलाई राखिन्छ । भाषालाई साहित्यकारले

भाषिक तत्त्व आ-आफ्नै तर तरिकाले मिलाउन प्रयोग गर्दछन् । यही भाषिक प्रस्तुति प्रयोग गराईलाई रूप शैली भनिन्छ । उपन्यासको सिर्जना कथावस्तुको स्थिति अनुरूप शैली प्रयोग गरिन्छ ।

सिर्जनात्मक उपन्यासको अलग-अलग व्यक्तित्वको चयन भए जस्तै उपन्यासका भाषा शैली पनि फरक-फरक हुन्छन् । जस्तै : वर्णनात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, आलोचनात्मक चेतना प्रवाह र यथार्थ प्रवाह शैली इत्यादि । शैलीको स्तरमा विभिन्नता र फरक परिवेश अनुरूप देखिए तापनि यसको काम, कथ्य, तथ्य वस्तुको आकर्षक रोचकतापूर्ण सजीव प्रस्तुतीकरण नै उपन्यासकारद्वारा रचित भावलोकको मानवीय विचित्रता वा विशिष्टताहरूसँग गहिरो घनिष्ट सम्बन्ध स्थापित गरेर सहज रूपमा परिचित हुन सक्दछ ।

समग्रमा भन्नुपर्दा उपन्यासमा भाषा र शैली एक अर्काका परिपूरक संरचना हुन् । कुनै पनि कथानकलाई मूर्तता दिने काम भाषाले गर्दछ । उपन्यासलाई मूर्तता दिँदा कुन किसिमको ढाँचा वा रूप अपनाउने भन्ने प्रश्न समय र परिस्थिति अनुरूप शैलीसँग जोडिएको हुन्छ ।

### ३.३.७ प्रतीक र विम्ब

कुनै पनि उपन्यासमा मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख र विश्लेषण गरिन्छ । यसरी प्रयोगिक गरिने मुख्य वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा माथिको अर्थ बुझाउँछ भने त्यस्तो मुख्य वस्तु वा घटनालाई प्रतीक भनिन्छ । प्रतीकले एकारित अमूर्त र अव्यक्त भावलाई निम्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्दछ (बराल, एटम, २०६६:४०) । प्रतीकको प्रयोगले उपन्यासमा अर्थको विराट् भण्डारलाई पाठकको अघि राख्दछ र यस्तो प्रयोगमा असावधानी भयो भने त्यसले उपन्यासलाई क्लिष्ट र अप्रभावकारी बनाउने सम्भावना पनि रहन्छ । तसर्थ आधुनिक उपन्यासमा लेखकहरूले प्रतीक शब्दको प्रयोगमा रूचि बढाएर उपन्यास विधालाई आकर्षक रूपमा सहज र सरलीकृत रूपमा प्रस्तुत गरेको पाइन्छ ।

मानव मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छायाँ नै विम्ब हो । उपन्यास विधामा यस्तो छायाँ बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट स्रोता वा पाठकका मस्तिष्कमा कुनै सिथति, स्थान, घटना वा पात्रको यथार्थ सन्देश छायाँ पारी दिने कार्यलाई विम्ब विधान भनिनछ । उपन्यासमा विम्बले उपन्यासकारको यथार्थ झैं लाग्ने गरी चाहेको पात्र उभ्याई दिएको हुन्छ ।

उपन्यासमा विशेष गरी परिवेशको वर्णनमा विम्बको चमत्कृति देखिन्छ । जसले गर्दा पाठकको आँखा अगाडि वर्णित दृश्य नाटकको रूपमा झैं नाच्न थाल्छ । उपन्यासमा विम्बको भाषा अभिव्यञ्जनात्मक हुने हुँदा यसले पाठक वर्गलाई कलात्मक र मनोरञ्जनात्मक आनन्द दिन्छ । विम्बको सिर्जना, वर्णन, चित्रण र कतै आवृत्तिद्वारा हुन्छ (ऐजन, ४२) ।

## ३.४ राजेन्द्र पराजुलीको औपन्यासिक प्रवृत्ति

उपन्यासकार राजेन्द्र पराजुली साहित्यका विविध विधामा कलम चलाए तापनि उनको रुचिको क्षेत्र आख्यान विधा नै हो । आख्यान विधामा विशेष दख्खलराख्ने पराजुलीको औपन्यासिक प्रवृत्तिलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ ।

### ३.४.१ सामाजिक यथार्थवादी प्रस्तुति

राजेन्द्र पराजुलीको उपन्यासमा यथार्थवादी प्रवृत्तिलाई सरलीकृत रूपमा प्रस्तुती गरिएको पाइन्छ । साहित्य भनेको समाजको प्रति विम्ब हो भन्ने पराजुलीले समाजमा भएका र हुन सक्ने घटनालाई मुख्य विषयवस्तु बनाएर साहित्य सिर्जना गर्न सक्षम छन् । आफ्नो जीवनमा आफूले अनुभव गरेका देखेका र सुनेका यथार्थपरक घटनाहरूलाई जीवन्त रूपमा चित्रण गरी पूर्णता दिनु पराजुलीको औपन्यासिक विशेषता हो । नेपाली परिवेशमा नेपाली समाज अनुसार उपन्यासमा विशेष गरी द्वन्द्वको समयमा भोग्नु परेको पिडा र समस्यालाई जस्ताको तस्तै प्रस्तुत गर्दछन् । पराजुलीको एक मात्र औपन्यासिक कृति ‘अनायिका’ सामाजिक घटनामा आधारित यस यथार्थपरक उपन्यासमा प्रयोग भउका पात्र परिवेश घटना सबै हामीले देखेका, सुनेका र अनुभव गरी प्रयोग गरेका यथार्थता पाइन्छ । यथार्थवादी धाराका पराजुलीले अनायिका उपन्यासमा दश वर्षे जनयुद्ध र शान्ति सम्झौता पछिको एकवर्ष गरी एघार वर्षको समयमा नेपाल र नेपालीले भोग्नु परेका पिडा एवम् वेदनालाई मार्मिक र जीवन्त ढङ्गले प्रस्तुत गरेको पाइन्छ । अनायिकाका अधिकांश पात्र मेरो नजिकको मान्छे हुन् । मैले देखेको भोगेको र विश्वासनिय ढङ्गमा सुनेका घटनालाई उनेको छु । माला, सुराज, प्रभावती, आशा, अनुरूप, प्रकाशन शिवकुमार सबै मेरो वरिपरिका पात्र हुन् पराजुली २०६७ भूमिका । यस भनाइबाट पनि प्रष्ट पार्न सकिन्छ कि राजेन्द्र पराजली सामाजिक एवं यथार्थवादी उपन्यासकार हुन् भन्ने पस्ट हुन्छ । शहरमा अत्याधुनिक युवा पुस्ताले भोगेको चरम निराशाहरू, पारिवारिक विघटन, तनाव, त्रास यस उपन्यासमा पाउन सकिन्छ । शहरी र गाउँले मानिसहरूको जीवन शैली सोचाई सत्यता एवं तथ्यता आदिमा देखिएका भिन्नताहरूको समेत यथार्थ प्रस्तुती

रहेको छ । समाजका समसामयिक जटिलताहरूलाई आफ्नो उपन्यासमा स्पष्ट र सरलताका रूपमा प्रस्तुत गरेको हुनाले पराजुली एक कुशल र असल यथार्थवादी उपन्यासकारका रूपमा अध्ययन गर्न सकिन्छ ।

### ३.४.२ मानवतावादी र जीवनवादी चेतना

यथार्थवादी उपन्यासकार राजेन्द्र पराजुलीको अर्को एक महत्त्वपूर्ण औपन्यासिक प्रवृत्ति मानवतावादी र जीवनतावादी चेतना हो । मानव अस्तित्त्वको वकालत गर्ने चरित्र र विचारलाई आफ्नो आख्यान कृतिमा प्रस्तुत गराउनु पराजुलीको औपन्यासिक विशेषता हो । मानव जीवनको मूल्य र महत्त्वलाई स्वीकार्दै समानता स्वतन्त्रता र सहअस्तित्त्वका आधारमा मानवको कल्याण चाहनु र जस्तो सुकै परिस्थितिमा पनि बाँच्न पाउनु नै मानवतावादी र जीवनवादी चेतना हो । पराजुलीको एकमात्र सामाजिक यथार्थवादी औपन्यासिक कृति 'अनायिका'मा मानवतावादी र जीवनवादी स्वर यथार्थ रूपमा आएको छ । मानव अधिकारको पहिलो र अन्तिम शर्त नै जीवनको बाँच्न पाउने अधिकार हो । कुनै पनि मानिसको बाँच्न पाउने अधिकार हनन् गर्नु हुँदैन भन्ने मानवतावादी स्वर अनायिका उपन्यासमा प्रस्ट पारिएको छ । पराजुलीले अनायिका उपन्यासमा मानवतावादीहरू मान्छेले मान्छे भएर बाँच्न पाउनु पर्छ भन्ने यथार्थ ारणा अगाडि सार्दछन् । मान्छेको जीवनमा कुनै बाधा उत्पन्न नगराई गरिने कार्य नै सत्कार्य हो भन्ने धारणा मानवतावादीहरूको हुन्छ । पराजुलीले आफ्नो पहिलो औपन्यासिक कृति अनायिका उपन्यासमा द्वन्द्वको बेला दोहोरो भिडन्तमा घाइते भएको राज्य पक्षको सेनालाई छापामार युवती मालाल पानी खान दिएको र लुकी छिपी फोटो खिचेर सङग्रह गरेको देखाएर मानवतावादी जुनसुकै कार्य नै सहकार्य हो भन्ने प्रस्तुत गरिदिएका छन् । यसरी 'बाँच र बाँच्न देऊ' भन्ने मानवतावादी सोच विचारबाट प्रभावित पराजुली मानवताको पक्षमा उभिएर यथार्थपरक उपन्यास लेख्ने भएकाले मानवतावादीता र जीवनतावादीता पराजुलीको औपन्यासिक केन्द्रीय प्रवृत्ति हो । पराजुलीको साहित्यिक सिर्जनामा देशभक्त जनतानसको उचित व्यापक हक अधिकारलाई सुरक्षित र शूक्ष्म रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ३.४.३ मनोविश्लेषण

उपन्यासकार राजेन्द्र पराजुलीको अर्को महत्त्वपूर्ण औपन्यासिक प्रवृत्ति मनोविश्लेषण हो । व्यक्ति-व्यक्तिका नीजि तथा वैयक्तिक विविध समस्याहरूको अन्तर्हमा पुगेर लेखिएका यथार्थपरक

उपन्यास नै मनोवैज्ञानिक एवम् मनोविश्लेषणात्मक उपन्यास हो । पराजुली मनोवैज्ञानिक एवं मनोविश्लेषणात्मक उपन्यासकार भएकाले व्यक्तिको इच्छा, चाहाना कुण्ठा एवं आकांक्षा आदिको विश्लेषण उपन्यासमा गर्दछन् । पराजुलीका बाह्य यथार्थका साथ साथै आन्तरिक मनलाई खोजतलास गर्ने मनोविश्लेषणात्मक प्रवृत्ति पाइन्छ । व्यक्तिका नीजि समस्या, सामाजिक समस्याको निरिक्षण अवलोकन र व्याख्या मात्र नभई मानवीय मनोभूमिको यथार्थ उद्घाट गर्न पराजुली सफल छन् । पराजुलीको अनायिका उपन्यासका पात्रहरू शिवकुमार, राज, सुमाला, अनुय र उसकी श्रीमती प्रभावती र शोभाको आन्तरिक मनका बारेमा चिरफार गरेका छन् । यी पात्रहरूको मनोजगत्मा रहेको आन्तरिक वा बाह्य वासना, दमित इच्छा, स्वपीडन, परपीडन रतिराग आदिको गहिराईमा पुगेर विश्लेषण गरेका छन् । पात्रहरूका जीवनका हरमोड घुम्ती स्थान स्थलमा विपरित लिङ्गी यौनाकर्षणको अन्तचाप देखाउनु पराजुलीको यथार्थपरक औपन्यासिक विशेषता हो । साथै उपन्यासको माध्यमबाट जनमाननसमा भएको वास्तविक घटनालाई व्यवहारमा जागृति गराउनु मुख्य आशय रहेको छ । पात्र वा व्यक्तिको मनको भावनालाई बुझेर यथार्थता प्रस्तुत गर्नु नै मनोविश्लेषणात्मक प्रवृत्ति हो ।

### ३.४.४ व्यङ्ग्यात्मकता

राजेन्द्र पराजेन्द्र पराजुलीको अर्को औपन्यासिक विशेषता व्यङ्ग्यात्मकता हो । पराजुली समाजमा व्याप्त राजनीतिक, आर्थिक, सामाजिक विकृति विसङ्गतिप्रति असन्तुष्टि जनाउँदै साहित्य सिर्जना गर्न सर्जक भएकाले उनको औपन्यासिक रचनामा यिनै सामाजिक विकृति विसङ्गतिको विरोध गर्दछन् तर कतै सामाजिक दुराचार, शोषण, दमन, अन्याय, अत्याचार, हिंसा, बलत्कार, अपहरण आदिको विरुद्धमा प्रहार गर्दछन् भने कतै सामाजिक कुसंस्कार, अन्धविश्वासप्रति व्यङ्ग्यावाण प्रहार गर्दछन् भनेकतै सामाजिक दुराचार, शोषण, दमन, अन्याय, अत्याचार, हिंसा, बलत्कार, अपहरण आदिको विरुद्धमा प्रहार गर्दछन् । पराजुलीको औपन्यासिक कृति अनायिकामा पनि नेपाली कला साहित्यका क्षेत्रमा देखिएका विकृति विसङ्गति प्रति तिखो व्यङ्ग्या प्रहार गरिएको पाइन्छ । त्यसैगरी नेपाली भएर नेपालको माया नभएका केही वर्ष विदेशमा बसेर नेपालमा भएका मानिसहरू एवं म पात्रकार एवं साहित्यकार हुँ भन्नेहरूमा भएको दक्ष मनोवृत्तिप्रति तिखो व्यङ्ग्या प्रहार गरेका छन् ।

पराजुलीको साहित्यिक लेखन सामाजिक विषयवस्तुमा उपन्यास लेख्ने उपन्यासकार भएकाले व्यङ्ग्य विद्रोह उनको मुख्य विशेषता बन्न पुगेको छ । व्यङ्ग्यात्मकता, हास्‍ माध्यमबाट पराजुलीको औपन्यासिक महत्त्वपूर्ण प्रवृत्तिको रूपमा यथार्थता पाउन सकिन्छ ।

### ३.४.५ कारुणिकता

राजेन्द्र पराजुलीको कारुणिकता अर्को औपन्यासिक उल्लेखनीय प्रवृत्ति हो । पराजुलीको मानवीय जीवनका दुःख, पीडा, अभाव र समस्याहरूमा केन्द्रित रहेर उपन्यास लेख्ने हुनाले कारुणिकतालाई मौलिक विशेषताको रूपमा रहेको छ । मानिस एउटा चेतनशील प्राणी भएकाले मानवीय जीवनमा हाँसो खुसी भन्ने कुरा क्षणिक हो र विडोद दुःख, पीडा जस्ता कुरा यथार्थ हुन् भन्ने कुरा मानव मनको गहिराइमा पुगेर सामाजिक जीवनका व्याख्या र वेदनालाई कारुणिक रूपमा प्रस्तुत गर्नु पराजुलीको औपन्यासिक प्रवृत्तिको रूपमा लिन सकिन्छ । 'अनायिका' उपन्यासमा विशेषगरी द्वन्द्वबाट प्रभावित मानिसहरूले भोग्नु परेको दुःख पीडा, द्वन्द्वबाट सिर्जना भएका हत्या, हिंसा, अपहरण, बलात्कार जस्ता अमानवीय क्रियाकलापले केवल दुःख दिने कुरा पराजुलीले व्यक्त गर्दछन् । दस वर्से जनयुद्ध र शान्ति सम्झौताको एक वर्ष गरी मुलुकमा एघार वर्से द्वन्द्वका मारमा परेका पीडित वर्गका मानिसहरूका कारुणिक सम्वेदना पाठक सामु राखेर सबैलाई सहभागी गराउने यथार्थ प्रवृत्ति पराजुलीमा रहेको पाइन्छ । पराजुलीका उपन्यासका पात्रहरू आफूमात्र कारुणिक नभई आफ्ना करुणा पाठक वर्गलाई बाँढेर उनीहरूलाई पनि करुणामा डुबाउँछन् । उपन्यासकार पराजुलीको 'अनायिका' उपन्यास यसको यथार्थ एवं ज्वालन्त उदाहरणको रूपमा पाउन सकिन्छ । समग्र रूपमा भन्नु पर्दा यथार्थ वस्तु घटना भित्रका करुणा पक्षलाई सशक्त रूपमा प्रस्तुत गरी सामाजिक घटनाक्रमलाई उजागर एवम् प्रस्ट पार्नु राजेन्द्र पराजुलीको औपन्यासिक प्रवृत्ति हो ।

## ३.५ निष्कर्ष

नेपाली भाषाको उदय नेपाल एकीकरणको अभियान सँग सँगै भएको हो र यसै समयदेखि नेपाली भाषाको पनि लामा र बृहत् रूपमा आख्यान लिपिबद्धहरू हुन थालेको पाइन्छ । नेपाली उपन्यासको प्रारम्भ केन्द्रविन्दु संस्कृतबाट नेपाली भाषामा अनुदित शक्ति बल्लभ अर्यालको 'महाभारत विराट पर्व' लाई मानिन्छ । नेपाली उपन्यासको इतिहासलाई काल विभाजन गरी हेर्दा विद्वान्हरूको एकमत हुन नसके पनि वि.सं.१८२७ को 'महाभार विराट पर्व' लाई प्रथम आरम्भ

केन्द्रविन्दुको रूपमा मान्न भने सबै तयार भएको देखिन्छ जुन अहिलेसम्म पनि ऐतिहासिक रूपमा पाउन सकिन्छ ।

विभिन्न विद्वान्हरूले आफ्नो तर्फ एवम् मन्तव्यलाई नेपाली उपन्यासको विकास क्रमलाई विभाजन गरेर तीन चरणमा राख्न सहमत भएको पाइन्छ । जसमध्ये प्राथमिक काल (वि.सं.१८२७-१९४५), माध्यमिक काल (वि.सं.१९४६-१९९०) र आधुनिक काल (वि.सं.१९९१ देखि हालसम्म) रहेको देखिन्छ । यसै काल खण्डको आधारमा नेपाली साहित्यमा उपन्यास विधाको कृतिलाई बृहत् एवम् विस्तृत तवरले व्याख्या वा अध्ययन गरिएको पाइन्छ ।

नेपाली साहित्यमा उपन्यास विधालाई तीन चरणका अध्ययनमा प्रथम एवम् प्राथमिक कालमा धर्म, नीति, साहस, कौतुहलता, आश्चर्य जस्ता प्रवृत्तिलाई अङ्गाली 'हास्यकदम्ब', 'मुद्राराक्षस' जस्ता कृतिहरू देखा परेको पाइन्छ । दोस्रो एवम् माध्यमिक कालमा तिलस्मी, रोमाञ्चक, जासुसी, धर्म र औदेखिक उपन्यासको बाहुल्यता रहेको पाइन्छ । माध्यमिक कालमा 'वी सिक्का', 'शुक्रवहत्तरी' जस्ता उपन्यास नेपाली साहित्यमा चर्चामा आई रहे । साहित्यिक पत्रिकाको समेत महत्त्वपूर्ण रहेको माध्यमिक कालमा हिन्दी, उर्दु, बङ्गाली र फारसी साहित्यको प्रभाव पाईए तापनि अधिकांश संस्कृतबाट अनुवाद एवम् स्व-अध्ययनबाट भएको पाइन्छ ।

तेस्रो एवम् आधुनिक कालमा 'रूपमति' (वि.सं.१९९१) उपन्यासबाट आरम्भ भएको यस कालमा प्राथमिक कालीन र माध्यमिक कालीन जासुसी, तिलस्मी, नीतिमूलक र मनोरञ्जनपूर्णभन्दा भिन्न विषयवस्तु र घटनाक्रममा आधारित सामाजिक र मौलिक ढाँचाका उपन्यास प्रकाशित भएको देखिन्छ । आधुनिक कालमा मुख्य गरेर आदर्शोन्मुखी यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोविश्लेषणवादी, ऐतिासिक यथार्थवादी विसङ्गति अस्तित्त्ववादी, प्रयोगवादी, प्रगतिवादी आदि जस्ता साहित्यिक पहिचानवादी प्रगतिशील धाराहरूको विकास भएको पाइन्छ ।

विशेषतः नेपाली उपन्यासको विधातात्त्विक अध्ययन समय सापेक्ष परिवेश अनुरूप वि.सं.१८२७ देखि आरम्भ भएको नेपाली उपन्यासको विकास क्रमले विभिन्न समयकाल अनुरूप विभिन्न मोड, घुम्ती, आरोह, अवरोहहरूलाई पार गर्दै आफ्नो साहित्यिक कृति वा विधालाई हालसम्म अगाडि बढिरहेको पाइन्छ ।

नेपाली साहित्यमा राजेन्द्र पराजुलीका कथा, कविता, उपन्यास र समालोचना आदि विविध विधामा कलम चलाएका छन् । वि.सं.२०३९ सालमा 'खण्डहर घर' कविता र 'श्रद्धाञ्जली' कथाको प्रकाशनसँगै औपचारिक रूपमा नेपाली साहित्यमा पर्दापण गारेका पराजुलीको साहित्यिक यात्रा हालसम्म पनि निरन्तर थगिरहेका छ । साहित्यिक विविध विधामा कलम चलाएर पनि सबै विधामा उत्तिकै सफलता हात पार्न सक्षम पराजुलीका कृतिपरक रचनाहरूमा सामाजिक यथार्थता, मनोविज्ञान, दु:खान्तता, कारूणिकता व्यङ्ग्यतात्मकता, मानवता, प्रायोगिकता तथा नवीनता, सङ्क्षिप्तता, युगीन सचेतना, सुन्दरताभित्रको कुरूपताको उद्घाटन, भाषाशैलीगत सरलता, सहजता, वोधगम्यता जस्ता प्रवृत्तिहरू भेट्न सकिन्छ । यी सबै प्रवृत्तिहरू मध्ये पनि सर्वाधिक प्रबल प्रवृत्ति भने यथार्थवादीता र सरलीकृतता रूपमा प्रस्तुतीकरण गरी अध्ययन गरिएको पाइन्छ ।

अध्याय : चार

# 'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन

## ४.१ 'अनायिका' उपन्यासको विश्लेषण

राजेन्द्र पराजुली नेपाली उपन्यास एवं साहित्यकासका एक प्रबल व्यक्तित्व हुन् । पराजुलीले नेपाली साहित्य जगत्मा आफ्नो औपन्यासिक तत्त्वहरूलाई कृतिपरक रूपमा प्रस्तुत गरेका छन् । नेपाली साहित्यमा कथा, कविता र उपन्यास जस्ता विविध विधामा कलम चलाएर नेपाली साहित्य एवं उपन्यास भण्डारको वृद्धि गर्ने कार्य गरेका छन् । यस अघिका दुई अध्यायमा क्रमशः पराजुलीको जीवनवृत्त, साहित्य प्रवृत्ति र औपन्यासिक रचना धर्मितताको बारेमा समालोचनात्मक अध्ययन गरिएको छ भने यस अध्यायमा पराजुलीको औपन्यासिक तत्त्व 'अनायिका' उपन्यासको विश्लेषणको अध्ययन गरिएको छ । कुनै पनि रचना वा कृतिको विश्लेषण विधागत सिद्धान्तवाद, तत्त्व, प्रवृत्ति, प्रयोग, भाषाशैली आदि विविध दृष्टिकोणबाट वर्णन गर्न सकिन्छ । यस अध्यायमा पराजुलीको औपन्यासिक कृति अनायिकाको अध्ययन तथा विश्लेषण साहित्यिक विधागत प्रवृत्तिको आधारमा गरिएको छ ।

प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, खिस्सा, टिप्पणीमूलक समाचारले जे अर्थ लागे पनि आधुनिक साहित्यमा उपन्यासको छुट्टै अर्थ एउटा नयाँ विधाको रूपमा रहेको छ । मानव जीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ त्यतिसम्मको अन्वेषण गराउने रचना वा विधालाई उपन्यास भनिन्छ । विगत वा पूर्वाधर तारतम्यता सु-सम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचना वा विधा उपन्यास हो । उपन्यासको औपन्यासिक यात्रामा पुस्तै पुस्ताका जीवनको व्याख्या र यथार्थताको वर्णन समेत भएको हुन सक्छ । एउटा मानवको समिष्टि जीवन प्रस्तुत गर्न जतिवटा घटना विषयवस्तु पक्षहरू प्रस्तुत गरी दिने प्रसङ्गहरू समावेश हुन सक्छन् ती सबै पक्षहरूलाई उपन्यासका सीमाभित्र समाहित गरिन्छ ।

नेपाली साहित्यमा उपन्यास विधालाई कथानक पात्र, चरित्र, सारवस्तु, दृष्टिविन्दु, परिवेश, भाषा जस्ता मुख्य तत्त्व र गति, लय, प्रतीक र विम्ब जस्ता सहायक तत्त्वका रूपमा अनुसन्धान एवम् अध्ययन गरिन्छ । यिनै तत्त्वका आधारमा राजेन्द्र पराजुलीको 'अनायिका' उपन्यासलाई यहाँ सरलीकृत सहज र यथार्थ शुद्ध सामाजिक परिवेशलाई अध्ययन तथा विश्लेषण साहित्यिक विधागत प्रवृत्तिको आधारमा गरिएको छ ।

### ४.१.१ कथानक

साहित्यप्रेमी राजेन्द्र पराजुली नेपाली साहित्य जगत्मा कथा, कविता र उपन्यास जस्ता विविध विधामा कलम चलाएर साहित्यका क्षेत्रमा साधनारता युवा साहित्यकार हुन् । राजेन्द्र पराजुलीको 'अनायिका' उपन्यासको कथानक विशुद्ध नेपाली परिवेशअन्तर्गत यथार्थपरक नेपालले भोगेको दस वर्से जनयुद्धमा प्राकृतिक संरचनाको नष्टता, पारिवारिक विचल्ली, विसङ्गती, कुरीति, कुसंस्कार, बेइमानी, अन्याय, अत्याचार, दमित, शोषित, उत्पीडित, दण्डित जस्ता विषयको प्रत्यक्ष मारमा परेको नेपाली समाजलाई यथार्थ रूपमा प्रस्तुत गर्न खोजिएको छ । राज्य र विद्रोही पक्षबाट नेपाली जनतामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म परेको प्रत्यक्ष प्रभावलाई कथानकको आधारमा बनाइएको छ जुन अध्ययन गर्न र गराउन सहजकता र सरलीकृत छ । यसै आधारमा 'अनायिका' उपन्यासको विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

मूलतः यो कृति विगत दस वर्से द्वन्द्वको जनयुद्धको विधिगत अध्ययन हो । यसमा भौतिक र मानसिक द्वन्द्व, राष्ट्र र समाजगत द्वन्द्व , पीडाभित्र केन्द्रित रहेको छ । राष्ट्र, समाज, परिवार र व्यक्तिभित्रका पीडा वेदना, यातना र विषम परिस्थितिको संयुक्त चित्र बन्न सकेको छ । यथार्थपरक उपन्यास 'अनायिका' जसको विधातात्त्विक अध्ययन गरिने छ ।

### ४.१.२ उपन्यास अनायिका सङ्क्षेपमा

नेपाली सामाजिक पृष्ठभूमिमा दस वर्से द्वन्द्वको समयमा मुलुकले भोग्नु परेको दुःख, कष्ट र पीडाको भयावह अवस्थाको विषय नै अनायिका उपन्यासको कथावस्तु हो । दस वर्से द्वन्द्वको समयमा माला र उसको परिवारले पाएको दुःख, पीडा र दर्दहरूलाई यस उपन्यासले कथ्य विषय बनाएको छ । दस वर्से सशस्त्र द्वन्द्वमा मुलुकमा भएका हत्या, हिंसा, बलात्कार, दोहोरो भीडन्त, अपहरण आदिको यथार्थतालाई घटना वेदनामयी तरिकाले यस अनायिका उपन्यासमा प्रस्तुत गरिएको छ ।

दस वर्से द्वन्द्वको विषयमा उपन्यास लेख्न व्यापारी शिवकुमारले यस उपन्यासको 'म' पात्र 'राज' लाई खर्च दिन्छ । उपन्यास लेख्न राज द्वन्द्व प्रभावित क्षेत्र सिमलटारको रामकोटमा जिप रिर्जभ गरेर जान्छ । लामो यात्रा पछि राज सिमलटार पुगी जिपबाट ओर्लने क्रममा गाउँलेहरूको भीडमा उसले एउटा सुन्दरी नायिकालाई देख्दछ । द्वन्द्वका बेलामा तर्सिएका गाउँलेहरूले एउटा नयाँ व्यक्ति पहिलो चोटी नयाँ अनुहार देख्दा राजलाई सबै गाउँलेले शङ्काको नजरले हेर्दछन् जुन

स्वभाविकै थियो । किनकी राज्य र द्वन्द्वरत पक्षको मारमा थिए सम्पूर्ण गाउँलेहरू । गाउँलेहरूको भीडमा लेखकले रामकोट जाने बाटो सोध्दा केही बोल्दैनन् र नायिकाले नै उसलाई रामकोट जाने बाटो देखाई दिन्छे र रामकोटमा वास बस्नमा केही समस्या हुने कुरा राजलाई बताउँदछ । राजलाई नायिकासँगको पहिलो भेटमा नै आफ्नो हेराई र बुझाईको दृष्टिले मनमा अनौठो तरङ उठ्छ । राजले आफ्नो मनमनै र मस्तिष्कमा नायिकालाई राख्दछ । लामो यात्रापछि राजले धेरै घरहरू घुमेपछि बल्ल तल्ल रामकोटमा एक वृद्धवृद्धाको घरमा वास पाउँछ र त्यही घरमा वास बस्दछ ।

दस वर्से जनयुद्ध एवम् द्वन्द्वका कारण आफ्ना तीनजना निर्दोष सन्तान गुमाएका यी वृद्धवृद्धाहरूसँग रातभरको गन्थनमन्थन गर्दा गर्दै राजले उनीहरूको मन जित्छ र उनीहरूले भागेको पीडालाई उपन्यासमा उतार्ने विचार गर्दछ । दिनभरको थकानका बीचमा रातभरको अनिद्रालाई बेवास्ता गर्दै रामकोट एवम् देशभरको युद्धको बेलामा भएको दोहारो भीडन्तमा गोलीले क्षतविक्षत बनाएको घरहरूको भित्ताहरू देख्छ । द्वन्द्वको समयमा देशभरिमा सबैभन्दा बढी प्रभावित द्वन्द्वको मारमा ग्रस्त क्षेत्र रामकोट र सिमलटार यस मध्ये पनि रामकोट द्वन्द्वले बढी प्रभावित क्षेत्र हुन्छ । द्वन्द्वकै कारण सम्पूर्ण देश तथा रामकोटमा वृद्धवृद्धा र बालबालिका बाहेक युवा कोही छैनन् किनकी राज्य र विद्रोहीको युद्धको चपेटामा परेका गाउँलेहरू सङ्सङ्कित र तर्सित अवस्थामा छन् ।

विद्रोहीको जनदबाबले केही युवा एकघर एक सदस्यको नीतिले गर्दा जनसेनामा गएका हुन्छन् त कोही द्वन्द्वकै कारण ज्यान गुमाएका, अपाङ्ग अशक्त भएका र ज्यान जोगाउन विदेश पलायन भएका हुन्छन् । रामकोटको बसाइँ र भोगेको कष्टपछि राज भोलिपल्ट सिमलटार जाँदा उसलाई बाटो देखाउने नायिकालाई देख्छ र 'नायिका' भनेर बोलाउँदछ तर नायिका बोल्दैन किनकी उनको वास्तविक नाम नायिका होइन् । नायिकाले नयाँ शब्द सुन्छ र हेर्दा हिजकै व्यक्ति राजलाई देख्छ र नायिकाले मेरो नाम नायिका होइन माला हो भनी आफ्नो परिचय खुलाउँदछ र दुवै बीचमा कुराकानी हुँदै गर्दा राजले आफू साहित्यकार लेखक भएको र द्वन्द्वको विषयमा उपन्यास लेख्न यस गाउँ रामकोट आएको कुरा मालालाई बताउँदछ । मालाले पनि आफू सात वर्ष जनयुद्धमा गएको र शान्ति सम्झौता भएपछि पार्टीको काम छाडेर आएको कुरा बताउँछे । सात वर्से जनयुद्धमा पार्टीले आफूलाई उच्च सम्मान गर्छ भन्ठानेकी माल बन्दुक बोकेको तर नचलाएको वा नपड्काएको भएर नै उसलाई घटुवा गरिएको बताउँछे किनकी बन्दुक बोकेर मानिसको हत्या गर्ने दुरप्रयास उसमा छैन । मालाले आफूलाई फोटो पत्रकार बन्न चाहने इच्छा हुँदै हुँदै पनि अठार वर्षको उमेरमा नै बन्दुक समाउनु परेको यथार्थ बताउँछे । घरबाट विहे गरेको चार दिनमा नै मालाको श्रीमान्

विद्रोहीहरूको एक घर एक सदस्य नीतिले गर्दा भारततिर पलायन हुन्छ र श्रीमान्को ठाउँमा विद्रोहीले मालालाई जनसेनामा जबर्जस्ती लैजान्छन् । यस्तो जबर्जस्ती केवल माला मात्र नभई देशको हरेक कुना काप्चाबाट जनसेनामा भर्ना गरी द्वन्द्वको सुरुवात भएको पाइन्छ । मालाले बन्दुक समाते पनि कहिल्यै बन्दुक नचलाई दुवै तर्फको सेनाहरूको आँखा छल्दै फोटो खिचेको र ती फोटोहरू सहर लगेर प्रदर्शन गर्ने इच्छा हुन्छ । त्यो इच्छा पूरा गर्न राजलाई सहयोग गर्नलाई अनुरोध  गर्दछे । छोटा समय लिएर १२ दिनमा उपन्यास लेखी सकेर काठमाडौं फर्किने विचार गरी रामकोट गएको राजले रामकोटमा आठ दिन बिती सक्दा पनि उपन्यासको सुरुवात समेत गर्न सक्दैन । राजले मालाको सम्झनाले रामकोटको पहिलो बसाइँमा उपन्यास तयार गर्न सक्दैन र काठमाडौं नै फर्कन्छ ।

रामकोटबाट राज काठमाडौं आएपछि व्यापारी शिवकुमारलाई नभेटी सर्वप्रथम उसलाई मायो गर्ने सुलाई ठमेलको ‘नाइट लाइफ’ हेर्न लैजान्छ । सु राजकी विवाहित साथी भए तापनि राजको जीवनमा एउटा श्रीमतीको जस्तो अधिकार जमाएर बसेकी छे । सुलाई ठमेलको नाईट लाइफ लगेपछि राजको दोस्रो काम व्यापारी तथा प्रकाशक शिवकुमारलाई भेट्न जान्छ । राजले शिवकुमारसँग द्वन्द्वको समयमा मालाले दुवै तर्कका सेनालाई छलेर खिचेका फोटोहरू प्रदर्शनी गर्ने कुरा गर्दछ । व्यापारी शिवकुमार आफूले फोटो प्रदर्शनी गराई फोटो प्रदर्शनीबाट फाइदा हुने देखेर राजले राखेको कुरामा सहमति जनाउँछ । प्रकाशक शिवकुमारसँगको सरसल्लाह अनुरूप राज उपन्यास लेख्न पुनः रामकोट फर्कन्छ । बसबाट सदरमुकाममा ओर्लिदा राजको भेट पुनः मालासँगै हुन्छ र दुवैजना बाटोमा गन्थन मन्थन गर्दै हिँड्छन् । राजलाई पनि पहिलो यात्राभन्दा यो यात्रा एवम् बसाइँमा राहतको महसुस हुन्छ किनकी उसको यो भ्रमण नौलो हुँदैन । राजले मालाले खिचेर तयार रहेको फोटोहरूलाई प्रदर्शनी काठमाडौंमा गर्ने कुरा बताउँदछ । यता व्यापारी शिवकुमारले उपन्यास विमोजन र फोटो प्रदर्शनीको भव्य रूपमा तयारी गर्दछ । उता रामकोटबाट मालाको बुबा आमालाई फोटो प्रदर्शनी र उपन्यास विमोचनको लागि अतिथिको रूपमा निमन्त्रण गरिन्छ । यसै क्रममा उता रामकोटमा राजसँग रहेकी मालालाई आफ्नै पार्टीबाट अपहरण भई बेपत्ता हुन्छ । सात वर्से जनयुद्धको अनुभवपछि पार्टी त्याग गरी बसेकी मालाको अपहरणको विरोध चारैतिरबाट हुन्छ तर मालाको अपहरणको अवस्थाबारे दुवै पक्ष अर्थात् सत्ता र विद्रोही पक्षको सेनााहरू केही थाहा छैन यदि थाहा भए पनि बताउन मिल्दैन भन्छन् । फोटो प्रदर्शनीमा शिवकुमारले मालालाई जसरी भए पनि लिएर आउनु भनी राजलाई जानकारी एवम् अनुरोध गर्दछ । तर राज मालाको अपहरणको पीडाले रित्तो मन लिएर काठमाडौं फर्कन्छ र मालाको अपहरण भएको जानकारी शिवकुमारलाई

दिन्छ । शिवकुमार र लेखक राजकुमारको सल्लाह अनुरूप मालाको उपस्थितिविना फोटो प्रदर्शनी र उपन्यासको विमोचन कार्यक्रम अपुग हुने हुँदा मालाको ठाउँमा 'अनायिका' लेखेर अतिथिको रूपमा राखिन्छ । फोटो प्रदर्शनीमा मालाको बुबाआमा भने आएर उपस्थित भएका हुन्छन् । भोलिपल्ट हरेक समाचारको प्रचारप्रसार अखबारहरूमा फोटो प्रदर्शनीलाई महत्त्वपूर्ण समाचार बनाएर छापिन्छ र त्योभन्दा पनि बढी महत्त्वका साथ अग्रपृष्ठमा 'माला नामकी पूर्व छापामारद्वारा पतिको यादमा आत्महत्या' भनेर समाचार छापिन्छ । जसको जीवन अज्ञात छ खोजी नीति छैन, जिउँदो वा मृत्यु के हो, न सास छ न आँखाले लास देखेको छ यस विषयमा मिडियाले पनि प्रष्टाउन नसकेको कुरालाई प्रष्टाइएको छ । यसरी उपन्यासकी मुख्य नायिका माला अज्ञात रहँदा उपन्यासको नाम नै 'अनायिका' रहेको छ । नेपाली भूमिका यी नौला र अनौठा घटना नभई देशभरका कुना काप्चामा भएका अनेक घटना वा परिवेश अनगिन्ती रूपमा देखिन्छ ।

### ४.१.३ अनायिका उपन्यासको स्वरूप

साहित्यिक लेखनमा कृतिपरकअन्तर्गत राजेन्द्र पराजुलीको आख्यान रचनाको दोस्रो सशक्त पाटो उपन्यास लेखन हो । पराजुली यथार्थवादी कथाकारका रूपमा नेपाली साहित्यमा परिचित हुनुको साथै उपन्यासको फाँटमा नेपाली साहित्यमा पनि आफूलाई स्थापित गराउन सफल भएका छन् । नेपाली जनमानसमा चर्चित उनको यो 'अनायिका' उपन्यास वि.सं. २०६३ सालमा साझा प्रकाशनबाट प्रकाशित उपन्यास हो । यो उपन्यास विल्कुनै शुद्ध समाज र यथार्थतापरक नेपालीले भोगेको राज्य र विद्रोहीको दमन, अत्याचार र अमानवीय व्यवहारको चित्रण गरिएको छ । जो कोहीले पनि अध्ययन गर्नु जरूरी छ । लेखक राज 'म' पात्र भएर उपन्यासमा विचरण गर्दछ । आख्यानात्मक संरचनाको रूपमा रहेको 'अनायिका' उपन्यास लामा छोटा गरी उन्नाईस भाग वा परिच्छेदमा विभाजित तथा एक सय तेईस पृष्ठमा संरचित छ । यो उपन्यास देख्दा सानो अंशमा भए तापनि नेपाली भूमि र नेपाली समाजले दस वर्से जनयुद्ध र राज्य पक्षको सेनाको नौंटकी रवैयाको कारणले भोग्नु परेको दुःख, पीडा कष्टको यथार्थतालाई सत्य तथ्यको आधारमा प्रस्तुत गरेको छ । यो उपन्यासले काल्पनिक नभई यथार्थ रहेको विषयमा प्रष्टाएको छ । तसर्थ प्रस्तुत उपन्यासलाई पराजुलीले औपन्यासिक प्रवृत्तिको आधारमा अध्ययन गर्ने प्रयास गरेका छन् ।

### ४.१.४ द्वन्द्वकालीन समयमा भोग्नु परेको अवस्थाको यथार्थ चित्रण

साहित्यकार राजेन्द्र पराजुली मूलतः यथार्थवादी उपन्यासकार हुन् । पराजुलीले समाजमा भएका समसामयिक विषय र समाजमा हुन सक्ने विभिन्न घटनाहरूलाई मुख्य विषयवस्तु बनाएर

साहित्य सिर्जना गर्न खप्पिस छन् । आफूले अनुभव गरेका, देखेका र सुनेका, समाजले भोगेका यथार्थ घटनाहरूको जीवन्त चित्रण गर्नु उनको औपन्यासिक विशेषता हो । ‘अनायिका’ उपन्यासमा प्रयोग भएका पात्र, परिवेश, घटना, पारिवारिक, आफन्त र हामीले देखेका, सुनेका र अनुभव गरेका छौं । ‘अनायिका’ उपन्यास दस वर्से जनयुद्धमा नेपाल र नेपालीले भोग्नु परेको पीडालाई मार्मिक र जीवन्त ढङ्गले चर्चा एवम् परिचर्चाका साथ चित्रण गरिएको छ । “अनायिकाका अधिकांश पात्र मेरो नजिकका मान्छे हुन् । मैले देखेका भागेका र कम्तीमा विश्वसनीय ढङ्गमा सुनेका घटनालाई उनेको छु । माला र परिवारका सदस्यहरू, सु, म पात्र राज, प्रभावती, आशा, प्रकाशक शिवकुमार, अनुप सबै मेरो वरिपरिका पात्र हुन्” (पराजुली, २०६७) । उपन्यासकारको यस भनाईबाट पनि अनायिका हाम्रो वरिपरिका पात्र र परिवेशको यथार्थ प्रस्तुति हो भन्ने प्रष्ट एवम् स्पष्ट हुन्छ ।

नेपालको साझा प्रकाशनबाट वि.सं.२०६३ सालमा प्रकाशित ‘अनायिका’ उपन्यास नेपालको भोगेको दस वर्से जनयुद्धमा नेपालीहरूले भोग्नु परेको पीडालाई कथ्य बनाएर लेखिएको उपन्यास हो जुन उपन्यास सामाजिक परिवेश अनुरूप प्रस्तुत छ ।

दस वर्से जनयुद्धमा नेपालीहरूको दैनिक जीवन त्रासै त्रास र डरै डरमा दिन र रात बाँच्नु परेको, बाँचेर पनि मरेतुल्य रूपमा जीवन गुजारा गरेको कुरा यस उपन्यासमा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । “यो कृति विगत दशकभरिको द्वन्द्व भौतिक र मानसिक द्वन्द्व, राष्ट्र र समाजगत द्वन्द्व-पीडाभित्र केन्द्रित रहेको छ । द्वन्द्व र युद्धको एक दशक समयको ऐनाको रूपमा यो कृति रहेको छ । राष्ट्र, समाज, परिवार र व्यक्तित्वभित्रका पीडा, वेदना, यातना र विषम परिस्थितिको संयुक्त चित्र बन्न सकेको छ” (प्रकाशकीय : अनायिका २०६३) । यस भनाईबाट ‘अनायिका’ उपन्यास यथार्थ घटना र परिवेशमा आधारित उपन्यास सत्य तथ्य हो भन्ने प्रष्ट हुन्छ । सशस्त्र द्वन्द्वको दस वर्से र शान्ति सम्झौतापछिको अर्को एकवर्षको कालखण्डमा नेपाली समाजले भोग्नु परेको पीडा, व्यथा र प्रभाव नै अनायिका हो ।

अनायिका उपन्यास राष्ट्र, समाज, परिवार र व्यक्तिभित्रका पीडा, वेदना, यातना र विषम परिस्थितिको बहुआयामिक यथार्थपरक तस्विर बन्न पुगेको छ । जनयुद्ध एवम् द्वन्द्वका कारण अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि बिग्रँदै गएको र हरेक देशले नेपालको गृहयुद्धको विषयलाई प्रमुख चासो र समाचार बनाएको कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । जसका कारण नेपाललाई हर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । जनयुद्धको समयमा द्वन्द्वमा जबर्जस्ती जनसेनामा भर्ना गर्न जनदबाब दिई एक घर एक सदस्यको नीतिले गर्दा गाउँघरका बुढाबुढी र बालबालिका बाहेक अरु

कोही नभएका कति युवाहरू राज्य त कति युवाहरू जनसेनाको डरले विदेश पलायन हुनु परेको, कतिपय दोहोरो भीडन्तमा अपाङ्ग, अशक्त भई ज्यान गुमाउनु परेको जस्ता यथार्थ अवस्थालाई यस उपन्यासमा सामाजिक परिस्थितिलाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ । यस उपन्यासकी नायिका मालाको श्रीमान् एक घर एक सदस्य नीतिले गर्दा भर्खरैको वैवाहिक जीवनलाई त्यागेर भारततिर भासिनु र श्रीमान्को ठाउँमा मालालाई जनसेनामा लैजानु यसको प्रत्यक्ष उदाहरण हो । द्वन्द्वको बेला आक्रोशित आक्रमण, दोहोरो भीडन्त, मृत्यु, बलात्कार, हत्या हिंसा, अपहरण, पलायन आदिका दुःखान्त घटनाले चिहानघारी जस्तै भएका रामकोटा र सिमलटार लगायत देशैभरिका भू-भागको प्रतिकात्मक रचना हुन् जसले नेपालको सम्पूर्ण गाउँहरूको कहाली लाग्दो पीडालाई प्रतिविम्बित गरेका छन् । प्रकृतिको सुन्दर सुनसान रामकोट र सिमलटार जस्ता देशका हरेक कुना काप्चाका सयौं गाउँहरू सशस्त्र द्वन्द्वको समयमा खनिएका खाल्डाहरू, बङ्कर गोलीले छिया-छिया भएका डोबहरूले कुरूप बन्न पुगेको डाँडा पाखा र मानिसका चराईरहेका घाउहरू स्वयम् पुरिएका चिहानका खाडलहरूले स्तब्ध पारेको छ ।

सशस्त्र द्वन्द्वको समयमा राज्य र युद्धरत पक्षको मारमा बुढेश कालको साहारा आफ्ना सन्तानहरू गुमाएर साहाराविहीन बन्न पुगेका हजारौं वृद्धवृद्धाहरूको मनोदशा र द्विविधापूर्ण जीवनकाललाई मार्मिक र मर्माहित रूपमा प्रस्तुत गरिएको छ । सशस्त्र द्वन्द्वको समयमा मालाका बुबाआमाले आफ्नो बुढेसकालको साहारा चारै सन्तान गुमाएर साहाराविहीन बन्न पुगेका छन् । सशस्त्र द्वन्द्वको समयमा राज्य तर्फको सेना र विद्रोही जनसेनाको निशानामा परी हजारौंहजार सर्वसाधारणले जीवन गुमाउनु परेको वास्तविक घटनाक्रमलाई यस उपन्यासमा मार्मिक ढङ्गले प्रस्तुत गरी सरलीकृत गरिएको छ । यस उपन्यासकी नायिका मालाका तीन दाजुहरू मध्ये दुईजनालाई राज्यका सेनाले र एकजनालाई द्वन्द्वरत विद्रोहीले हत्या गरेको छ । राज्य पक्षले द्वन्द्वरत विद्रोही भएको शङ्काको भरमा र द्वन्द्वरत पक्षले राज्य पक्षको शङ्काको भरमा सूचना आदान प्रदान गरेको झुटो आरोपको आधारमा जघन्य अपराध भएको छ । द्वन्द्वको समयमा हजारौं निर्दोष सर्वसाधारण जनताले ज्यान गुमाउनु परेको, घरमा खानेकुरा भए पनि नभए पनि जनसेना आएपछि खान बस्नको व्यवस्था मिलाई दिनुपर्ने बाध्यता जस्ता यथार्थ घटनााहरू यस उपन्यासमा टड्कारो रूपमा आएका छन् । यसरी विद्रोही सेनालाई गाँस वासको व्यवस्था आज गरी दियो भने भोलि राज्य पक्षका सेना मार्फत खोजनीति गरी दण्डित गर्ने दोहोरो चरित्रको मारमा नेपाली जनता परेको उदाहरण यथावत छ । कहिले विद्रोही जनसेना त कहिले राज्य सेनाले शङ्काको घेरामा पारी घरको खानतलासी लिने र दुवै तर्फका सेनाले हामीहरूलाई सहयोग गनरेको भन्दै कुटपिट गरेको सहेर

बस्न बाध्य पारिएको मालाका बुबा आमा जस्तै हजारौं हजार पीडितहरूको कथा व्यथा हो यथार्थपरक उपन्यास 'अनायिका' । दस वर्से जनयुद्ध लगत्तै शान्ति सम्झौता भएपछि पनि नेपाली जनताले अमनचयनको सुखको सास फेर्न सकेको छैनन् र हत्या अपहरण धाक धम्की र विद्रोही भाषाको प्रयोग जस्ता कार्य रोकिएन । सत्यताको अर्थ रहेन । देश, व्यक्ति, समुदाय र राष्ट्रले शान्तिको जीवन महसुस गर्न नपाएको विधिवत छ जुन कुरा मालाको अपहरण र रहस्यमय मृत्युबाट प्रष्ट हुन्छ ।

### ४.१.५ पारिवारिक समस्याको चित्रण

'अनायिका' उपन्यासमा दस वर्से द्वन्द्वमा भोग्नु परेको अवस्थाको साथसाथै पारिवारिक समस्याको यथार्य चित्रण गरिएको छ । नेपाली परिवारमा श्रीमान्, श्रीमती, छोराछोरी र बुबाआमा बीच हुने आन्तरिक एवम् व्यक्तिक द्वन्द्व, मनमुटाव र असझदारीको कलात्मक प्रस्तुति गरिएको छ । सहरी क्षेत्रमा युवा पुस्ताहरूले भोगिरहेको यन्त्रवत् जीवनका चरम निराशाहरू पारिवारिक विघटन जस्ता पक्षहरूले अनायिका उपन्यासमा स्थान पाएको देखिन्छ । जुन जीवनका चरम निराशाहरू आशा र प्रभावतीको माध्यमबाट व्यक्त गरिएको छ । घरको अभिभावक र सन्तानले एक अर्कालाई बुझ्न नसक्दा उत्पन्न हुने समस्यालाई प्रभावती र आशाको माध्यमबाट व्यक्त गरिएको छ । कुनै पनि बुबाआमाको करकापमा परी साइन्स पढ्न सहर गएका ती किशोरीहरू पढ्न छाडेर आफूलाई चुरोटको धुँवा सँगै उडाईरहेका छन् । बुबाआमाले छोराछोरीलाई उनीहरूको इच्छाअनुसार पढ्न दिनुपर्दछ र छोराछोरीलाई यो पढ त्यो पढ भनेर दबाब दिनु हुँदैन भन्ने सन्देश समेत यस उपन्यासमा दिइएको छ । यस उपन्यासले आजका युवा पुस्ताको अभिभावक, शिक्षक, समाज, परम्परागत मूल्य मान्यताप्रतिको असन्तुष्टि, विद्रोह, अतृप्ति र त्यसबाट उत्पन्न निराशा अत्याधुनिक सहरी समाजको जल्दोबल्दो समस्यालाई उपन्यासमा जस्तोका तस्तै प्रस्तुत गरिएको छ । सहरी समाजमा व्यस्त पारिवारिक तनाव र विघटनको अप्रिय घटनाहरूलाई समेत प्रस्तुत गरिएको छ । उपन्यासका पात्र अनुप र उसकी श्रीमतीको माध्यमबाट खासगरी सहरी समाजमा व्यस्त पारिवारिक समस्याको उद्घाटन गरिएको छ । परिवारमा देखा परेको विभिन्न पक्षहरू सत्य तथ्यताको आधारमा असल र खराब तत्त्वको आधारलाई केलाउनु जरूरी छ । परिवारको सदस्य बेकारी र बेकाम भएमा सङ्गतअनुसार समस्या उत्पन्न हुन्छ । तसर्थ परिवारको समस्या परिवारले नै केलाई समाधान गर्नुपर्दछ ।

### ४.१.६ मानवतावादी-जीवनवादी चेतना

साहित्यकार राजेन्द्र पराजुलीको अर्को महत्त्वपूर्ण औपन्यासिक प्रवृत्ति मानवतावादी-जीवनवादी चेतना हो । राजेन्द्र पराजुलीको एक मात्र औपन्यासिक कृति अनायिकामा मानवतावादी-जीवनवादी प्रवृत्ति केन्द्रीय प्रवृत्तिका रूपमा आएको छ । 'अनायिका' उपन्यासमा मानवतावादी विचारलाई प्रमुख चासो र प्राथमिक तहमा राखेका छन् । "स्वतन्त्रता, न्याय, प्रगति लगायत मान्छेको सबैभन्दा महत्त्वपूर्ण हक निर्धक्क बाँच्न पाउने नै हो भन्ने मान्यतामा म अडिग छु । त्यही नै सबैभन्दा ठूलो मानव अधिकार पनि हो । यसले यस उपन्यासमा मैले मान्छेको बाँच्न पाउने अधिकारको उपन्यासभरि वकालत गरेको छु"(पराजुली, २०६३) । मानवताका पुजारी पराजुलीले यसरी उपन्यासकारकै दृष्टिमा अनायिका उपन्यासमा मानवतावादी चिन्तन प्रचुर मात्रामा दिएको पाइन्छ ।

पराजुलीको अनायिका उपन्यासमा केन्द्रीय पात्र माला र राजका माध्यमबाट मानवतावादी विचारहरू, मानव अस्तित्त्वको वकालत गर्ने चरित्र र विचारलाई आफ्ना आख्यान कृतिहरूमा कलात्मक रूपमा प्रस्तुत एवम् प्रकट भएका छन् । "माला पूर्ण मानव अधिकारवादी कार्यकर्ताको रूपमा यस उपन्यासमा चित्रण भएको छ । ऊ मानवतावादी र जीवनवादी पात्रको सफल र सार्थक भूमिका निर्वाह गर्नमा सिद्धहस्त देखिन्छे" (राकेश, २०६५, पृष्ठ ...) । यही भनाईबाट पनि माला मानवतावादी र जीवनवादी पात्र हो भन्ने प्रष्ट हुन्छ । "म बन्दुक बोक्थे तर कहिल्यै बन्दुक चलाईन् । सबैको आँखा छल्दै क्यामेरा चलाए" (पृ.४५) यस भनाईबाट यो प्रष्ट हुन्छ की यसरी सशस्त्र द्वन्द्वको बेलामा जनयुद्धमा होमिएकी एक लडाकुले कसैमाथि पनि बन्दुक नचलाउनु ऊ भित्रको मानवता नै हो । मानव अधिकारको पहिलो सर्त नै जीवनको अधिकार हो । कुनै न कुनै पनि मानिसको बाँच्न पाउने अधिकारको हनन् गर्नु हुँदैन भन्ने विचार यस उपन्यासमा व्यक्त गरिएको छ । यस उपन्यासकी नायिका मालाले सरकारी सेना र विद्रोही सेनाको दोहोरो भीडन्त र दोहोरो गस्ती बीच हुँदा पनि बन्दुक नचलाई आफ्नो क्यामेरा चलाइन् साथै घाइते सरकारी सेनाहरूलाई लुकीलुकी पानी समेत खुवाईन् । उपन्यासमा मालालाई मानवताको प्रतिमूर्तिको रूपमा उपस्थित गराई उसका हरेक क्रियाकलापहरूबाट मानवीय भावना व्यक्त गरिएको छ । मालाको आफ्नो फोटो पत्रकार हुने इच्छा हुँदा हुँदै पनि विद्रोहीको एक घर एक सदस्यको नीतिले गर्दा श्रीमान्को ठाउँमा आफ्नो इच्छा विपरीत जनसेनामा काम गर्न बाध्य पारिएको छ जुन मानवीय व्यवहारलाई प्रस्तुत गरिएको छ ।

"संसारमा सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको मान्छेको जीवन हो । त्यति ठूलो सशस्त्र द्वन्द्वको बेला बन्दुक हातमा हुँदा समेत एक गोलीको खोका नहान्नु उनको दोष हो की महानता ? म छ भन्छु मालाको त्यो महानता र यथार्थता थियो - मानव जीवनको उच्च र सर्वोत्कृष्ट सम्मान थियो त्यो" (पृ.१२०) । यही भनाईबाट पनि यो प्रष्ट हुन्छ माला मान्छेको बाँच्न पाउने अधिकारको कदर गर्ने व्यक्ति हो । यस उपन्यासकी केन्द्रीय पात्र मालाको माध्यमबाट उपन्यासकार पराजुलीले जस्तो सुकै परिस्थितिमा पनि मान्छेको बाँच्न पाउनुपर्छ र बाँच्ने अधिकार कसैको पनि कसैले हनन् गर्नु हुँदैन भन्ने सन्देश प्रवाहको रूपमा दिएका छन् । "अनायिका मानव अधिकारमा सम्पूर्ण रूपले समर्पित लिखित उपन्यास हो भन्दा कुनै अतिरायोक्ति हुँदैन । यसको विषयवस्तु नै मानव अधिकारमा केन्द्रित छ" (राकेश, २०५६:५८) । यस भनाईबाट अझ अनायिका मानवतावादी विचार बोकेको उपन्यास हो भन्ने प्रष्ट हुन्छ । मूलतः यस उपन्यासमा मानवतावादी र मानव अधिकारवादी विचारधारा अनुरूप सद्दाम हुसेनलाई अमेरिकाले फाँसी दिएको कार्यप्रति विरोध गर्दै मानवको बाँच्न पाउने अधिकारको हनन् गर्न नहुने कुरा व्यक्त गरिएको छ ।

'अनायिका' उपन्यासले मानवको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको हनन् गर्नु हुँदैन र पछि त्यस्तो अधिकार हनन् भएमा ठूलो मानवीय क्षति एवम् दुर्घटना हुन्छ भन्ने ज्ञान एवम् सन्देश प्रदान गरेको छ । यस उपन्यासको सहायक पात्र अनुपको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको हनन् उसैकी श्रीमतीबाट भएको र उसको जीवन दुर्घटित बन्न पुगेको छ । ऊ बाँचेर पनि मरेतुल्य भएको छ । त्यस्तै किशोरीहरू प्रभावती र आशा पनि आफ्नो जीवनको स्वतन्त्र निर्णय गर्न नसकेकोमा वा नपाएकोमा आक्रोशित छन् र आफ्नो जीवन आफैँ अँध्यारो तर्क धकेलिरहेका छन् । यसमा आफूले आफैँलाई जीवन नभई नर्क हो भनी अभिव्यक्ति दिएका छन् । मानव जीवनमा मानवले मानव भएर बाँच्न पाउनुपर्छ र उसको स्वतन्ततापूर्वक बाँच्न पाउने अधिकारको हनन् गर्नु हुँदैन भन्ने मानवतावादी-जीवनवादी स्वर यस उपन्यासमा प्रचुरताका साथ आएको छ । "मान्छेको यही बाँच्न पाउने अधिकारप्रतिको सम्मान नै अनायिकाको पहिलो र अन्तिम निष्कर्ष हो" (ढकाल, २०६४:७१) । यो भनाईबाट पनि यो प्रष्ट हुन्छ की अनायिका उपन्यास जीवनवादी, मानवतावादी, यथार्थतावादी मानव जीवनको आधिकारिक उन्मुक्ति हो भन्ने प्रष्ट हुन्छ ।

### **४.१.७ पात्रको यौनमनोविश्लेषण**

राजेन्द्र पराजुलीको अर्को उल्लेखनीय प्रवृत्ति उपन्यासमा पात्रहरूको यौन मनोविश्लेषण हो । उपन्यासकार पराजुली पात्रहरूको अन्तर्मनमा डुबुल्की मार्दै अन्तर्जगतमा लुकेर बसेका इच्छा,

चाहना, कुण्ठाहरूको यथार्थ चित्रण गर्दै अनायिका उपन्यास पनि मनोवैज्ञानिक बन्न पुगेको छ । फ्रायडवादको प्रत्यक्ष प्रभाव राजेन्द्र पराजुलीमा परेको देखिन्छ । फ्रायडीय यौन विश्लेषण पराजुलीको विशेष प्रवृत्ति हो र यो प्रकृतिबाट अनायिका उपन्यास टाढा रहन सकेको छैन । अनायिका उपन्यासको नायक राजको मनोविश्लेषण गरिएको छ । लेखक वा राज अविवाहित चालिस वर्से पुरुष हो । एउटा चालिस वर्ष अविवाहित भए पनि उसको जीवनमा रहस्यमय ढङ्गले एक जिम्मेवारी विवाहित नारी 'सु' आएकी छे र राजलाई औंधी माया गर्छे र उसले भनेका सबै कुरा पूरा हुनुपर्दछ भनेर घुर्की पनि लगाउँछे । लामो समयको भेटघाट र बोलीचालीपछि राजले पनि 'सु' लाई माया गर्छ र सुले भनेका सबै कुरा एक आज्ञाकारी बालकले जस्तै मान्छ । तर राज आफैँ पनि भन्न सक्दैन् सुप्रतिको उसको माया कस्तो हो र त्यसको रहस्यमय नै रहेको छ । उता राज उपन्यास लेख्न रामकोट जाँदा पहिलो पटक भेटिएकी नायिका मालासँगको कुराकानीपछि मनमा अनौठो तरङ्ग उत्पन्न हुन्छ । यस्तो तरङ्ग राजको जीवनमा पहिलो पटक आएको हो । उपन्यास लेख्न रामकोट गएको राजले मालालाई भेटेपछि उसलाई मात्र सम्झनु, उसका बारेमा अनेकथरी कुरा मनमा खेलाउनु, मालाको सम्झनाले उपन्यास लेख्न नसक्नु पहिलो पटकको रामकोट जाँदा ठमेलको मिड नाइट क्लबमा 'सु' को अँगालोमा बाँधिएर नाच्दा मन भने माला भएको ठाउँमा पुग्नु, आफू सुसँग नाच्दा अर्को महिलाले राजलाई हेर्दा उसतर्फ आँखा जुध्न पुग्नु आदि सन्दर्भमा राजको आन्तरिक मनको चिरफार भएको छ ।

अनायिका उपन्यासमा फ्रायडीय यौन विश्लेषण प्रबल रूपमा आएको छ । उपन्यासका प्रमुख पात्रहरूमा जीवनका हरमोड र घुम्तीहरूमा विपरीत लिङ्गी यौनाकर्षणको यथार्थता पाइन्छ । एउटा चालिस वर्से अविवाहित राज समाजको प्रवाह नगरी केवल आफ्नो क्षणिक स्वार्थका लागि बुझेर वा नबुझेर विवाहित नारी सुसँग ठमेलको नाइट क्लबमा 'सेक्स अन द बीच' को ककटेल पार्टीमा राती अबेरसम्म झुमिरहनु, रामकोटमा परिचय भएको विवाहित मालालाई देख्ना साथ मनमा अनौठो तरङ्गहरू उठ्नु, कफी सपमा भेटिएका दुई किशोरी मध्ये प्रभावतीलाई सम्झनु कुनै सुहाउँदो जोडी सडकमा हिँडेको देख्दा लोभ लाग्नु र तिनीहरूले जिस्काएको भान हुनु आदि राजभित्र रहेको विपरीत लिङ्गी यौनाकर्षण र दमित यौन चाहना हो । त्यसैकारण विवाहित सु घरमा छोरी र पतिको वास्ता नगरी राजसँग मात्र नजिकनु पत्नीको जस्तो राजको जीवनमा हस्तक्षेप र माया एवम् अधिकार जमाउनु, श्रीमान्को अगाडि समेत राजको हात समातेर हिँड्नु, मध्य रातमा विवाहित महिला अविवाहित राजसँग अँगालोमा बेरिएर ठमेलको 'नाइट लाइफ' हेर्न जानु र 'सेक्स अन द बीच' को ककटेल तरङ्गमा झुमिरहनु, श्रीमान्को कुरा गर्दा रिसाउनु आदि सुभित्र अचेतनामा

दमित यौन चाहना हो । त्यस्तै गरी दोस्रो पक्ष अनुपकी श्रीमतीले अनुपलाई विहेको पार्टीमा नपुंशक भन्नु र सबैको अगाडि अनुपको कमजोरीका कारण आफ्नो सन्तान नभएको आरोप लगाउनु आदि यौन कुण्ठाको परिणति हो । यी विविध कारणबाट भन्न सकिन्छ की 'अनायिका' उपन्यास फ्रायडेली यौन मनोविश्लेषण गरिएको  हो । यस उपन्यासको पात्रहरू भित्र भित्रै यौन दमिनत भई तृप्त रहेको पाइन्छ ।

### ४.१.८ विकृति-विसङ्गतिप्रति व्यङ्ग्य

उपन्यासकार राजेन्द्र पराजुलीको अर्को उल्लेखनीय औपन्यासिक प्रवृत्ति मानवीय व्यङ्ग्यात्मकता हो । पराजुलीको यो प्रवृत्तिबाट अनायिका उपन्यास अछुतो रहन सकेको  छैन । राजेन्द्र पराजुलीको अनायिका उपन्यासमा नेपाली कला साहित्यको क्षेत्रमा देखिएको विकृति विसङ्गतिका साथ साथै पारिवारिक असमझदारी, विदेश भासिएका नेपालीले नेपाल र नेपालीप्रति हेर्ने दृष्टिकोण आदि विविध विषयमाथि व्यङ्ग्य र स्पष्ट पारिएको छ । नेपाली साहित्यमा प्रवेश गरेको वा भित्रिएको खराब प्रवृत्ति र नेपाली कथा साहित्यका खलनायकहरूलाई नाङ्गेझार पारेर तिनीहरूप्रति चोटिलो प्रहार गरी सुधार गर्ने आधारहरू खडा गरिएको छ । नेपाली अनुवादका प्रोफोसर समालोचक र चित्रकार जस्ता पात्रका माध्यमबाट नेपाली साहित्यको गरिमा दिन प्रतिदिन खस्कँदै पुरानो प्रवृत्तिको उतारचढाव हुँदै गएको छ भनेर त्यस्ता व्यक्तिहरूको उछितो काढिएको छ । नेपालीको अस्तित्त्वलाई एवम् स्वामित्वलाई बिर्सेर पैसा पाएपछि निकृष्ट रचनाहरूलाई पनि विश्वेश्वर प्रसाद कोइराला र लक्ष्मीप्रसाद देवकोटाका रचनासँग तुलना गर्ने समालोचक, पैसाकै आडमा पुग्न पुच्छरका साहित्य लेख्ने लेखक र पैसा पाएपछि जस्तो रचनालाई पनि विदेशी भाषामा अनुवाद गर्ने अनुवादकप्रति व्यङ्ग्य गरिएको छ । अनायिका उपन्यासमा पैसाका लागि आफ्नो विचार र स्वाभिमान बेच्दै साहित्यलाई प्रदुषित बनाउने व्यक्तिहरूलाई व्यङ्ग्य बृहत् रूपमा गरिएको छ । अमेरिकामा केही वर्ष बसेर नेपाल आउँदा नेपाल र नेपालीहरूलाई गाली गर्ने असभ्य भन्ने र आफूलाई सभ्य भन्ने दास मनोवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । नेपालका कलाका लागि कुनै पनि विषय नभएको देख्ने कमजोर र प्रतिभाहीन चित्रकार आफैँमा एउटा कुरूप व्यङ्ग्य हो ( ढकाल, २०६४:७०) । कुनै पनि नेपाली लेखकले आफू विदेशमा गएपछि आफूलाई विदेशी नागरिक ठान्ने, आफू जन्मेको भूमिलाई तिरस्कृत गर्न खोज्ने तथा नेपाल र नेपालीप्रति हीन भावना राख्नेप्रति चोटिलो शब्द प्रहार गरिएको छ । नेपालका सहरिया अत्याधुनिक युवायुवती पुस्ताहरू नकारात्मक विचारका कारण अभिभावक, समाज, गुरूहरूप्रति हीन भावना राख्दछन् र यिनीहरूमा सकारात्मक

सोचको मानवता भावनाको अभाव छ भन्ने व्यङ्ग्य गरिएको छ। नकारात्मक साचे भएकाहरूले आफ्नो छोराछोरीहरूको इच्छा विपरीत यो पढ त्यो पढ भन्ने बुबाआमाप्रति पनि यस उपन्यासमा व्यङ्ग्य प्रहार गरिएको छ। सहरीया किशोरी प्रभावती र आशा बुबाआमाको करले साइन्स पढ्न गएका र आफ्नो पढाईप्रति कुनै रूचि नदेखाउनु यसको गहनिय उदाहरण हो। त्यसैगरी दस वर्से द्वन्द्वमा अपहरणमा परेकी जीवनवादी मालाको रहस्यमय मृत्युलाई गलत रूपमा आत्महत्या भनेर भ्रामक समाचार प्रकाशन गर्नु आफैँमा एउटा नकारात्मक तत्त्वलाई सरल रूपमा केलाउनु पनि एउटा व्यङ्ग्य हो।

### ४.१.९ कारूणिकता

उपन्यासकार राजेन्द्र पराजुलीको कारूणिकता पनि एउटा उल्लेखनीय औपन्यासिक प्रवृत्ति हो। आधुनिक नेपाली उपन्यास युगमा पराजुली मानवीय जीवनमा भोग्नु परेका दुःख, पीडा, कष्ट, रोदन, अभाव जस्ता विषयवस्तुलाई प्राथमिकता दिएर उपन्यास लेख्ने प्रखर उपन्यासकार भएकाले उनको उपन्यासमा कारूणिकता पाइन्छ। राजेन्द्र पराजुलीको एक मात्र औपन्यासिक कृति अनायिकामा उनको यो प्रवृत्ति हावी भएको छ किनकी दस वर्से जनयुद्ध अर्थात् बृहत् शान्ति सम्झौतापछिको एक वर्षको सशस्त्र द्वन्द्वमा नेपाल र नेपालीले भोग्नु परेको पीडाको कारूणिक यथार्थ तस्वीर पाठक सामु पस्केर सबैलाई सत्यतथ्यताको खोजी गरी समसामयिक विषयमा अध्ययन होस् भनी त्यस दुःखान्त घडमिा सहभागी गराएका छन्। यस उपन्यासका पात्रहरू आफू मात्र कारूणिक बन्ने होइन आफ्ना करूणा पाठकलाई बाँडेर उनीहरूलाई पनि करूणमा डुबाउँछन् भन्ने सन्देश प्रवाह गरिएको छ।

अनायिका उपन्यासमा उपन्यासकी पात्र नायिका मालाले जीवनमा भोग्नु परेको जीवन र उनका वृद्ध बुबाआमाले भोग्नु परेको द्वन्द्वको पीडामा कारूणिकता पाइन्छ र पाठकहरू पनि भाव विह्वल बन्न पुग्दछन्। मालाको जीवनमा त्रास र पीडाहरूको एउटा कारूणिक कथा एवम् व्यथा हो र उसको मृत्यु एउटा डर एवम् त्रास लाग्दो मानवीय त्रासदी हो। मानव जीवनप्रति आशावादी र सकारात्मक सोच भएकी मालाको जीवन सङ्घर्ष गर्दा समाप्त भएको देखाएर यस उपन्यासमा मानवीय करूणा जागृत गरिएको छ। जनयुद्धको द्वन्द्वको समयमा अपहरणमा परेकी मालालाई कसले र किन अपहरण गऱ्यो ? मालाको अवस्था कहाँ र कस्तो होला ? अपहरणबाट मुक्त हुन्छे की हुँदैन ? जस्ता विविध प्रश्नहरू पाठकको मनमा कौतुहल हुन्छ र यस्तो अपहरण केवल मालाको मात्र नभई देशका विभिन्न व्यक्तिहरूको भईरहेको हुन्छ र यो अपहरणपछि दण्डित एवम् मृत्यु हुने

खबरले पाठक वर्गहरूमा त्रास र करूणा उत्पन्न हुन्छ । यसैगरी युद्धकालीन समयमा भोग्नु परेका मानवीय पीडाहरूलाई मालाका बुबाआमाहरूले पनि त्यत्तिकै मर्मान्त रूपमा प्रतिनिधित्व गरेका छन् । उनीहरूले भोग्नु परेका पीडा एवम् वेदनालाई पढेपछि जो कोही पाठक वर्ग भावविह्वल हुन्छन् । एउटा गाउँले निर्दोष मान्छे सरल, सहज रूपमा जीवनोपार्जन गरेको बेलामा आफ्ना चारै निर्दोष सन्तानहरूको राज्य र विद्रोही द्वन्द्वरत पक्षका सेनाहरूबाट भयावह रूपमा मृत्यु आफ्नै अगाडि देखेका यी वृद्धवृद्धाहरू बुढेसकालमा साहारा हुने बेलामा साहाराविहीन र सन्तानविहीन बन्न पुगेका छन् । देशका सम्पूर्ण भागहरूमा गोलीका खोकाहरू र बङ्करका खाल्डाहरूले क्षत विक्षत बनेको तथा मान्छेका लासहरू र तिनीहरूको आफन्त तथा छरछिमकेहरूको करूणक्रन्दनका मसान जस्तो बन्न पुगेको दुगर्म गाउँ रामकोटमा जीवनको अन्तिम घडी कुरेर बसेका छन् यी वृद्धवृद्धा दम्पत्ति । यी वृद्धाहरूको जीवन आँसुमा एवम् पीडामा डुबेका छ । यसरी अनायिका उपन्यासमा मालाको जीवन र उसको परिवारले भोग्नु परको अवस्था देशभरमा रहेको छ । यस घटनाक्रमले यथार्थताको रूपमा उपन्यासलाई कारूणिकताको साथ प्रस्तुत गरिएको छ ।

## ४.२ पात्र/चरित्र

उपन्यासलाई गति प्रदान गर्ने भनेकै पात्र वा चरित्र हो । उपन्यास तयार हुँदा त्यसका पात्रको आधारमा कता जान्छ कुन परिवेश तय गर्दछ र कस्तो सन्देश दिन्छ भन्ने विषयको बारेमा निर्धारण गर्दछ । कथावस्तुको संवाहक तत्त्वको रूपमा चरित्र महत्त्वपूर्ण हुने भएकाले उपन्यासलाई जीवन्तता दिने कार्य उपन्यासले गर्दछ । अनायिका उपन्यासको कथानकलाई चरित्रका माध्यमबाट अगाडि बढाइएको छ । यस उपन्यासमा पात्रहरूको आ-आफ्नै जिम्मेवारी कुशल ढङ्गले निर्वाह गरेको छ । यस उपन्यासमा प्रत्येक पात्रको व्यक्तित्वको विकास उनीहरूले भोगेको जीवन भोगाईमा व्यक्त गरिएको छ । उपन्यासकारले मुख्य पात्र माला अर्थात् अनायिकालाई केन्द्रित गरी आवश्यकता अनुसार अन्य पात्रहरूको सहयोगमा उपन्यासलाई पूर्णता दिने प्रयास गरिएको छ । अनायिका उपन्यासको प्रकाशक शिवकुमार हो यसले आफ्नो उपन्यास सिर्जनामा लेखक राजलाई द्वन्द्व ग्रस्त क्षेत्र रामकोटमा पठाउँदछ । राजले उपन्यासको मुख्य पात्र अनायिका अर्थात् मालालाई भेट गरी उसको सहरशमा आफ्नो उपन्यास तयार गर्दछ । मालाको बुबाआमा तीन दाजु भाई राज्य र द्वन्द्वरत पक्षको प्रत्यक्ष मारमा परेका हुन्छन् । सहायक पात्रको रूपमा 'सु' नामको पात्र जुन विवाहित र परिवार साथमा हुन्छ । लेखकको साथी अनुप र उसको श्रीमती जस्तो विस्तृत रूपमा अध्ययन गर्न सकिन्छ । यसै गरी शहरी वातावरणमा घुलमेल गरेका आफ्नो इच्छा विपरित पढाई गर्दा विचलित

रूपमा रहेका प्रभावती र शोभा हुन्छन् । जसले ग्रामीण र शहरी जीवनको यथार्थता प्रस्तुत गरेको पाइन्छ । जसले आवश्यकता र परिस्थिति अनुरूप आफ्नो भूमिका निर्वाह गरेका छन् ।

### ४.३ सारवस्तु/विचार तत्त्व

कुनै पनि निश्चित उद्देश्य अनुरूप विचार तत्त्व वा सारवस्तुलाई पूर्णता प्रदान गर्नुलाई उद्देश्य भनिन्छ । उपन्यासकारले साहित्य सिर्जना गर्दा कुनै न कुनै किसिमको उद्देश्यहरू लिने गरिन्छ । उपन्यासको सारवस्तु भनेकै गरिवी उत्पीडन, सम्प्रदायिक आतङ्क, हत्या, हिंसा, अपहरण, बलत्कार लगायत रहेको छ । उपन्यासमा यथार्थताको एउटा डरलाग्दो, खतरनाक र आपत्तिजनक पक्षलाई अनुसन्धान र वैयक्तिक अनुभवहरूको उपयोगद्वारा अनावरण गरिएको छ । नेपालीले भोग्नु परेको द्वन्द्वको पिडालाई मार्मिक रूपमा आवाज विहीन र इतिहास विहीन व्यक्तिको पीडालाई आवाज उठान गरिएको छ । देशको यथार्थ परिस्थिति अनुरूप घटनाहरूको विषयवस्तुलाई घटनाको विचारहरू व्यवहारिक रूपमा उपयोगिताको आधारलाई ध्यानमा रही वैचारिक तत्त्वहरूको आधारको प्रायोगिक रूपमा विचार तत्त्व प्रस्तुत गरिएको छ ।

भूमिगत द्वन्द्वरत सङ्गठनका कारण अनाहकमा ज्यान गुमाउनु पर्ने अवस्था, नेपालीहरूले भोग्नु परेको ज्यादती, हत्या, अपहरण हिंसा जस्ता विषयको चित्रण गरिएको  छ । जातीय तथा साम्प्रदायिक ढङ्गले ज्यान जोगाउनु मुस्किल भएको यथार्थता छ । नेपालीहरू राज्य र द्वन्द्वरत पक्षबाट रातारात घरबाट पलायन भई विदेशिनु बाध्यता छ । देशको नागरिकको भावविहिन अवस्था सरकारको सट्टा उपन्यासकारले उठान गरेका छन् । अनायिका उपन्यासमा जनयुद्धमा द्वन्द्वरत पक्ष र राज्य पक्षबाट पिल्सिएको नेपाली नागरिक जसले राज्यपक्षबाट पाउनु पर्ने हक अधिकार, सुरक्षा नपाएका कष्टकर जीवन भोग्न बाध्य नेपालीको यस उपन्यासमा अत्यास लाग्दो जीवनी र देशमा दिनहुँ घटी रहेको यथार्थ घटनाहरूको वास्तविकता एवं सत्यतालाई चित्रण गरिएको छ ।

### ४.४ परिवेश

उपयुक्त कुनै कार्य गर्नका लागि मानिसको प्रमुख कार्य वा पद्धति नै उपन्यासको परिवेश हो । परिवेश शब्दलाई पर्यावरण, देश, काल, परिस्थिति वा प्रवृत्ति जस्ता शब्दले जनाइन्छ । कुनै पनि उपन्यसकारले उपन्यास लेख्दा स्थान परिवेश र वातावरणले प्रत्यक्ष प्रभाव पार्दछ । उपन्यास लेख्दा स्थान परिवेश र वातावरणले प्रत्यक्ष प्रभाव पार्दछ । अनायिका उपन्यासमा पनि उपन्यासकारले नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म दश वर्से जनयुद्धको समयमा नेपालीले भोग्नु परेको

दमन, अन्याय, अत्याचार, राजनीतिक पक्षपोषण सहदै आउन परेको परिवेश छ। आफू जस्तो सुकै अन्याय अत्याचार परे पनि प्रतिकार गर्न नसक्ने अवस्था सिर्जना गरिएको छ। कुण्ठित, तिरस्कार र अपहेलित जीवन जीउन बाध्य पारिएको परिवेशलाई उपन्यासको प्रमुख विषयवस्तुलाई अगाडि बढाई जनमाक्स समक्ष प्रस्तुत गरिएको छ।

## ४.५ दृष्टिविन्दु

कुनै पनि उपन्यासमा सम्पूर्ण घटनाहरूलाई देखाउने दृष्टिविन्दुका रूपमा कसले कहाँ बसेर भनिरहेको छ। त्यसको वास्तविकता र आवश्यकता के छ भन्ने कुराको पहिचान दिनु नै दृष्टिविन्दु हो। उपन्यासकारले अनायिका उपन्यासमा प्रमुख पात्र माला लगायत अन्य पात्रहरूको गतिविधि घटनाहरूको बारेमा सम्पूर्ण विषयको ज्ञाता तथा प्रत्यक्ष दर्शक स्वयम् समख्यानकारलाई तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु प्रयोग गरिएको छ। अनायिका उपन्यासको दूर, दृष्टि वा दुरविन्दु भनेको नेपाली समाजको सर्वविज्ञाता हो भन्ने मूल मान्यता रहेको छ। देश, समाज, राष्ट्रलाई दूरगामी परिवेशलाई अँगालिएको छ।

## ४.६ भाषाशैली

उपन्यासको विचार वा दृष्टि प्रस्तुत गर्ने माध्यम नै भााषा हो भने शैली त्यसलाई प्रस्तुत गर्ने तरिका हो। उपन्यासलाई विशिष्ट र सरल बनाउन काम भाषा र शैलीले गर्दछ। अनायिका उपन्यासको भाषा सरल, सहज, आकर्षक छ भने शैली वर्णानात्मक रहेको छ। यो उपन्यास नेपालको भौगोलिक वातावरणमा नेपालीले भोग्नु परेको यथार्थता दु:ख, वेदना कस्ट, पिडालाई समग्ररूपमा, सरल भाषाको एवम् शब्दको रूपमा प्रस्तुत गरिएको छ। देशको शहरीक्षेत्र र गाउँठाउँको गामबेसीको ठेट शब्दहरूको आधारलाई प्रष्योग गरिएको छ। सर्वप्रथम त अनायिका उपन्यासका पात्रहरूको नाम नै स्थानिय स्तरमा लेखकको आपसको व्यक्तिहरूको स्थानलाई पूर्णता दिनुमा प्रयोग गरिएको छ। अनायिका उपन्यासमा ग्रामीण शहरी, व्यक्ति सामाजिक राजनीतिक स्तरमा बोलचालमा प्रयोगमा आउने शब्दहरूलाई भाषाको भाषिकतालाई प्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ। यस उपन्यासमा भाषाको स्तर शहरी वातावरण र ग्रामीण परिवेशको जीवन्त चित्रण प्रयोग गरिएको छ।

अनायिका उपन्यासमा सरल, मिश्रा र संयुक्त वाक्यको प्रयोग पाइन्छ। समान्यतया कला, समय र पात्रहरू बीचमा समय र परिपस्थिति अनुकुल भाषाको स्तरलाई सरलीकृत रूपमा प्रयोग

गरिएको छ । ग्रामीण स्तरमा बोलीचाली गरिने भाषा र सहरी वातावरणमा प्रयोग एवं उपयोग गरिने भाषालाई सरलीकृत रूपमा प्रस्टाइएको छ । यही सरलता एवं प्रयोगिता नै भाषाको रूपमा अध्ययन गरिएको छ जसले गर्दा उपन्यासलाई पूर्णता प्रदान गरेको छ ।

### ४.७ प्रतीक/बिम्ब

मूलतः उपन्यासमा प्रयोग गरिने वस्तु वा घटनालाई सामान्य वा सोझो अर्थमा त्यसभन्दा निकै परेको अर्थ बुझाउने प्रतीकको प्रयोग गरिन्छ भने विम्ब त्यो हो जसले कुनै पनि वस्तुको मस्तिष्कमा छाया पार्दछ । यसरी शब्दको अर्थमा छायाँ बनाउने माध्यम भनेकै भाषा हुन्छ । अनायिका उपन्यासमा पनि विभिन्न स्थान, समय र परिस्थिति अनुरूप प्रतीक र विम्बको प्रयोग गरी उपन्यासलाई सरलीकरण गरिएको छ । जसको माध्यमले उपन्यसलाई पूर्णता प्रदान गरेको छ । उपन्यासका पात्रहरू उपन्यासको विषयवस्तु यथार्थताको प्रतीक, देशको राजनीतिक अनुरूप घटाईएको घटनाक्रम सम्बन्धी जानकारी गराई यथार्थता प्रस्तुत गरिन खोजिनु, सामाजिक राजनीतिक, आर्थिक र व्यक्तिक घटनाक्रमको सत्यतथ्यलाई माव मस्तिकस्कमा प्रभावित पारी सर्वविज्ञता प्रदान गर्नु आधार भनेकै प्रतीक र बिम्ब हो । यस आधारमा अनार्यिका उपन्यासको यथार्थतालाई प्रस्ट पारिएको छ ।

### ४.८ निष्कर्ष

साहित्यकार राजेन्द्र पराजुलीका अत्यन्तै लोकप्रिय सामाजिक वैयक्तिक राजनीतिक परिवेशमा लेखिएका पाँचवटा कृतिहरूको अध्ययन तथा विश्लेषणको साहित्यिक प्रवृत्तिका आधारमा गरिएको छ । पराजुलीको तीन दशक लामो साहित्यिक यात्राका क्रममा विविध विधामा कलम चलाएका तिनवटा कथासङ्ग्रहहरू ‘विकल्पयात्रा’, ‘जाडोमा भोक’ र ‘सपनामा मार्क्स’ कथासङ्ग्रहहरूको अध्ययन तथा विश्लेषण सामाजिक यथार्थता, मनोविज्ञान, विषयगत विविधता, युगीन सचेतना, सङ्क्षिप्तता, सुन्दरताभित्रको कुरूपताको उद्घाटन, व्यङ्ग्यात्मकता, प्रायोगिकता तथा नवीनता जस्ता विविध शीर्षकमा अध्ययन गर्न सकिन्छ । त्यसैगरी राजनीतिक विषयवस्तुको प्रधानता, भाषा शैलीगत सरलता, सहजता, पात्रगत न्यूनता, पुरुष पात्र, नारी पात्रबाट शोषित हुनु जस्ता पक्षबाट पनि पराजुलीका कृतिहरूको अध्ययन गर्न सकिन्छ ।

‘भ्रष्ट संवेदना’ कवितासङ्ग्रहका कविताहरू पनि विषयवस्तुगत विविधता भाव, व्यङ्ग्यतात्मकता, भाषा शैलीगत प्रवृत्तिका आधारमा अध्ययन गर्न सकिन्छ ।

राजेन्द्र पराजुलीको 'अनायिका' उपन्यास मुलुकमा दस वर्से द्वन्द्वको समय जनयुद्धलाई मुख्य विषयवस्तु बनाएर लेखिएको यथार्थपरक सामाजिक उपन्यास हो । यस उपन्यासमा कारूणिकता, व्यङ्ग्यात्मकता, मानवतावादी स्वर, मनोविश्लेषण जस्ता विविध विशेषता महान रूपमा रहेका छन् । यसका साथै पात्रगत न्यूनता, प्राञ्जल भाषाको प्रयोग, सरलता र सहज भाषा शैलीको प्रयोग आदि 'अनायिका' उपन्यासमा रहेको छ । यसरी यस अध्यायमा पराजुलीका कृतिहरूको विश्लेषण विभिन्न दृष्टिकोणबाट भरिएको छ । यो उपन्यास कथ्य एवम् रचित मात्र नभई यथार्थपरक एवम् पारिवारिक परिवेशलाई समग्र रूपमा अध्ययन एवम् अध्यायन गराउने प्रयास गरिएको छ । देशले भोग्नु परेको प्राकृतिक सम्पदाको नष्ट र इमान्दारिता, समाज र व्यक्तिले भोगेको दुःख, पीडा, कष्ट, अमानवीय व्यवहार राज्य र विद्रोही जनसेनाबाट दिएको दोहोरो एवम् एकहोरो असमझकारीताले गर्दा पारिवारिक विचल्लीको बारेमा अध्ययन गरिएको छ ।

'अनायिका' उपन्यासको नाम कसरी रह्यो भन्ने कौतुहलता पाठक वर्गमा उठेको पाइन्छ । जब मुलुकको दस वर्से विद्रोहीको जनयुद्धको समयमा अनायिका उपन्यासकी मुख्य पात्र माला अवहरणमा पर्दछे र मालाको मृत्युलाई आत्महत्या भनेर प्रेस जगत्बाट भ्रमपूर्ण रूपमा समाचार बनाइन्छ तर वास्तविक त्यो नभई अपहरण आफ्नै पार्टीबाट भएपछि नै मृत्यु गरिएको प्रमुख कारण बन्दछ । अनायिका उपन्यासको उद्घाटन समयमा अनायिका अपहरणमा परेकोले उसको स्थान खाली हुन्छ र उपन्यास खल्लो र अधुरो एवम् अपुरो हुने हुनाले शिवकुमार प्रकाशक र लेखक राजको सल्लाह बमोजिम उक्त खाली स्थानलाई अनायिका भनेर उपन्यासलाई पूर्णता दिइएको छ । यसरी माला स्वयम् उपस्थित भएको भएमा उपन्यास मालाको रूपमा परिचित हुन सक्थ्यो तर मुख्य पात्रको विलय भएको हुनाले उसको ठाउँमा 'अनायिका' नामबाट उपन्यासको प्रारम्भ भएको छ । यस उपन्यास यथार्थपरक र नेपालको भूमिलाई प्रयोग गरी नेपाली समाजको पीडा, व्यथा एवम् कथालाई सँगालेर नेपाल र नेपालीले भोगेको दस वर्से जनयुद्ध र शान्ति सम्झौतापछिको एक वर्ष गरी एघार वर्षसम्म राज्य र विद्रोही पक्षबाट गरिएको अमानवीय व्यवहारको यथार्थता प्रस्तुत गरिएको छ । यो उपन्यास यति माग नभई अन्य पक्षमा पनि त्यत्तिकै पढ्न र बुझ्न जरूरी छ । यो उपन्यास नेपालीहरूले 'म नेपाली हुँ र गोर्खाली हुँ' भन्ने चाहना भएकाले एक पटक पढ्नु जरूरी छ र यसको यथार्थता बुझ्नु जरूरी छ ।

अध्याय : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

उपन्यासकार राजेन्द्र पराजुलीको जन्म वि.सं.२०२१ वैशाख १३ गते काठमाडौं जिल्लाको कोटेश्वरमा सामान्य किसान परिवारमा भएको हो । गुह्येश्वरी निम्न माध्यमिक विद्यालयबाट प्रारम्भिक शिक्षा आरम्भ गरेर औपचारिक अध्ययन नेपाली विषयमा एम.ए.सम्म गरेका हुन् । वि.सं.२०३८ सालमा वनस्पति विभाग खुमलटारबाट नोकरीमा प्रवेश गरेका पराजुली वि.सं.२०४४ सालमा काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल निवासी मञ्जु आचार्यसँग विवाह बन्धनमा बाँधिन पुगे । जीवनको ५१ औं वसन्त पार गरी सकेका पराजुलीको परिवार सुखमय वातावरणमा अगाडि बढिरहेको छ । परिवारमा चारै सदस्यहरू सरल, भद्र र सहयोगी भावनाका छन् । कोटेश्वरस्थित वि.सं.२०४८ सालमा अन्नपूर्ण इङ्गलीस स्कुलको स्थापना गरी करिब आठ वर्ष शिक्षण पेसामा आवद्ध भएका राजेन्द्र पराजुली वि.सं.२०५६-५७ देखि पत्रकारिता क्षेत्रमा प्रवेश गरी आफ्नो जीवन निर्वाह गर्दै आएका छन् र हाल उनी नागरिक दैनिकमा कार्यरत छन् । पराजुलीले स्वदेशका धेरै ठाउँको अवलोकन लगायत भारत, बङ्गलादेश र सिङ्गापुर आदि विदेशी मुलुकहरूको भ्रमण गरी धेरै अनुभवहरू गरेका छन् ।

साहित्यकार पराजुलीको व्यक्तित्व पारिवारिक, सामाजिक, आर्थिक तथा विभिन्न परिस्थितिले निर्माण गर्दै जीवन बिताईरहेका छन् । राजेन्द्र पराजुलीको अभावपूर्ण बाल्यकालमा गर्नु परेको कार्य, अनुभव, संस्थागत सङ्लग्नता एवम् जीवन सङ्घर्षको समग्रताबाट सार्वजनिक व्यक्तित्वको निर्माण हुन सकेको छ । बहुआयमिक सरल व्यक्तित्वका धनी पराजुलीको औपन्यासिक व्यक्तित्वलाई यस शोधकार्यमा साहित्यिक व्यक्तित्व धनी पराजुलीको औपन्यासिक व्यक्तित्वलाई यस शोधकार्यमा साहित्यिक व्यक्तित्व र गैरसाहित्यिक व्यक्तित्व गरी दुई भागमा विभाजन गरी अध्ययन गर्ने प्रयास गरिएको छ । राजेन्द्र पराजुलीको व्यक्तित्वमाथि प्रकाशन गर्न यस शोधपत्रमा विभिन्न उपशीर्षक निर्धारण गरिएको छ । साहित्यिक व्यक्तित्वअन्तर्गत कथाकार, उपन्यासकार, समालोचक, सम्पादक, कवि व्यक्तित्वको चर्चा गरिएको छ । शारीरिक तथा निजी व्यक्तित्व शिक्षक, समाजसेवी उद्घोषक, पत्रकार आदि अन्य व्यक्तित्वलाई साहित्येतर व्यक्तित्वअन्तर्गत रही समेटिएको  छ । पराजुलीको बहुआयामिक व्यक्तित्वको पक्षलाई समन्वित गरेर उनको व्यक्तित्वको समग्र मूल्याङ्कन र अध्ययन

गर्दा समाजमा, राष्ट्रमा उनको ख्याति बढ्दै गएको छ । पराजुलीको कार्य क्षमता, संलग्नता र लगनशीलताले उनको व्यक्तित्वको निर्माणमा थप हौसला एवम् साहस प्रदान गरेको छ ।

सर्वप्रथम शिक्षण पेसामा लागेका पराजुली शिक्षण पेसाबाट अलग्गिएर टि.भि. तथा रेडियोमा, साहित्यक तथा गैरसाहित्यिक कार्यक्रम प्रस्तोता बन्न पुगको पराजुलीपछि उद्घोषकको काम छाडेर पत्रकारिता क्षेत्रमा प्रवेश गर्दछन् । पत्रकारिता र साहित्य क्षेत्रमा लागेर सामाजिक व्यक्तित्वका रूपमा आफ्नो स्थान उच्च राख्दछन् । समाजमा शिक्षाको विकासका लागि पराजुलीले वि.सं.२०३७ सालमा आफ्नो लगानीमा घरमै देउराली पुस्तकालयको स्थापना गरे जसमा एक हजारभन्दा बढी पुस्तक पुस्तकालयमा राखेको बताउँदछन् । पराजुलीले शिक्षा क्षेत्रको विकासका लागि गरेको यो एउटा कार्य सराहनीय  छ । त्यसैगरी पराजुलीले मङ्गल पुस्तकालयमा आबद्ध भएर वि.सं.२०४८ सालमा अन्नपूर्ण स्कुलको स्थापना गरेर समाजमा शिक्षाको ज्योति फैलाउने काम गरेका छन् । जुनसुकै परिस्थितिमा पनि सामाजिक कार्यमा अग्रसर राजेन्द्र पराजुलीले स्थापना गरेको स्कुल अहिलेसम्म यथावत छ, सञ्चालनमा रहिरहेको छ र उक्त क्षेत्रलाई शिक्षित तुल्याउने कार्य सक्षम साथ गरिरहेको छ ।

साहित्य, उपन्यास, कथा, कविता, विभिन्न लेख, समालोचना तथा सम्पादन आदि क्षेत्रमा कलम चलाएका राजेन्द्र पराजुलीको मूल्याङ्कन गर्नु पर्दा बहुसाहित्यिक व्यक्तित्वका रूपमा लिन सकिन्छ । नेपाली साहित्य आकाशमा राजेन्द्र पराजुलीले आफ्नै छुटै स्थान बनाउन सफल भएका छन् । नेपाली साहित्यमा कुनै पनि साहित्यकारको स्थानको निर्धारण उसको कृतिगत सङ्ख्याको आधारमा नभई कृतिको गुणात्मकताको आधारमा निर्धारण गरिन्छ । साहित्यिक कृति र गुणका आधारमा साहित्यिक व्यक्तित्वको निर्धारण हुने हुँदा कृतिगत गुणात्मकता उच्च हुनु जरूरी देखिन्छ । साहित्यकार राजेन्द्र पराजुलीका कृतिहरू पनि सङ्ख्यात्मक रूपमा नभई गुणात्मक रूपमा उत्कृष्ट र उच्च कोटीमा छन् ।

यस शोध पत्रको दोस्रो अध्यायमा पराजुलीको साहित्यिक यात्रा, विधागत प्रवृत्तिहरूको निरूपण गर्नुको साथै कृतिहरूको विधागत आधारमा वर्गीकरण गरिएको छ । वि.सं.२०३९ सालमा प्रथम पटक नयाँ सन्देश, साप्ताहिकमा प्रकाशित श्रद्धाञ्जली 'कथा र खण्डहर घर' कविताको प्रकाशनसँगै पराजुलीको औपन्यासिक साहित्यिक यात्राको सुरुवात हुन्छ । यो साहित्यिक यात्रा हालसम्म पनि जारी छ । नेपाली साहित्यको पछिल्लो मोड अर्थात् समसामयिक धारामा कलम चलाउने पराजुली वि.सं.२०३९ देखि साहित्य क्षेत्रमा सार्वजनिक रूपमा प्रवेश गरेका हुन् ।

साहित्यकार पराजुलीको तीन दशक लामो साहित्यिक यात्रालाई पूर्वाद्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । वि.सं.२०३९ देखि वि.सं.२०६१ सालसम्मको समयावधिलाई पूवार्द्ध चरण मानिएको छ । यस समयमा पराजुलीको दुईवटा मौलिक र दुईवटा सहलेखन गरी चारवटा कृतिहरू प्रकाशन भएका छन् । 'विकल्प यात्रा' (वि.सं.२०५०) कथासङ्ग्रह, 'संवेदना' ( वि.सं.२०५१) कवितासङ्ग्रह मौलिक कृति हो भने 'तीन आँखाको मान्छे' (वि.सं.२०५०) र 'जिन्दावाद-मुर्दावाद' (वि.सं.२०४७) कवितासङ्ग्रह सहलेखन हुन् । राजेन्द्र पराजुली एउटा परिश्रमिक योग्य र साहसी व्यक्ति हुन् । उनको जन्म पनि मध्यम वर्गीय परिवारमा भएकाले यस पूर्वाद्ध चरणमा कथाहरूमा विशेष गरी मध्यम वर्गीय नेपाली जनताका देखिएका पारिवारिक समस्या, यौनकुण्ठा, सामाजिक, राजनीतिक विकृति-विसङ्गती आदिलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यसैगरी यस चरणका कविताहरूमा पनि मानवीय संवेदनाहीनता, राजनीतिक विकृति-विसङ्गति, राष्ट्र भावना, जनप्रियता आदि विविध पक्षलाई कलात्मक रूपमा स्पष्ट तवरमा प्रस्तुत गरिएको छ । वि.सं.२०६१ देखि हालसम्मको समयावधिलाई उत्तरार्द्ध चरण हो । यस चरणमा साहित्य सिर्जनाको दृष्टिले उर्वर रहेको छ । यस चरणमा दुई कथासङ्ग्रह 'जाडोमा भोक' (वि.सं.२०६२), 'सपनामा मार्क्स' (वि.सं.२०६८) र 'अनायिका' (वि.सं.२०६३) उपन्यास र 'गोष्ट राईटर' (वि.सं.२०७२), प्रकाशन भएका हुन् साथै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यस चरणका पराजुलीका रचनाहरूमा राजनीतिक विषयको प्रवेश भएको छ जुन सत्य तथ्य र यथार्थपरक रूपमा प्रस्तुत गरिएको छ । जो कोही अध्ययन गर्ने अध्ययन कर्ताले मानिसको जीवन जिउने आधारहरूको बारेमा प्रष्ट रहने छन् । साहित्यकार राजेन्द्र पराजुलीका कृतिहरूको विधागत वर्गीकरण कथा, कविता र उपन्यास गरी तीन विधामा अध्ययन गरिएको छ । कथा विधामा पराजुलीको रूचिपूर्ण र उर्वर विधाको रूपमा रहेको छ । 'विकल्प यात्रा' 'जाडोमा भोक', 'सपनामा मार्क्स' र फुटकर कथाहरूमा 'गोष्ट राईटर' पराकम्प र बयान गरी पराजुलीको कवितात्मक कृति हो । साहित्यका विविध विधामा कलम चलाए तापनि पराजुली विशेष गरी आख्यान विधामा पोख्त छन् । उपन्यासिक कृतिमा पराजुलीको एउटा मात्र उपन्यास 'अनायिका' हो । यस उपन्यासले समग्र नेपाली मन मस्तिष्कलाई नेपालीले भोग्नु परेको पीडा वेदनालाई राज्य र विद्रोही पक्षको दमित, शोषित र अबुझ प्रवृत्तिलाई सरल रूपमा अध्ययन गराउने कृतिको रूपमा तयार पारिएको छ ।

यस शोधपत्रको चौंथो अध्यायमा पराजुलीको साहित्यिक कृतिहरूको विश्लेषण गरिएको छ । पराजुलीका पाँचवटा पुस्तक एवम् साहित्यिक कृतिहरूको विश्लेषण पराजुलीको विधागत साहित्यिक प्रवृत्तिको आधारमा गरिएको छ । पराजुलीको कथासङ्ग्रह (विकल्प यात्रा, जाडोमा भोक, सपनामा

मार्क्स र फुटकर गोष्ट राईटर, पराकम्प र बयान) को विश्लेषण सामाजिक यथार्थता, मनोविज्ञान, सुन्दरताभित्रको कुरूपताको उद्घाटन, विषयवस्तुगत विविधता, व्यङ्ग्यतात्मकता, दुःखान्तता, प्रयोगिकता तथा नवीनता, युगीन सचेतना र सङ्क्षिप्तता आदि प्रवृत्तिको आधारमा विश्लेषण गरिएको छ । 'भ्रष्ट संवदेना' कवितासङ्ग्रहको विश्लेषण पनि पराजुलीको कवितात्मक प्रवृत्रिहरू विषयवस्तु भाव, भाषाशैली व्यङ्ग्यात्मकता, प्रतीक योजनाका आधारमा गरिएको छ । यस शोधपत्रमा 'अनायिका' उपन्यासको विश्लेषण पराजुलीको औपन्यासिक प्रवृत्तिहरू सामाजिक यथार्थता, मनोविज्ञान, कारूणिकता, मानवतावादी-जीवनवादीता, व्यङ्ग्यात्मकताका आधारमा सामाजिक परिवेशलाई सहज र सरलीकृत रूपमा अध्ययन गर्न प्रेरित गर्दछ जुन यथार्थ र सत्य तथ्य घटनामा आधारित छ । देशको विषम परिवेश र प्रवृत्तिको मानवीय व्यवहार र आचरणलाई सुधार गर्न प्रेरित गरेको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको परिपूर्तिका निम्ति अर्थात् शैक्षणिक प्रयोजनका निम्ति तयार मारिएकाले विश्वविद्यालयको शोधपत्र नियमानुसार तयार गरिएको छ । यो शोधपत्र नेपाली साहित्य आकाशमा आफ्नो नाम स्थापित गर्न सफल साहित्यकार राजेन्द्र पराजुलीको 'अनायिका' उपन्यासको विधातात्त्विक अध्ययन हो । यस विधामा पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्त्वको समग्र अध्ययन, कृतिको चर्चा, परिचर्चाको विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

जीवनको ५१ औं वसन्त पार गरी सकेका उपन्यासकार पराजुलीको जन्मदेखि बाल्यकाल, शिक्षादीक्षा, आर्थिक अवस्था, दाम्पत्य जीवन आदिको बारेमा चर्चा गरिएको छ । मानव जीवनका आरोहा-अवरोह, कार्य अनुभव आदिबाट पराजुलीको बहुआयामिक व्यक्तित्वको सुरुवात भएको छ । बहुआयायिमक व्यक्तित्वका धनी पराजुलीको सबैभन्दा उर्वर साहित्यकार एवम् सामाजिक यथार्थपरक व्यक्तित्वको रूपमा परिचित छन् । साहित्य केवल काल्पनिक नभई यथार्थपरक समय परिवेश अनुरूप सिर्जना गरिएका छन् ।

राजेन्द्र पराजुलीले नेपाली साहित्यमा प्रवेश गरी साहित्यका विविध विधामा कलम चलाएर उत्तिकै सफलता हात पारे तापनि कविता विधालाई आख्यान विधाले ओझेलमा पारेको देखिन्छ । कथा, कविता, उपन्यास, समालोचना आदि विविध विधामा आफूलाई निखार्दै लगेका पराजुली समकालीन साहित्यकारहरूका भीड र प्रतिस्पर्धामा पनि आफूलाई सक्षम र जिम्मेवार साहित्यकारको स्थानमा राख्न सफल भएका छन् । यसरी पराजुलीका कृतिलाई बहुमूल्यतमा रहेको पाउन सकिन्छ ।

साहित्यलेखन विशेष गरी आख्यान विधामा पोखिएका पराजुली समसामयिक जीवनका यथार्थलाई आफ्ना रचना वा कृतिमा सरलीकृत रूपमा प्रस्तुत गर्ने यथार्थवादी साहित्यकार हुन् । पराजुलीका रचना वा कृतिमा समाजमा हेपिएका, ठगिएका, शोषित, पीडित वर्गहरूको प्रतिनिधित्व भएको पाइन्छ । निम्न र मध्यम वर्गीय ग्रामीण र सहरी समाजको जीवन्त चित्रण पराजुलीका कृति एवम् रचनाहरूमा पाइन्छ । त्यसैगरी कथ्य भाषाको प्रयोग न्यून भए तापनि सरल सहज भाषा शैलीको प्रयोगले गर्दा सबै पाठकहरूका लागि उनका रचना बोधगम्य बन्न पुगेको छन् । आफ्नो कृति वा रचनामा कम भन्दा कम पात्रको प्रयोग गर्नु उनको मौलिक प्रवृत्ति हो । वैयक्तिक, सामाजिक, राजनीतिक, विकृति, विसङ्गति युद्ध द्वन्द्वले जन्माएका दुरावस्था, यान्त्रिक जीवनले निम्त्याएका परिणाम, मान्छेका अविवेकी र स्वार्थी मनोवृत्तिप्रति व्यङ्ग्य गर्दै समसामायिक यथार्थको जानकारी, मानवीयता, राष्ट्रियता र मातृत्वको सन्देश प्रवाह गरेको छ ।

साहित्य लेखनको दशक लामो साहित्यिक यात्रा पार गरिसकेका पराजुलीले कथा, कविता, उपन्यास, सम्पादनका माध्यमबाट नेपाली साहित्यका फाँटमा पुऱ्याएको योगदान अविस्मरणीय र महत्त्वपूर्ण छ । आजको प्रतिस्पर्धात्मक साहित्यक युगमा पनि पराजुली एक सफल साहित्यकारका रूपमा स्थापित एवम् परिचित छन् । नेपाली साहित्यमा समसामायिक जीवनका विडम्वनाहरूलाई सरल र सहज भाषाका माध्यमबाट पाठकहरू समक्ष जीवन्त र कलात्मक रूपमा प्रस्तुत गर्नु पराजुलीको गुणात्मक महान योगदान हो । पराजुलीले यसैगरी विभिन्न विधामा कलम चलाएर नेपाली साहित्य जगत्मा उच्च स्तरीय साहित्यिक कृति वा रचनाहरू हस्तान्तरण गर्नु उनको परिमाणात्मक योगदानको मूल्याङ्कन गर्न सकिन्छ । लामो समयदेखि आजसम्म पनि साहित्य सिर्जनामा तल्लीन साधक पराजुलीबाट नेपाली साहित्यले आउँदा दिनहरूमा पनि साहित्यिक सिर्जनाहरू पुस्तकाकार कृतिहरू पाउने छ । यसैगरी नेपाली साहित्य सिर्जनाले नेपाली साहित्यमा मन, वचन र कर्मले समर्पित पराजुली नेपाली साहित्याकाशमा एक सफल स्रष्टाका रूपमा देखा परेका छन् र नेपाली साहित्यले पराजुलीलाई कहिल्यै भुल्ने छैन । उनको कृति एवम् रचनामा एउटा मात्र अनायिका उपन्यास विशुद्ध समाज सेवामा समर्पित छ । नेपाल र नेपालीले भोग्नु परेको पीडा जनमानसले भोग्नु परेको दुःख र कष्टको भोगाईलाई यथार्थपरक रूपमा प्रस्तुतीकरण गरी सरल र सहज भाषाको जनसेवक उपन्यासकारको रूपमा चिन्न सकिन्छ । यसरी अनायिका उपन्यासको मानवतावादी, यथार्थवादी दृष्टिकोणको अध्ययन एवम् विश्लेषण गरिएको छ ।

### ५.३ भावी कार्यको सम्भावना

नेपाली साहित्याकाशमा सफल साहित्यकार एवम् उपन्यासकार राजेन्द्र पराजुलीको यस शोध पत्रमा समष्टिगत अध्ययन भएको छ । पराजुलीको बारेमा अझै सूक्ष्म, गहन र विस्तृत अध्ययनका लागि सम्भावनाहरू विद्यमान रहेका छन् । सहनशील स्वभाव, नम्रता, मिठास सरल मान्छेको रूपमा पराजुलीलाई लिन सकिन्छ । समाजको वास्तविकतालाई पूर्ण रूपमा अध्ययन गरी गहन रूपमा प्रस्तुतीकरण पेस गरी वर्तमान, भूत र भविष्यको बारेमा यथार्थ चित्रण गरी व्याख्या गरिएको छ जुन बृहत् रूपमा खोजिनीति गरी अध्ययन गराउन प्रेरित गरिएको छ । तसर्थ उनका बारेमा अध्ययन गर्न सकिने सम्भाव्य निम्न शीर्षकहरू निम्नअनुसार प्रस्तुत हुन सक्छन् :

(क) यथार्थपरक वा यथार्थवादी दृष्टिकोणबाट राजेन्द्र पराजुलीका कृतिपरक रचनाका कथाहरूको अध्ययन र विश्लेषण

(ख) समसामयिक दृष्टिबाट 'भ्रष्ट संवेदना' कवितासङ्ग्रहको अध्ययन

(ग) राजनीतिक कथाहरूको सङ्गालो 'सपनामा मार्क्स' को अध्ययन

(घ) प्रवचन वाचन गर्ने प्रवचकको कथा सङ्ग्रह 'गोष्ट राईटर' 'म गोष्ट राईटर हुँ' आदि । यसपछि 'प्राकम्पन' र 'बयान' जस्ता फुटकर कथाहरू रचेको पाइन्छ । जसको वृत्तान्त अध्ययन गरिनु पर्दछ ।

# सन्दर्भ सामग्री सूची


उपाध्याय, केशवप्रसाद (२०४९), **'अनायिका',** (पाँ.सं.) काठमाडौं : साहित्य प्रकाशन ।

ढकाल, विप्लव (२०६५), **'अनायिका भित्र डुबुल्की मार्दा',** गरिमा : (वर्ष २५, अङ्क ७) पृष्ठ ६६-७१ ।

पराजुली, राजेन्द्र (२०५०), **'विकल्पयात्रा',** कोटेश्वर : सर्जक र सिर्जना प्रकाशन ।

................ (२०६२), **'जाडोमा भोक',** कोटेश्वर : सर्जक र सिर्जना प्रकाशन ।

................ (२०६३), **'अनायिका'**, ललितपुर : साझा प्रकाशन ।

................ (२०६८), **'सपनामा मार्क्स',** ललितपुर : साझा प्रकाशन ।

................ (२०६७), **'जिरी माओवादी केटी र अनायिका',** नागरिक (वर्ष २, अङ्क १६२) ।

................ (२०६९), **'शुक्रराज शास्त्रीको चश्मा',** नागरिक १३ जेष्ठ ।

................ (२०७२), **'गोष्ट राईटर',** नागरिक, पृष्ठ ११, १२ वैशाख ।

................ (२०७२), **'प्राकम्पन र बयान',** नागरिक दैनिक ।

पराजुली, शारदा (२०६७), **'विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा उपन्यासमा मानवतावाद',** गरिमा : (वर्ष अङ्क पूर्णाङ्क) पृष्ठ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **'नेपाली उपन्यास र उपन्यासकार',** चौंथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), **'उपन्यास सिद्धान्त र नेपाली उपन्यास',** ते.सं., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्द र विष्णु बि.भू.(२०६३), **'द्वन्द्व र द्वन्द्वका कथा',** काठमाडौं प्रकाशन ।

राकेश, रामदयाल (२०६५), **'मानव अधिकारवादी उपन्यास अनायिका'**, गरिमा : (वर्ष २६, अङ्क

१०, पूर्णाङ्क ३१०) ।

सिलवाल, अशोक (२०५४), **'द्वन्द्व र दर्शन बोल्ने अनायिका'**, राजधानी (वर्ष ६, अङ्क ३३१) पृष्ठ ७ ।

सुवेदी, राजेन्द्र (२०६४), **'नेपाली उपन्यास परम्परा र प्रवृत्ति'**, दोस्रो संस्करण ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६९), **'समसामयिक नेपाली उपन्यासको अध्ययन'**, किताबमा (पृष्ठ १३४-१४५) ।

## परिशिष्ट : क

**शोधनायकसँग अन्तर्वार्ता**

**राजेन्द्र पराजुलीसँग लिइएको अन्तर्वार्ता**

१. **हालसम्म तपाईंको कुन-कुन साहित्यिक कृतिहरूमा तपाईंको अनुमतिमा शोधपत्र तयार भएको होला जस्तो लाग्छ ? र ती के-के हुन् ?**

o हालसम्म मेरो दुईवटा साहित्यिक कृतिहरू 'जीवनी व्यक्तित्व र कृति व, अनि 'जाडोमा भोक' कथाको शोधपत्र मेरै रोहबरमा मेरै स्व-इच्छाले म सँगै रही तयार गरिएको हो र तेस्रो शोध पत्र तपाईंबाट यस 'अनायिका' उपन्यासमा गर्नु हुँदैछ । यदि मेरो अनुमति बेगर अरु साहित्यिक कृतिमा भएको शोध पत्र मलाई जानकारीमा छैन । भनिन्छ, कुनै शोधकर्ताले प्रत्यक्ष अनुमति बेगर पनि शोधपत्र लेखिन्छ भन्ने सुनिन्छ, त्यो कुनै पनि कविता, कथा र उपन्यास सङ्ग्रह कर्तालाई मान्य हुने छैन किनकी प्रत्यक्ष रूपमा अनुमति लिनुपर्दछ भन्ने मेरो धारणा हो ।

२. **साहित्य भनेको के हो र कस्तो खालको हुनुपर्छ ?**

o साहित्य भनेको यस्तै हुनुपर्छ भन्नु होइन । हाम्रो आसपासमा वरिपरिका घटना-परिघटनाको कलात्मक बयान र यथार्थ नै साहित्य हो । समाजमा रहेका विसङ्गति, विडम्बना, थिचोमिचो विविध सांस्कृतिक पक्ष तथा चिनारीकृत वर्गका पीडा वा वेदनालाई साहित्यमा उठाउनु आवश्यक छ । साहित्यमा कसैको सफलता वा सुखले भन्दा मान्छेलाई असफलता तथा दुःखले छुने हुनाले साहित्यमा यसै विषय आँट्ने गर्दछन् ।

३. **दर्शन, साहित्य र जीवनको सम्बन्ध कसरी गाँसिएका छन् ?**

o मेरो बुझाईमा कोरा दर्शन साहित्य होइन तर साहित्य र जीवन भने एकदम नजिक छन । जीवनमा मान्छेको उपस्थित नभएको साहित्यको कुनै पनि अर्थ छैन । मेरो साहित्य मान्छे-मान्छेको बीचको सम्बन्ध हुन्छ जसमा दर्शन कहीँ कतै हल्का रूपमा आउँछ तर म आफ्नो लेखनीमा तिनको प्राथनताहरू हुन दिन्न किनकी मान्छे नउभिएको साहित्य प्रलाय मात्रै हो ।

४. **तपाईंलाई जीवनमा साहित्यिक व्यक्तित्व बनुँला जस्तो लागेको थियो ?**

o सानो छँदा, पाइलट, गायक, सङ्गीतकार, गीतकार, डाक्टर, खेलाडी सबै जे जस्तो देख्यो त्यही राम्रो र त्यही नै बन्नुपर्छ जस्तो लाग्थ्यो तर त्यो विचार र मन्थनमा सीमित रह्यो र अहिले साहित्यिक व्यक्तित्व बन्न पुगेको हुँ ।

५. **साहित्यिक रचनाहरूमा नारी पात्रबाट पुरुष पात्र (जस्तैः विकल्प यात्रामा श्रीमान्-श्रीमती उमा, शङ्कर, अनायिकामा अनुप आदि) पीडित छन् किन ?**

o हाम्रो नेपाली समाजमा कुनै पनि महिलाले पुरुषद्वारा प्रताडित भएँ भन्दा समाजले पत्याउँछ र उक्त नारीप्रति सद्भाव दर्शाउँछ र आँसु पुछी दिन्छन् तर कुनै पुरुषले महिलाद्वारा प्रताडित भए भन्यो भने समाज जगत् हाँसेर टार्दछन् । मेरा आफ्ना रचनामा महिलाद्वारा पुरुष नराम्ररी नै प्रताडित भएको छ विशेषगरी सहरी क्षेत्रमा जुन हाम्रो समाजको एउटा पाटो हो ।

६. **अनायिका उपन्यासमा आएकी 'सु' के तपाईंको जीवनमा वास्तविक माया गरेकी र आएकी नारी हो ?**

o विगतको जीवनको भूतपूर्व कुरा हो यो । मेरो जीवनमा खासै यही भनेर भन्नु पर्ने कोही छैन ।

७. **तपाईंको साहित्य लेखनमा के र कोबाट प्रभावित हुनु भयो ?**

o जीवनको गोरेटोमा अभावपूर्ण, बाल्यकाल, सामाजिक थिचोमिचो, राजनीतिक विसङ्गति र विशृङ्खलताले साहित्य लेखनका प्रभाव पार्नुका साथै मेरो जेठो दाजु महेश, आमाबुबा र श्रीमतीबाट प्रेरणा पाई साहित्य सिर्जना तर्फ लागियो ।

८. **नोकरीमा प्रवेश कहिलेदेखि सुरु गर्नु भयो ?**

o वि.सं.२०३८ सालमा दशम कक्षा उत्तीर्ण गरेपछि प्रवेश गरेको हुँ । विभिन्न पेसामा आवद्धलाई हाल नागरिक दैनिकको सम्पादनमा कार्यरत छु ।

९. **आफूलाई कस्तो स्वभावको व्यक्ति भन्न रूचाउनु हुन्छ ? कृपया प्रष्ट पार्नु होला ।**

o आफूलाई मैले अन्तर्मुखी स्वभाव भएका र अरुलाई छिट्टै विश्वास गर्ने सहयोगी भावना भई सहयोग गर्ने व्यक्ति हुँ भन्न सक्दछु ।

१०. **तपाईंको जन्म कहिले र परिवारमा के-कति सदस्यहरू हुनुहुन्छ,**

o मेरो जन्म वि.सं.२०२१ साल वैशाख १३ गते कोटेश्वर-३५ काठमाडौंमा भएको हो । मेरो परिवारमा दुई सन्तान एक छोरा र एक छोरी छन् तर अहिले एक बुहारी थपिँदा जम्मा पाँचजनाको परिवार छ । मेरो विवाह वि.सं.२०४४ सालमा मञ्जु आचार्यसँग भएको हो ।

११. **अन्त्यमा, यहाँको विचारमा जीवन के हो जस्तो लाग्छ** ?

o जीवन एक प्रकृति प्रदत्त सुन्दर वस्तु हो । यस जीवनको जति सक्यो सदुपयोग गर्नुपर्दछ । यही सुख, दूःख र पीडाहरूका सङ्गम नै प्रथम तथा अन्तिम जीवन हो ।

१२. **'अनायिका' उपन्यास कसरी र किन सिर्जना गर्नु भयो** ?

o अनायिका उपन्यास नेपालको परिप्रेक्ष्यमा नेपालीले भोगेको अन्जान र अज्ञानतालाई चरम फाईदा उठाउने जन्ने बुझाउँदाहरूको जालामा फसेका दुःखित, उत्पीडित, दमित मानिसहरूको अन्यायको बारेमा तयार गरेको हुँ । यसमा आएका पात्रहरू मेरै आफ्नै नजिकको वरपरका पीडित पक्षलाई अँगालेर तयार गरेको छु । यो उपन्यास सिर्जना गर्नुको मुख्य उद्देश्य भनेको शोषित दमित र उत्पीडित व्यक्तिको मुक्तिको लागि तयार गरेको हुँ । नेपालको दस वर्से जनयुद्धको द्वन्द्वको मारमा परेका र शान्ति सम्झौतापछिको एक वर्ष गरी एघार वर्षसम्म राज्य र विद्रोही पक्षका जनसेनाले दिएको अन्याय, अत्याचार र अमानवीय व्यवहारलाई यथार्थ रूपमा देखाउने प्रयास गरेको छु । यस एघार वर्षको समयमा नेपाली भू-भाग पूर्वदेखि पश्चिमसम्म प्रत्यक्ष मारमा परेको छ । कयौं मानिसको ज्यान गयो, कयौं मानिस बेपत्ता छन् । कयौं विदेश पलायन भएका छन्, कयौं अपाङ्ग, अशक्त र कयौंको सिन्दुर पुछिएको छ । कयौं अनाथ, असाहय छन् यी सबैको पीडालाई मेरा आँखाले प्रत्यक्ष देखेको हुनाले यी उपन्यासको सिर्जना गर्न पुगको हुँ । यसलाई बृहत् रूपमा परिचयात्मक रूपमा जनमानसमा पुऱ्याउनु जरूरी छ । यसको लागि शोध पत्र तयार गर्नु लाग्नु भएको रहेछ म पूर्ण रूपमा आभारी हुँदै धन्यवाद दिन चाहन्छु ।

# परिशिष्ट : ख

## श्रीमती मञ्जु आचार्यसँग अन्तर्वार्ता

१. **हजुरको दाम्पत्य जीवन कसरी अगाडि बढिरहेको छ ?**

o हाम्रो दाम्पत्य जीवन सरल र समझदारीका साथ बितेको छ । हामी दुवै खुसी छौं । हाम्रा दुई सन्तान छोराछोरी साथ छन् र हाल बुहारी भित्रिएकाले पाँच सन्तान छौं (सानो परिवार सुखी परिवारको उदाहरणको रूपमा छौं ।)

२. **सरको कस्तो बानी व्यवहार छ ?**

o कम बोल्ने, सरल र मिठास स्वभावका कहिल्यै नरिसाउने व्यक्तित्व हुनुहुन्छ । उहाँको मन नपर्ने कुरामा रिसाउनु भयो भने नराम्रो गरी रिसाउनु हुन्छ । भनिन्छ, 'सोझो मानिसलाई रिस उठ्दैन, रिस उठेपछि केही देख्दा पनि देख्दैन' त्यस्तै स्वभावको हुनुहुन्छ तर रिस कमै उठ्छ ।

३. **हजुरलाई सरको मन नपर्ने बानी के लाग्दछ ?**

o उहाँको मन नपर्ने बानी त्यस्तो खासै नभए तापनि खर्च बढी गर्ने बानी छ । त्यो आवश्यकताभन्दा बाहिर छ, त्यसलाई कम गर्ने सल्लाह दिन्छु र समझदारीमा आई व्यवहारिक हुन्छ ।

४. **सरले घरपरिवारलाई समय कत्तिको दिनुहुन्छ ?**

o अफिसको व्यस्तता, साहित्यलेखन, रचना र सिर्जनाले गर्दा पहिलाभन्दा अहिले बढी समय दिई समयको महत्त्वलाई बुझी दिनुहुन्छ ।

५. **सरको साहित्यिक यात्रा कस्तो लाग्छ ?**

o उहाँको साहित्यिक यात्रामा शुद्ध सामाजिक परिवेशमा मान्छे-मान्छेको जीवनमा आउने दुःख, कष्ट, पीडा र व्यथाहरूको यथार्थ चित्रण पाइन्छ ।

६. **हजुरसँग शोधपत्र तयार गर्नु छ, केही प्रश्न सोध्नु छ भनेर म जस्तो कतिजना शोधार्थी आउनु भएको छ ?**

o हालसम्म दुईजना आउनु भएको र अहिले तपाईंसँग तीन जना बन्नु भयो । त्यसबाहेक मलाई सरको बारेमा सोध्ने कोही पनि आएका छैनन् र मेरो अन्तर्वार्ता लिनु भएको छैन ।